सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ चैत २०७९, मंगलबार (21 March 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३३१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

प्रधानमन्त्री अनुमोदन, मन्त्रिपरिषद् विस्तार कठिन

■ गठबन्धनमा रहेका दलहरूको मन्त्रालयभन्दा दाबी धेरै

कमलराज भट्ट, प्रेम गौतम, केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दोस्रोपटक संसद्मा विश्वासको मत प्राप्त गरेका छन् । सोमबार प्रतिनिधिसभामा भएको मतदानमा उपस्थित २६२ मध्ये १७२ सांसदले उनलाई समर्थन गरे । यो संख्या ६५.६४% मत प्राप्त हो । एमाले र राप्रपा विपक्षमा उभिए भने नेमकिपा तटस्थ बस्यो ।

विश्वासको मत पाएलगत्तै प्रधानमन्त्री प्रचण्डले सदनमा भने, 'मंगलबारबाट सरकारलाई पूर्णता दिने काम सुरु हुन्छ । दुई-चार दिनभित्र सबै टुंग्याउने अनि काम गर्ने विचार छ । अब आरामसँग सरकार चल्छ । विकास निर्माणको कामले गति लिन्छ ।'

विश्वासको मत लिँदा नेताहरूबीच घोचपेच

तर, मन्त्रिपरिषद् विस्तार सहज भने छैन । सरकारलाई विश्वासको मत दिने दलहरूको संख्या धेरै हुनु तथा उनीहरूबाट धेरै र शक्तिशाली मन्त्रालयमा दाबी भएकाले मन्त्रिपरिषद् विस्तारमा सकस हुने देखिएको छ ।

२५ मन्त्रालयमा गठबन्धनको ठूलो दल कांग्रेसले नौ, सरकारको नेतृत्व गरेको माओवादीले प्रधानमन्त्रीसहित पाँच, एकीकृत समाजवादी र जसपाले तीन-तीन, लोसपा र जनमतले दुई-दुई, नेपाल समाजवादी पार्टी र आमजनता पार्टीले एक-एक मन्त्रालय दाबी गरेका छन् ।

रास्वपाले सरकारमा जाने-नजाने निर्णय लिएको छैन । नागरिक उन्मुक्तिले रेशम चौधरी रिहाइलगायतका माग पूरा भएपछि मात्रै सरकारमा जाने बताएको छ । जनमोर्चाले सरकारमा नजाने निर्णय लिएको छ ।

गठबन्धनको सुनिश्चितताका लागि लचक

» पृष्ठ ११ मा क्रमशः



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

प्रधानमन्त्रीलाई ६५.६४% मत

प्रधानमन्त्री प्रचण्डलाई कांग्रेसका ८५, माओवादीका ३१, रास्वपाका १९, जसपा र एकीकृत समाजवादीका १०-१०, जनमतका ६, लोसपा र नागरिक उन्मुक्तिका चार-चार, जनमोर्चा र आमजनता पार्टीका एक-एक सांसद तथा स्वतन्त्र अमरेश सिंहले विश्वासको मत दिए । कांग्रेसका चन्द्र भण्डारी र मनोरमा शेरचन, माओवादीका वर्षमान पुन र स्वतन्त्र सांसद योगेन्द्र मण्डल पनि अनुपस्थित रहे । विपक्षमा एमालेका ७६ र राप्रपाका १३ गरी ८९ सांसदले मतदान गरे । नेमकिपामा प्रेम सुवाल तटस्थ बसे । सभामुख देवराज घिमिरे मतदानमा सहभागी भएनन् ।

प्रधानमन्त्रीसहित पाँच मन्त्रालयमा माओवादीको दाबी, अर्थ वा गृहमा पनि अडान

सरकारको नेतृत्व गरिरहेको माओवादीले गृह वा अर्थ मन्त्रालयमा पनि दाबी गरेको छ । यी मन्त्रालय हुँदा प्रधानमन्त्रीलाई काम गर्न सहज हुने उसको बुझाइ छ । यसबाहेक थप तीन मन्त्रालयमा उसको जोड छ । प्रधानमन्त्रीलाई कार्यसम्पादनमा सजिलो हुने गरी मन्त्रिपरिषद् विस्तारमा माओवादीको चासो छ ।

कांग्रेसको दाबी नौ मन्त्रालयमा

यसअघि एमालेले लिएका मन्त्रालय र अन्य एक मन्त्रालय माग

अर्थ, परराष्ट्र, भूमि व्यवस्था, कृषि, स्वास्थ्य, रक्षा, सहकारी तथा गरिबी निवारण, महिला, बालबालिका र उद्योग मन्त्रालयमा कांग्रेसको दाबी छ । नौ मन्त्रालय पाएको अवस्थामा शेखर-गगन समूहले तीन मन्त्रालय आफूले पाउनुपर्ने दाबी गरेको छ । एक मन्त्रालय नेता कृष्ण सिटौलालाई र बाँकी संस्थापन समूहले लिने गरी पार्टीमा छलफल सुरु भएको छ ।

एकीकृत समाजवादीको तीन मन्त्रालयमा दाबी, गृहको अपेक्षा

गठबन्धन निर्माणमा पार्टीले खेलेको भूमिकाका आधारमा शक्ति बाँडफाँट हुनुपर्ने एकीकृत समाजवादीको माग छ । उसले गृह, स्वास्थ्यसहित तीन मन्त्रालय दाबी गरेको छ ।

जसपाको परराष्ट्रसहित तीन र लोसपाको एक मन्त्रालयमा दाबी

गठबन्धनबाट उपराष्ट्रपति पाएको जसपाले परराष्ट्रसहित तीन मन्त्रालयमा दाबी गरेको छ । तत्कालीन सातदलीय गठबन्धनले जसपालाई वन र खेलकुद छुट्याएको थियो । त्यसमा असन्तुष्टि जनाएर जसपा सरकारमा गएको थिएन । त्यस्तै, लोसपाले एक मन्त्री र एक राज्यमन्त्रीमा दाबी गरेको छ ।

जनमतको दुई, नेसपा र आम जनता पार्टीको एक-एक मन्त्रालयमा दाबी

रास्वपा अनिर्णीत

माग पूरा भएपछि मात्र नागरिक उन्मुक्ति सरकारमा जाने, जनमोर्चा नजाने

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारमा जाने-नजाने निर्णय लिएको छैन । नागरिक उन्मुक्ति पार्टीले रेशम चौधरी रिहाइलगायतका माग पूरा भएपछि मात्रै सरकारमा जाने बताएको छ । राष्ट्रिय जनमोर्चाले सरकारमा नजाने निर्णय लिएको छ ।



● **हरिबोल गजुरेल,** प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार

प्रधानमन्त्रीसँग अर्थ वा गृह नहुँदा काम गर्न गाह्रो हुने अनुभव भयो । प्रधानमन्त्रीलाई काम गर्न सजिलो हुने गरी शक्ति बाँडफाँट हुनुपर्छ भन्नेमा छौं ।



● **एनपी साउद,** कांग्रेस नेता

बल्ल बाँडफाँटको विषयमा प्रवेश गरेका छौं । केही दिन समय लाग्छ । सरकारलाई विश्वासको मत दिने दल र गठबन्धनमा छलफल गरेर मन्त्रालयको संख्या टुंगो लगाउँछौं र पार्टीमा छलफल गरेर कसलाई सरकारमा पठाउने भन्ने टुंगोमा पुग्छौं । सम्भवतः मंगलबारबाट छलफल थाल्नेछौं ।



● **राजेन्द्र पाण्डे,** उपाध्यक्ष, समाजवादी

शक्ति बाँडफाँटबारे अब औपचारिक छलफल हुन्छ । कसलाई कुन मन्त्रालय भन्ने हिसाबले छलफल भइसकेको छैन । राष्ट्रिय राजनीतिमा खेलेको भूमिकाको आधारमा प्रभावशाली मन्त्रालयमा हाम्रो दाबी रहन्छ ।



● **डोलप्रसाद अर्याल,** उपाध्यक्ष, रास्वपा

सरकारमा सहभागिताबारे सम्भवतः मंगलबार छलफल गर्छौं होला । प्रधानमन्त्रीज्यूले संसद्को रोस्ट्रमबाटै यसअघि हामीले ल्याएको नीति तथा कार्यक्रम नै कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । हामी यसअघि पनि सरकारमा काम गर्नका लागि गएका हौं । भोलि पनि काम गर्न सकिनेमा विश्वस्त भइयो भने सरकारमा जान सक्छौं ।

● **प्रदीप यादव,** जसपा नेता

पाँचै वर्ष गठबन्धन टिकाएर जानुपर्छ भन्ने छ । नीतिगत रूपमा तयार भइसकेपछि शक्ति बाँडफाँटमा समस्या हुँदैन भन्ने लाग्छ ।

■ मेलम्ची खानेपानी आयोजनाले थाल्यो २४ घन्टे अन्तिम परीक्षण



क्लोरिनको मात्रा धेरै हुने भएकाले परीक्षण अवधिमा पानी प्रयोग नगर्न आग्रह

(विस्तृत पृष्ठ २)

लयमा फर्किएको छैन पर्यटन उद्योग

सरकारले तथ्यांक नै नहेरी होटेल पुरानै लयमा फर्किसक्यो भनेर दाबी गरिरहेको छ, तर वास्तविकता होटेल व्यवसायी बैंकको ऋण तिर्न नसकेर पलायन हुनुपर्ने अवस्था छ




अर्थ संवाद

● सिर्जना राणा

(पृष्ठ ८)

■ ६ सय ११ पालिका जग्गा वर्गीकरण गर्न असफल



तोकिएको म्याद नाघेकै तीन महिना बितिसक्दा १४२ पालिकाले मात्रै टुंग्याए जग्गा वर्गीकरण, आठ महिनामा देशभर ९८ हजार ६५९ कित्ता जग्गा कित्ताकाट भई दुई लाख १३ हजार ६०५ कित्ता भए

(पृष्ठ ९)

■ विशिष्ट व्यक्तिको सुरक्षा कार्यविधि परिमार्जनको अन्तिम चरणमा

सवारी हुँदा अब सडक खाली नगराइने

गृहले तयार गरेको कार्यविधिको मस्यौदा मन्त्रिपरिषद्ले पारित गरेपछि लागू हुने



राष्ट्रपति सवारी कारकेडको फाइल तस्बिर



दिलकुमार तामाङ, सूचना अधिकृत, गृह मन्त्रालय

विशिष्ट व्यक्तिको सवारी विगतमाझैं तामझामपूर्ण हुनेछैनन् । सर्वसाधारणले दुःख पाउने गरी सडक खाली पनि गरिनेछैन । सवारीसाधनको आवागमन भइरहेकै वेला विशिष्ट व्यक्तिको सवारी चलाइनेछ । सडकमा कसैलाई अवरोध गरिनेछैन । यसले नागरिकमा फरक सन्देश प्रवाह गर्नेछ ।

टेकराज थामी/नयाँ पत्रिका

विशिष्ट पदाधिकारीहरूको सवारीले सडकमा सर्वसाधारणले सास्ती खेप्नुपरेको गुनासो बढेपछि सरकारले सुरक्षा व्यवस्थापन कार्यविधि परिमार्जन गर्दै छ । गृह मन्त्रालयले 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' को परिमार्जन मस्यौदा तयार गरिसकेको छ । मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेपछि कार्यविधि कार्यान्वयनमा आउनेछ ।

कार्यविधि परिमार्जनका लागि गृहले सहसचिव जितेन्द्र बस्नेतको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसँग परामर्श गरेको थियो । छलफलका क्रममा राष्ट्रपति पौडेलले बदलिँदो शासकीय शैलीअनुसार कार्यविधि परिमार्जन गर्न सुझाव दिएका थिए ।

गृह मन्त्रालयका प्रवक्तासमेत रहेका समितिका संयोजक बस्नेतले कार्यविधि परिमार्जनले अन्तिम रूप लिएको बताए । 'कार्यविधि परिमार्जन अन्तिम चरणमा पुगेको छ । यस विषयमा हामीले हिजो (आइतबार) राष्ट्रपतिसँग

» पृष्ठ ११ मा क्रमशः

विद्यमान कार्यविधिमा विशिष्ट व्यक्तिका परिभाषित पाँच सवारी

विद्यमान कार्यविधिले भिभिआइपी सवारीलाई पाँच ढंगले व्याख्या गरेको छ । पहिलो राजकीय सवारी हो । विशेषगरी विदेशी राष्ट्राध्यक्ष भ्रमणमा आउँदा र राष्ट्रपति राजकीय भ्रमणमा विदेश जाँदा पनि यस्तो सवारी चलाइन्छ । यस्तो सवारी चलाउँदा सडक पूर्ण रूपमा खाली गरिन्छ । सडकका दुवै किनारमा सुरक्षाकर्मी तैनाथ गरिन्छ । कारकेडमा पनि गाडी र मोटरसाइकलको लावालस्कर नै लाग्ने हुन्छ ।

अर्को हो, औपचारिक सवारी । यस्तो सवारीमा पनि भिभिआइपी सवार सवारीसाधनको अघिपछि गाडी र मोटरसाइकलको बाक्लो कारकेड हुन्छ । रुटमा पर्ने सडकको लेन खाली गरिन्छ । सडकमा सुरक्षाकर्मी खटाइन्छ । सर्वसाधारणलाई सडकमा आउजाउ गर्न रोक लगाइन्छ । भिभिआइपीको अनौपचारिक र निजी सवारी पनि हुन्छन् । यस्तो सवारीमा भने अत्यावश्यकबाहेक कारकेड सुरक्षाकर्मी परिचालन गरिँदैन ।

त्यसबाहेक कार्यालयीय सवारी भिभिआइपीको अर्को महत्त्वपूर्ण सवारी हो । यस्तो सवारीमा भिभिआइपी सवार सवारीसाधनको अघि र पछि कारकेडमा गाडी हुन्छ । तर, मोटरसाइकल हुँदैन । सडक पनि खाली गरिँदैन । सर्वसाधारणको आउजाउमा पनि रोक लगाइँदैन । विशेषगरी प्रधानमन्त्रीको कार्यालयीय भ्रमणमा यस्तो सवारी चलाइन्छ । शनिबार राष्ट्रपति पौडेलको सवारीमा यही सवारी सञ्चालन गरिएको हो ।

गृहप्रवक्ता बस्नेतले भने, 'विशिष्ट व्यक्तिको सवारीका लागि पाँच किसिमको सवारी सञ्चालनको परिकल्पना कार्यविधिले गरेको छ । सोहीमध्येको एउटा हो कार्यालयीय सवारी । शनिबार राष्ट्रपति पौडेलका लागि सोही सवारी सञ्चालन गरिएको हो । यस्तो सवारी विशेष गरी प्रधानमन्त्रीका लागि प्रयोग हुने गर्छ । अब राष्ट्रपतिका लागि पनि यस्तै सवारीको व्यवस्था कार्यविधिमा गरिएको छ ।'

एउटै पालिकामा एकैदिन मन्त्रालयले खटायो दुई प्रशासकीय अधिकृत

आधिकारिकताको विवादले कामकाज प्रभावित

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको दक्षिणी सीमावर्ती बरियारपट्टी गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एकैदिन दुई प्रशासकीय अधिकृतलाई खटाएपछि आधिकारिकताको विवादले कामकाज नै प्रभावित भएको छ । दुवै अधिकृत फरक-फरक सरुवा चिठी लिएर गाउँपालिका पुगेका हुन् ।

१४ फागुनमा मन्त्रालयले दिएको चलानी नम्बर १२६९ को पत्र बोकेर अशोककुमार सिंह प्रमुख प्रशासकीय अधिकृतको रूपमा आए । उनले गाउँपालिका उपाध्यक्ष, कार्यपालिका सदस्य, वडाध्यक्षहरूको उपस्थितिमा १६ फागुनमा हाजिर गरे । आफू हाजिर भएको जानकारी अधिकृत सिंहले सोही दिन च.नं.१ 'क' को पत्रमार्फत मन्त्रालयका सचिवलाई जानकारी गराएको उपाध्यक्ष ममताकुमारी यादवले जानकारी दिइन् ।



अशोक सिंह



सुजित यादव

तर, सिंह मन्त्रालयको सरुवा चिठीसहित गाउँपालिका आएर हाजिर भइसकेको अवस्थामा १४

» पृष्ठ ११ मा क्रमशः

मन्त्रालयले नै दुईजना खटाएपछि आधिकारिकताको अन्योल बढ्यो



● **ममताकुमारी यादव,** उपाध्यक्ष, बरियारपट्टी गाउँपालिका, सिराहा

एउटा गाउँपालिकामा एउटै मन्त्रालयबाट एकैदिन दुई प्रशासकीय अधिकृतलाई कसरी कामकाज गर्न खटाइयो, गाउँकार्यपालिका आश्चर्यमा परेको छ । एउटा अधिकृत हाजिर भएको १३ दिनपछि अर्को अधिकृत आएर सुटुक्क हाजिर भएपछि भन् आधिकारिकताको अन्योल बढेको छ । त्यसको निर्क्योल तत्काल सम्बन्धित मन्त्रालयले गरिदिनुपर्छ ।

कर्नर किक



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मदन भण्डारी राजमार्ग निर्माण सुरु भएको २१ महिनामा पनि हटाइएनन् रूख

मदन भण्डारी सडक आयोजना निर्देशनालय र वन तथा भू-संरक्षण विभागबीच समन्वय अभाव रहँदा सडक निर्माणमै असर





मदन भण्डारी राजमार्गअन्तर्गत दमक- ३ स्थित बेलडाँगीमा निर्माणाधीन सडकको बीचमा रूख

झापामा **चिरञ्जीवी धिमिरे**

सडकको बीचमा ठिंग उभिएको यो एउटा मात्र रूख होइन । मदन भण्डारी राजमार्गको सर्दुखोलादेखि मेचीडाँगीसम्म यस्ता दर्जनौं रूख छन् । सरकारी निकायबीच समन्वय अभाव हुँदा सडक निर्माणमा कस्तो असर पर्छ भन्ने उदाहरण हुन् यी रूख ।

सडक विभागअन्तर्गतको मदन भण्डारी सडक आयोजना निर्देशनालय र वन तथा भूसंरक्षण विभागबीच समन्वय अभाव हुँदा सडक निर्माणमै असर परेको छ । सुनसरीस्थित सर्दु खोलादेखि झापाको मेचीडाँगीसम्म राजमार्गमा रूख हटाइएका छैनन् । सर्दु खोलादेखि मेचीडाँगीसम्म तीन खण्डमा ठेक्का लागेको २१ महिना बित्यो । तर, सरकारी निकायबीचको समन्वय अभावले निर्माणको गति बढ्न सकेको छैन । वन विभाग र मदन भण्डारी सडक आयोजनाबीच समन्वय अभाव देखिँदा निर्माण कार्यमै समस्या खडा भएको छ । सरकारी निकाय वन विभाग र मदन भण्डारी सडक आयोजना समन्वय गरेर सडकमा पर्ने रूख हटाउनुको सट्टा एक-अर्काप्रति आरोप-प्रत्यारोपमा छन् ।

मदन भण्डारी राजमार्गअन्तर्गत अहिले चार खण्डमा काम भइरहेको छ । पहिलो खण्ड सर्दु-भलुवाको २४. ८ किलोमिटर सडक ९३ करोड ३३ लाखमा ठेक्का लागेको छ । दोस्रो खण्ड

» पृष्ठ ११ मा क्रमशः

रक्तचाप र मधुमेहपीडित ज्येष्ठ नागरिकलाई घरमै औषधि

काठमाडौं/ काठमाडौं महानगरपालिकाले उच्च रक्तचाप र मधुमेहपीडित ज्येष्ठ नागरिकलाई घरमै पुगेर औषधि उपलब्ध गराउने भएको छ। यसका लागि ज्येष्ठ नागरिकहरूको अभिलेख संकलन सुरु भएको छ।

यही क्रममा काठमाडौं वडा नम्बर ५ मा बस्दै आएका ६८ वर्षमाथिका ६ सय ३० जनामध्ये तीन सय ३४ जनाले मधुमेह र उच्च रक्तचापको औषधि नियमित रूपमा सेवन गरिरहेको पाइएको छ। महानगरको स्वास्थ्य विभागले वडा नम्बर ५ मा १४ देखि १६ फागुनसम्म एक हजार ६ सय ६८ परिवारको तथ्यांक संकलन गरेको हो। विभागका प्रमुख रामप्रसाद पौडेलका अनुसार सबै वडामा बस्ने ज्येष्ठ नागरिकलाई रक्तचाप र मधुमेहको औषधि निःशुल्क उपलब्ध गराउने अभियानस्वरूप स्वास्थ्य परीक्षण र शिविर सञ्चालन गर्ने काम भइरहेको छ। पौडेलले भने, 'तथ्यांकबाट योजना बनाउन सजिलो हुन्छ। योजनाबद्ध कामले लक्ष्य हासिल गर्न सहज बनाउँछ।'

औषधि सेवन गरिरहेका बिरामीहरूले कुन-कुन औषधि सेवन गर्नुहुन्छ ? अहिले कस्तो छ ? भन्नेबारे जानकारी लिन आइतबारबाट तीनदिने ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षणसमेत सुरु गरेको छ। शिविरमा गंगालाल हृदय केन्द्रका कार्डियोलोजिस्ट डा. संजिता अन्सारीसहित विशेषज्ञ चिकित्सक स्वास्थ्य परीक्षणमा खटिएकी छिन्। यस्तै, स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. सुनीता शर्मा, महानगरका मेडिकल अफिसर प्रशान्त भट्टलगायत स्वास्थ्यकर्मी सहभागी छन्।

शिविरबाट प्राप्त सूचनाका आधारमा औषधि उपलब्ध गराउने महानगरको योजना छ। वडा ५ का अध्यक्ष वीरेन्द्र प्रजापति भन्छन्, 'स्वास्थ्य उपचारलाई सरल, सहज र पहुँचयुक्त बनाउन सकियो भने नागरिकलाई ठूलो राहत हुन्छ। यसका लागि काम भइरहेको छ।' वडा ५ बाट थालिएको कार्यक्रम अन्य वडामा विस्तार गर्दै लैजाने योजना छ।

रक्तचाप तथा मधुमेह परीक्षण र औषधि वितरण कार्यक्रमका संयोजक ल्याब टेक्निसियन अफिसर राधिका कुइँकेल अभिलेखको प्रयोजनबारे भन्छिन्, 'शिविरबाट प्राप्त तथ्यांकले स्वास्थ्य नीति तथा कार्यक्रम बनाउन सहयोग गर्नेछ।'

■ मेलम्ची खानेपानी आयोजनाले थाल्यो २४ घन्टे अन्तिम परीक्षण

क्लोरिनको मात्रा धेरै हुने भएकाले परीक्षण अवधिमा पानी प्रयोग नगर्न आग्रह



● **राजेन्द्र सापकोटा**, प्रोजेक्ट डाइरेक्टर, पिआइडी

मेलम्ची खानेपानी आयोजनाले पाइप बिछ्याएको धेरै भयो। यी पाइपमा किरा तथा ब्याक्टेरिया हुन सक्छन्। यस्ता ब्याक्टेरिया मार्न र पाइप लिकेज थाहा पाउन परीक्षण आवश्यक हुन्छ। आयोजनाका आफ्नै र केयुकेएलका ट्यांकी प्रयोग गरेर पाइपलाइनमार्फत पानी पठाउँछौं। परीक्षणका लागि पठाएको पानीमा क्लोरिनको मात्रा धेरै हुने भएकाले सकेसम्म प्रयोग नगर्न आग्रह गरेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)ले जडान गरेका खानेपानी पाइपलाइनको अन्तिम परीक्षण सुरु गरेको छ। हाल काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को पाइपलाइन प्रयोग गर्दै आएको पिआइडीले परीक्षणपछि आफ्नै पाइपलाइनबाट पानी पठाउनेछ। यसैका लागि अन्तिमपटक अर्थात् आजदेखि २४ घन्टे परीक्षण थालिएको हो।

पिआइडीका प्रोजेक्ट डाइरेक्टर राजेन्द्र सापकोटाका अनुसार विभिन्न क्षेत्र तोकेर अन्तिम परीक्षण सुरु भएको छ। जुन-जुन क्षेत्रमा अन्तिम परीक्षण गरिने हो, त्यस क्षेत्रमा सूचना पनि जारी गरेको छ। हालसम्म नयाँ बानेश्वर, सिनामंगल, कोटेश्वर, अनामनगरलगायत क्षेत्रमा अन्तिम परीक्षण भइसकेको छ। सबैतिर अन्तिम परीक्षण आवश्यक रहेकाले मंगलबारदेखि तिनकुने, खुसिबु, नयाँ बानेश्वर, कागत्यानी, सिनामंगल, ललितपुरको पाटन क्षेत्रमा गर्न लागिएको हो। यी क्षेत्रमा मंगलबार पुरानो तथा नयाँ पाइपलाइनबाट आएको पानी प्रयोग नगर्न पिआइडीले आग्रह गरेको छ। यसैगरी, क्रमशः सूचना जारी गर्दै सबै क्षेत्रमा अन्तिम परीक्षण गरिनेछ। 'मेलम्चीले पाइप बिछ्याएको धेरै भयो, पाइप लिकेज थाहा पाउन र पाइपभित्र हुने किरा तथा ब्याक्टेरिया मार्न परीक्षण आवश्यक भएको हो,' सापकोटाले भने, 'नयाँ तथा केयुकेएलका ट्यांकी प्रयोग गरेर पाइपलाइनमा पानी पठाउँछौं, परीक्षणका लागि पठाएको पानीमा क्लोरिनको मात्रा धेरै हुन्छ।' उनले मेलम्चीकै पानी भए पनि हालसम्म अधिकांश ठाउँमा केयुकेएलकै पाइपलाइनबाट पानी वितरण भइरहेकाले यस्तो परीक्षण गर्दा नियमित पानी वितरणमा कुनै असर नपर्ने बताए। तर, कतिपय क्षेत्रमा परीक्षण गर्दा एउटै ट्यांकी प्रयोग हुने भएकाले परीक्षण अवधिको पानी सकेसम्म २४ घन्टा प्रयोग नगर्दा राम्रो हुने सापकोटाको भनाइ छ।

मेलम्ची अयोजनाबाट अहिले दैनिक १७ करोड लिटर पानी सुन्दरीजलस्थित वितरण ट्यांकीमा खस्छ। पछिल्लोपटक



फाइल तस्बिर

२३ मंसिरमा मेलम्चीको पानी उपत्यका झरेको थियो। पानी वितरणका लागि उपत्यकामा १० वटा ७४ हजार घनमिटरका ट्यांकी निर्माण गरिएका छन्। सबैजसो ट्यांकी परीक्षण भइसकेको जनाइएको छ। काठमाडौंको महाँकाल, बाँसबारी, पानीपोखरी, बालाजु, कीर्तिपुर, बानेश्वर, अनामनगर, ललितपुरको खुमलटार, भक्तपुरको कटुन्जेलगायत ठाउँमा करिब ८०-८० लाख लिटर पानी अट्ने नयाँ ट्यांकी निर्माण गरिएको छ। यसबाहेक पुराना ट्यांकी पनि पानी वितरणका लागि प्रयोग भइरहेका छन्। मेलम्चीको पानी नयाँ-पुराना सबै ट्यांकीमा खसालिएको छ। सो ट्यांकीबाट हाल नयाँ तालिकासहित काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले खानेपानी वितरण गर्दै आइरहेको छ।

■ कसरी हुन्छ परीक्षण ?

परीक्षणका लागि मेलम्ची खानेपानी आयोजनाले नयाँ पाइपलाइनबाट क्लोरिनमिश्रित पानी पठाउँछ। यसमा क्लोरिनको मात्रा धेरै हुने भएकाले प्रयोग गर्न भने मिल्दैन। पाइपमा भएका ब्याक्टेरिया वा किरा मार्नका लागि क्लोरिन धेरै मिसाएर वितरण गर्ने गरिन्छ। यो पानी पिउन तथा अन्य प्रयोजनमा समेत प्रयोग नगर्न पिआइडीले आग्रह गरेको छ। परीक्षण गरिएका क्षेत्रमा २४ घन्टासम्म पानी वितरण हुनेछ।

मेलम्ची खानेपानी आयोजनाले उपत्यकाभित्र ९० हजार घरमा ९० हजार धारा जडानको लक्ष्य लिएको थियो। त्यसमध्ये अधिकांश ठाउँमा पाइपलाइन बिछ्याउने काम सम्पन्न भए पनि २० हजार धारा मात्रै जडान भएको छ। बाँकी ७० हजार धारा अन्तिम परीक्षणपछि जडान हुनेछन्।

■ कतिपय क्षेत्रमा बल्ल पाइप बिछ्याइँदै

मेलम्ची खानेपानी आयोजना चक्रपथभित्र मात्रै सीमित छ। यसभित्र पनि केही मुख्य ठाउँमा बल्ल पाइपलाइन बिछ्याउने काम भइरहेको छ। कलंकी, महाराजगन्ज, बालुवाटार, धुम्बाराही, बाँसबारीलगायत ठाउँमा पाँच सय किमि पाइप बिछ्याउने कार्य भइरहेको छ। वैशाखसम्म यी क्षेत्रमा पाइपलाइन बिछ्याइसक्ने लक्ष्य छ।

■ पानी वितरण गर्दा पाइप फुट्यो

मेलम्ची खानेपानी आयोजनाले उपत्यकाका अधिकांश स्थानमा केयुकेएलकै पुरानो पाइपलाइनबाट पानी वितरण गरिरहेको छ। पुरानो पाइपले धेरै भार थेग्न नसक्दा अधिकांश ठाउँमा चुहावट भइरहेको छ। तर, कोटेश्वर, नयाँ बानेश्वर, अनामनगर, सिनामंगललगायत सीमित ठाउँमा भने मेलम्चीको नयाँ पाइपलाइनबाट पानी वितरण भएको छ। अन्तिम परीक्षणपछि भने सबैतिर नयाँ पाइपलाइनबाट पानी वितरण सुरु हुनेछ। त्यसपछि चुहावटको समस्या नहुने पिआइडीको दाबी छ।

कैदीबन्दीलाई तीनमहिने सीप विकास तालिम

सोमबार उपत्यकामा

ललितपुर/ ललितपुर महानगरले नख्खु कारागारमा रहेका कैदीबन्दीहरूलाई सीप विकास तालिम दिएको छ। कारागारमा रहेका कैदीबन्दीमा सीप विकास गरेर उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन महानगरले तालिम दिएको हो।

पहिलो चरणमा नख्खु कारागारमा रहेका बन्दीमध्ये ६० जनाले तालिम लिँदै छन्। उनीहरूलाई बेकरी, फर्निचर र इलेक्ट्रिकसम्बन्धी तालिम दिइनेछ। फर्निचरसम्बन्धी तालिम तीन महिना, बेकरीसम्बन्धी एक महिना र इलेक्ट्रिक तालिम तीन महिनाको हुने महानगरले जनाएको छ। सोमबार तालिमको उद्घाटन गर्दै महानगर प्रमुख चिरिबाबु महर्जनले नख्खु कारागारमा रहेका सबैलाई चरणबद्ध रूपमा तालिम दिने बताए। तालिमपछि आर्थिक रूपमा अत्मनिर्भर बन्दै कारागारबाट बाहिरिँदा उनीहरूले सीपसहित निस्कने विश्वास व्यक्त गरे। उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले घटना वा दुर्घटनाका कारण कैदमा रहे पनि आत्मविश्वास बढाउन तालिमले सहयोग गर्ने बताइन्। उनले भनिन्, 'हातमा सीप भए परनिर्भरता हट्छ, सीपलाई उत्पादनसँग जोडेर आत्मनिर्भर बन्न सकिन्छ।'

कारागार प्रशासकका अनुसार नख्खुमा एक हजार चार सय ५६ जना कैदीबन्दी छन्। यो संख्या स्थानान्तरणका कारण दैनैपिच्छे थपघट भइरहन्छ। कारागारमा भएकामध्ये एक सय एकजना विदेशी कैदी छन्। ललितपुर प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले हिजो, आज र भोलिको जीवनलाई जोड्न तालिम अत्यावश्यक भएको बताए। महानगरका प्रमुख प्रशासकीय अधिकृत गणेश अर्यालले कैदीबन्दीको बाँकी जीवनलाई उल्लासमय र रचनात्मक बनाउन महानगरले तालिम आयोजना गरेको बताए।

बुढानीलकण्ठ : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी दोलखा भीमेश्वर नपा-१, चरिकोट घर भई बुढानीलकण्ठ नपा-१३, माइक्रोपार्कमा बस्दै आएका ४४ वर्षीय रमेशकुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। उनीविरुद्ध उच्च अदालत पाटनले गत २ ९ पुसमा कसुर प्रमाणित गर्दै १० दिन कैद र १३ लाख ५० हजार रुपैयाँ जरिवाना ठहर गरेको थियो। त्यसयता उनी फरार थिए।

टोखा : टोखा नगरपालिका-७ स्थित तिलिंगेटार मावि स्कुलबाट प्रोजेक्टर, सिसिटिभीको डिस्प्ले, हार्डडिक्स, गितारसहित चार लाख ३० हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। घटनामा संलग्न अभियुक्तको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ।

कपन : समाजसेवी मायादेवी गौतमको स्मृतिमा 'मायादेवी गौतम स्मृति सदन' स्थापना भएको छ। मोरङ, विराटनगर महानगरपालिका-३, हिमाली टोल स्थायी घर भई जीवनको उत्तरार्द्धमा काठमाडौं, बुढानीलकण्ठ नगरपालिका-११, शान्ति टोल, कपनमा बसोवास गरेकी गौतम शैक्षिक, सामाजिक, धार्मिक, आध्यात्मिक, सांस्कृतिक एवं नागरिक सेवामा सक्रिय थिइन्। गौतमका पति, छोराछोरी एवं परिवारजनको पहलकदमीमा संस्था दर्ता ऐन, ०३४ अनुसार स्थापित सदनका नाममा हाल १० लाखको अक्षय कोष खोलिएको छ।

गोदावरी : गोदावरी नगरपालिकाले स्वास्थ्य जीवन बिमा गराउन प्रत्येक वडामा सहयोगी खटाउने भएको छ। गोदावरी नगरपालिकाका जनस्वास्थ्य अधिकृत लालबहादुर थापाले सामाजिक सुरक्षाअन्तर्गत सबै नागरिकलाई बिमा सुविधा उपलब्ध गराउने जानकारी दिएका छन्। उनका अनुसार बज्रबाराही चापागाउँ अस्पताल, लेले प्राथमिक स्वास्थ्य केन्द्र, बाँडेगाउँ स्वास्थ्य चौकीमा बहिरंग, आकस्मिक, प्रयोगशालाबाट सामान्य सर्जरीलगायतका उपचार गराउन सक्नेछन्।

नक्साल : 'नेपाल प्रहरी-भक्तवीरसिंह तुलाधर फाउन्डेसन छात्रवृत्ति अक्षय कोष' स्थापना गरिएको छ। नेपाल प्रहरी र भक्तवीरसिंह तुलाधर फाउन्डेसनबीच अक्षय कोष स्थापना गर्नेसम्बन्धी सम्झौतापत्रमा सोमबार हस्ताक्षर भएको हो। प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित कार्यक्रममा फाउन्डेसनका अध्यक्ष राजेशवीरसिंह तुलाधरले अक्षय कोष स्थापनाका लागि २५ लाखको चेक प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहलाई हस्तान्तरण गरे।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय धरान, सुनसरीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय धरान, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात **मिति २०७९ चैत्र २२ गते बुधबार**का दिन शाखा कार्यालय धरान, सुनसरीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

नन्दलाल खतिवडाको नातिनी, शिव प्रसाद खतिवडाको छोरी, कृष्ण अग्रवालको पत्नी, सुनसरी जिल्ला, धरान वडा नं. ४ (हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०१) बस्ने **लिला खतिवडा** (ना.प्र.नं. ५८८६/०५२/५३ जारी मिति २०५३/०१/१२ जिल्ला प्रशासन कार्यालय सुनसरी)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. भिखम चन्द्र अग्रवालको नाति, कृष्ण अग्रवाल/लिला खतिवडाको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०४ (हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०१) बस्ने **कोशिष गर्ग** (ना.प्र.नं. ०६-०२-७२-०३५७९, जारी मिति २०७२/१२/०८, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **लिला खतिवडा**को नाममा मालपोत कार्यालय, बेलबारीमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.पा./न.पा. वडा नं. ४/ढ स्थित कित्ता नं.६८९ को क्षेत्रफल ०-१-०-० (बिगहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **ऋणीको विवरण:**

हरि प्रसाद भट्टराईको बुहारी, गँगाधर सुवेदीको छोरी, बोध राज भट्टराईको पत्नी, संखुवासभा जिल्ला, तामाफोक गा.वि.स. वडा नं. ०७ (हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ०१) बस्ने **कृष्ण कुमारी सुवेदी** (ना.प्र.नं.३०९४ जारी मिति २०४३/०७/२७ जिल्ला प्रशासन कार्यालय संखुवासभा)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. जगनाथ भट्टराईको नाति, हरि प्रसाद भट्टराईको छोरा, कृष्ण कुमारी सुवेदीको पति, संखुवासभा जिल्ला, सिद्धकाली गा.वि.स. वडा नं. ०२ (हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ०१) बस्ने **बोध राज भट्टराई** (ना.प्र.नं.१९७२/२४०७८, जारी मिति २०३८/०७/३०, जिल्ला प्रशासन कार्यालय संखुवासभा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **कृष्ण कुमारी सुवेदी**को नाममा मालपोत कार्यालय, धरानमा दर्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.पा./न.पा. वडा नं. ११/घ स्थित कित्ता नं. ३०७० को क्षेत्रफल ०-०-१०-० (बिगाह) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०७९ **चैत्र २१ गते** भित्र बैंकको शाखा कार्यालय धरान, सुनसरीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धरान, सुनसरीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) २०७९ **चैत्र २२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धरान, सुनसरीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २२ गते बुधबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय धरान, सुनसरी फोन.न ०२५- ५२१७४३

Government of Nepal
Ministry of Forests and Environment
Building a Resilient Churia Region in Nepal (BRCRN)
Project Management Unit (PMU)
Babarmahal, Kathmandu

Invitation for Electronic Bids

for the procurement of Forest Management, Harvesting and Fire Control Tools
IFB No: BRCRN-PMU/G/NCB/1S2E/2079/080/01
Date of publication: 21 March 2023

1. The **Building a Resilient Churia Region in Nepal (BRCRN), Project Management Unit (PMU)**, Babarmahal, Kathmandu invites electronic bids from eligible bidders for the procurement of following goods under National competitive bidding - Single Stage Two Envelope procedures. The name and identification of the contract are as follows:

Contract No.	Name of Procurement	Bid Security (NRs.)	Doc. Fee (NRs.)
BRCRN-PMU/207908001	Supply & Delivery of Forest Management and Harvesting Tools	2,75,000/-	3,000/-
BRCRN-PMU/207908002	Supply & Delivery of Tractor Water Tank 5000 Ltr. Capacity for Fire Control	1,75,000/-	3,000/-
BRCRN-PMU/207908003	Supply & Delivery of Fire Control Tools	4,50,000/-	3,000/-

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing **(i) the Technical Bid and the other (ii) the Price Bid**, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **BRCRN-PMU, Babarmahal, Kathmandu, Tel. 0153411487, Email: brcrn.nepal@brcrn.gov.np** of office or may visit PPMO's e-GP system **https://www.bolpatra.gov.np**.
4. Bidding documents is available in the e-GP System and can be downloaded from https://www.bolpatra.gov.np. Interested bidders shall register in the e-GP system and shall deposit the cost of bidding document fee in the following bank.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office: Building a Resilient Churia Region in Nepal
   Office Code no.: 329003502 Account No. 1000100200010000 Revenue Head.: 14229
5. Pre-Bid meeting **shall be** organized on **9 April 2023** at **1:00 PM**.
6. Electronic bids must be submitted through PPMO's e-GP system **https://www.bolpatra.gov.np** on or before at **12:00 Noon** on **20 April 2023**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM on 20 April 2023** at the Project office of **BRCRN-PMU, Babarmahal, Kathmandu**. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security specified above and which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

न्यायपरिषद् अपूर्ण हुँदा साढे दुई सय उजुरी अलपत्र

जिल्ला र उच्च अदालतका न्यायाधीशविरुद्ध चालू आवमा मात्रै न्यायपरिषद्मा एक सय २३ उजुरी

शिल्पा कर्ण/नयाँ पत्रिका

■ उजुरी परेका तीन न्यायाधीश सर्वोच्च काजमा, दुई छानबिनकै क्रममा अवकाश

न्यायपरिषद्को संरचना अपूरो हुँदा न्यायाधीशमाथिका कामकारबाहीसहित परिषद्का अन्य महत्त्वपूर्ण काम नै रोकिएका छन् । जिल्ला र उच्च अदालतका न्यायाधीशविरुद्धका लगभग साढे दुई सय उजुरी अलपत्र परेका हुन् ।

प्रधानन्यायाधीश अध्यक्ष रहने न्यायपरिषद्मा कानुनमन्त्री, सर्वोच्चका वरिष्ठतम न्यायाधीश, सरकारको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने कानुनविद्, नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने वरिष्ठ अधिवक्ता (२० वर्ष सेवा अनुभव) सदस्यहरू रहने व्यवस्था छ । अध्यक्षको जिम्मेवारीमा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की र तीन सदस्य रहे पनि सरकारको फेरबदलका कारण कानुन मन्त्रालय प्रधानमन्त्रीमातहत छ । प्रधानन्यायाधीश नेतृत्वको परिषद्मा प्रधानमन्त्री उपस्थित हुँदैनन् । 'तीन-चार सदस्यको बैठकले निर्णय गर्न नसक्ने होइन, तर न्यायाधीशमाथिको कारबाही भनेको सामान्य प्रकृतिको निर्णय होइन । यसका लागि सबैजना उपस्थित हुनुभयो भने मात्र राम्रो मानिन्छ । अन्य कुनै सामान्य समितिजस्तो संरचना परिषद्को होइन । यसको निर्णयमा सबै सरोकारवालाको सहभागिताकै लागि पाँच सदस्यीय राखिएको हो,' परिषद्का एक अधिकारीले भने ।



हरिकृष्ण कार्की

न्यायपरिषद् अध्यक्षमा अहिले कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की छन् । सदस्यमा वरिष्ठतम न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, वरिष्ठ अधिवक्ताद्वय रामप्रसाद भण्डारी र रामप्रसाद श्रेष्ठ छन् । कानुनमन्त्री सदस्य रहने व्यवस्था छ । तर, मन्त्री छैनन् ।

परिषद्का अनुसार हाल जिल्ला र उच्च अदालतका न्यायाधीशविरुद्ध चालू आर्थिक वर्षमा मात्रै एक सय सय २३ उजुरी परेका छन् । जम्मा उजुरीमध्ये यस वर्ष ६८ थान फर्स्योट भएको परिषद्को तथ्यांक छ । यसबीचमा नियमित बैठक बसे पनि ठूला र महत्त्वपूर्ण निर्णय लिने कार्य भने रोकियो । न्यायपरिषद्मा सबैभन्दा पुराना दुई उजुरी ०७५ देखिका छन् । ०७५ को २८ वैशाख र १७ माघमा परेका दुई उजुरीका साथै ०७६ मा दर्ता भएका ११ थान उजुरी किनारा लाग्न बाँकी छन् । 'परिषद् अध्यक्षका रूपमा दीपककुमार कार्की कायममुकायम भएपछि न्यायाधीशलाई बर्खास्त गर्नेजस्ता ठूला निर्णय लिनुभयो । त्यसयता परिषद् संरचना पूरा नहुँदा बैठकले केही महत्त्वपूर्ण विषय टुंग्याउन सकेको छैन,' ती अधिकारीले थपे । १५ असोजदेखि अवकाश पाएका कायममुकायम पूर्वप्रधानन्यायाधीश दीपककुमार कार्कीको नेतृत्वमा परिषद्ले ६ न्यायाधीशलाई बर्खास्त गर्ने निर्णय गरेको थियो । परिषद् प्रवक्ता मानबहादुर कार्की परिषद्ले विभिन्न निर्णय गरिरहेको र बैठक नियमित नै रहेको बताउँछन् ।

३ पुस ०७८ देखि गत ३ पुससम्म (परिषद्को बुलेटिन) कुल तीन सय १२ उजुरी रहेकोमा सोही मितिसम्म एक सय १८ फर्स्योट भएका थिए । बाँकी एक सय ९४ मध्ये दुई वर्ष पुराना २७, दुई वर्षभित्रका २२ र एक वर्षसम्मका एक सय ४५ उजुरी छन् । यी उजुरीमा कतिपय न्यायाधीशमाथि दुई वा दुईभन्दा बढी शीर्षकमा उजुरी परेको छ ।

कार्यक्षमताको अभाव भएको भनी ७४, खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लंघन भनी एक सय ७८ र इमानदारीपूर्वक कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक कार्य गरेको भनी ७८ उजुरी परिषद्मा परेका छन् । तथ्यांकअनुसार कार्यक्षमताको अभाव, खराब आचरण र इमानदारीपूर्वक कर्तव्य पालना नगरेको भनी ४८ उजुरी परिषद्मा परेका छन् । सोही अवधिमा एक सय आठ उजुरी तामेलीमा पठाइएको छ भने दुई उजुरीमाथि कारबाही गर्दै परिषद्ले सम्बन्धित न्यायाधीशलाई सचेत गराउने निर्णय गरेको छ । दुईजनालाई ध्यानाकर्षण र ६ जनालाई पदमुक्त गरिएको परिषद्ले जनाएको छ ।

दिने अन्तिम आदेश सुनायो । थापा नेपालको कुन स्थानमा बस्ने भनी सरकारी पक्षले खुलाउन नसकेको तथा उनी नेपाली नागरिक हो भन्ने पुष्टि नभएकाले उनी नै कसुरदार हो भन्न नमिल्ने निष्कर्ष न्यायाधीश निरौलाको थियो । त्यसपछि उनले सफाइ पाएका हुन् ।

न्यायाधीश राजकुमार कोइराला पनि गत असार दोस्रो सातादेखि सर्वोच्चमै तानिए । काठमाडौं जिल्ला अदालतमा कार्यरत रहेका उनलाई हाल कामकाज गर्न रोक लगाइएको छ । न्यायपरिषद् ऐनको दफा १९ (१) अनुसार परिषद्ले जाँचबुझ समिति गठन गरेको थियो । समिति गठन भएको सूचना राजपत्रमा प्रकाशित भएसँगै न्यायाधीश कोइराला स्वतः जिम्मेवारीबाट हटेका थिए ।

उनले नेपाल बार एसोसिएसनका निवर्तमान कोषाध्यक्ष रुद्र पोखरेलसँग फोनमा गरेको कुराकानी ७ असारमा बाहिरिएपछि यस विषयमा परिषद्ले जाँचबुझ थालेको थियो । व्यवसायी तथा पूर्वसांसद इच्छाराज तामाङको संगठित अपराध र ठगीको मुद्दामा धरौटीमा रिहा गर्ने विषयमा अधिवक्ता पोखरेलसँग भएको कुराकानी बाहिरिएपछि उनी पनि छानबिनको घेरामा परेका थिए । न्यायाधीश कोइरालामाथि जाँचबुझ गर्न गठित समितिलाई प्रतिवेदन बुझाउन ४५ दिनको समय दिइएकोमा हालसम्म पनि उक्त प्रतिवेदनउपर अन्तिम छलफल वा निर्णय भइसकेको छैन । परिषद् स्रोतका अनुसार प्रतिवेदन तयार भए पनि निर्णायक छलफल हुने गरी बैठकमा पेस नै भएको छैन । परिषद् पूर्ण नहुँदा यो विषय अड्किएको छ ।

फैसलामा कैफियत देखिएपछि सर्वोच्च तानिएका अर्का न्यायाधीश हुन् बद्रीप्रसाद ओली । ओलीले पनि १८ चैतमा ६३ वर्षे उमेर हदका कारण अवकाश पाउनेछन् । ०१६ मा जन्मिएका उनको ०७० मा जिल्ला न्यायाधीश पदमा नियुक्ति भएको थियो । न्यायाधीश ओलीले काठमाडौं जिल्ला अदालता छँदा राजधानीको महाराजगन्जस्थित ६ रोपनी जग्गा व्यक्तिका नाममा हुने गरी गरेको फैसलाविरुद्ध परिषद्मा उजुरी परेको थियो । ०७८ को यो फैसलापछि उनी रामेछाप जिल्ला अदालतमा सरुवा गरिएका थिए । उनले त्यहाँ बलात्कार मुद्दामा गरेको फैसला विवादित बनेपछि अर्को उजुरी पनि थपिएको थियो ।

उजुरीपछि सर्वोच्च तानिए पनि जाँचबुझकै क्रममा सेवानिवृत्त भएका न्यायाधीश हुन् जवाहरप्रसाद सिंह । जुम्ला जिल्ला अदालतमा हुँदा उनले बलात्कारको मुद्दामा गरेको फैसला विवादित भएको थियो । उनीमाथि यसअघि पनि उजुरी परेको परिषद् स्रोत बताउँछ । कार्यकालको अन्तिमतिर उनले गरेका फैसलामा कैफियत देखिएको थियो । त्यसपछि उक्त जिम्मेवारीबाट मुक्त गरी उनलाई सर्वोच्च तानिएको थियो । उनीमाथि जाँचबुझ सुरु भए पनि ९ साउनदेखि उनले ६३ वर्षे उमेरहदका कारण अवकाश पाए ।

देशभरका विभिन्न अदालतका न्यायाधीशउपर परेका उजुरीमध्ये गम्भीर देखिएका विषयमाथि छानबिन सुरु भएपछि परिषद् अध्यक्ष रहने प्रधानन्यायाधीशले उनीहरूलाई जिल्ला अदालतको न्यायाधीशको जिम्मेवारीबाट मुक्त गरी सर्वोच्च तान्ने गरेका छन् ।

काठमाडौं जिल्ला अदालतका मात्रै तीनजना न्यायाधीशमाथि जाँचबुझ चलिरहेको थियो । जसमध्ये सूर्यप्रसाद अधिकारीले कात्तिकमा अवकाश पाएका छन् । न्यायाधीश अधिकारीले सवारी ज्यानका प्रतिवादीलाई प्रमाणको मूल्यांकन नगरी न्यूनतम सजाय सुनाएको र आर्थिक लाभ लिएको आरोप छ । २८ मंसिर ०७६ मा बुढानीलकण्ठको फुटपाथमा हिँडिरहेकी महिलालाई कारले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो । सवारीचालक पृथ्वी मल्लसँग वैधानिक सवारीचालक अनुमतिपत्र नभएको र मादकपदार्थ सेवन गरी चलाएको गाडीले दुर्घटना गराएकाले लापरबाहीपूर्वक सवारी चलाएको कसुरमा मुद्दा चलेकोमा न्यायाधीश अधिकारीले सवारी तथा यातायात व्यवस्था ऐनको न्यूनतम सजाय गरेको भन्दै उक्त मुद्दाको फैसला तथा न्यायाधीशमाथि छानबिन भइरहेको थियो । यसै क्रममा परिषद्ले कुनै निर्णय नगर्दै उनी २२ कात्तिकदेखि सेवानिवृत्त भए ।

हाल काठमाडौं जिल्ला अदालतकै अम्बिकाप्रसाद निरौला पनि सर्वोच्चमै हाजिर गर्दै छन् । अपहरण तथा शरीर बन्धक मुद्दाका प्रतिवादीलाई प्रहरीले भारतबाट एक दशकपछि पक्राउ गरी ल्याएकोमा उनले ती प्रतिवादीलाई सफाइ दिने फैसला गरेका थिए । १ पुस ०६५ मा काठमाडौंमा एक व्यवसायीमाथि भएको अपहरणको घटनामा डेढ करोड रुपैयाँ फिरौती माग गरिएको थियो । एकै समूहका ६ जना उक्त घटनामा संलग्न रहेकोमा एक भने पहिचान बदलेर भारतमा बस्दै आएका थिए । ५ असोज ०७८ मा न्यायाधीश निरौलाको इजलासले अभियुक्त प्रकाश क्षेत्री भनी आफूलाई दाबी गरिरहेका दुर्गाबहादुर थापालाई सफाइ

राष्ट्रपति पौडेलसँग भारतीय र अमेरिकी राजदूतको भेट

भारतीय राष्ट्रपतिलाई निम्ता पठाउने तयारी

नयाँ पत्रिका
काठमाडौं, ६ चैत

राष्ट्रपति रामचन्द्र पौडेललाई नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र अमेरिकी राजदूत डिन आर थम्प्सनले शिष्टाचार भेट गरेका छन् । राष्ट्रपतिमा निर्वाचित भएपछि पौडेलसँग उनीहरूले क्रमशः आइतबार र सोमबार शीतलनिवासमा शिष्टाचार भेट गरेका हुन् ।

राष्ट्रपति पौडेलले राजदूत श्रीवास्तवसँग भारतीय राष्ट्रपतिलाई नेपाल भ्रमण गराउने विषयमा कुराकानी गरेका छन् । स्रोतका अनुसार राष्ट्रपति पौडेल भारतीय समकक्षीलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने तयारीमा छन् । यसअघि भारतबाट २६-१९ कात्तिक ०७३ मा तत्कालीन भारतीय राष्ट्रपति प्रणव मुखर्जीको नेपाल भ्रमण भएको थियो । त्यसपछि निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले भारत भ्रमण गरेकी थिइन् । भारतीय राष्ट्रपतिलाई नेपालका तर्फबाट भ्रमणका लागि 'स्ट्यान्डिङ इन्भाइटेसन' छ । भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले २९ फागुनमा समकक्षी पौडेललाई बधाई सन्देश दिएकी थिइन् भने भोलिपल्ट केरलाबाट टेलिफोन गरेर बधाई दिएकी थिइन् । दुई राष्ट्रपतिको टेलिफोनमा राष्ट्रपति पौडेलले भारतीय समकक्षीलाई नेपाल भ्रमणका लागि मौखिक निम्ता दिएका थिए ।



राष्ट्रपति रामचन्द्र पौडेलसँग अमेरिकी राजदूत डिन आर थम्प्सन

राष्ट्रपति पौडेल र अमेरिकी राजदूत थम्प्सनबीच दुईपक्षीय सम्बन्धबारे कुराकानी भएको राष्ट्रपतिका परराष्ट्र मामिला सल्लाहकार डा. सुरेशचन्द्र चालिसेले जानकारी दिए । पौडेलले नेपालको उन्नतिका लागि कृषि, वन, पर्यटन तथा जलस्रोतको उपयोग गनुर्पर्ने आफ्नो धारणा रहेको बताए । अमेरिकी राजदूत थम्प्सनले यी क्षेत्रमा नेपाललाई भविष्यमा सहयोग गर्ने बताएका थिए ।

यसैबीच, सोमबार शपथग्रहण गरेका उपराष्ट्रपति रामसहायप्रसाद यादवलाई भारतीय समकक्षी जगदीप धनकरले बधाई दिएका छन् । सामाजिक सञ्जाल ट्विटरमा उपराष्ट्रपति धनकरले दुई देशबीच जनस्तरीय विशिष्ट समबन्ध थप सुदृढ गर्न नवनिर्वाचित समकक्षी यादवसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन् ।

३५ युट्युब च्यानल काउन्सिलको विशेष निगरानीमा

नयाँ पत्रिका
काठमाडौं, ६ चैत

प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिताको चरम उल्लंघन गर्ने ३५ वटा युट्युब च्याननलाई विशेष अनुगमनमा राखेको छ । काउन्सिलअन्तर्गत आचारसंहिता अनुगमन उपसमितिको सोमबार बसेको बैठकले विशेष निगरानीमा राखिएका युट्युब च्यानलका विषयवस्तु, त्यसमाथि परेका उजुरी, स्वअनुगमनसमेत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय गरेको हो ।

काउन्सिलले कुनै मिडियाअन्तर्गत आबद्ध नभएका युट्युब च्याननलाई अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्युरोमा सिफारिस गर्ने र यस्ता च्यानलले सम्प्रेषण गरेका सामग्री र आकर्षित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे उल्लेख गरी कारबाहीका लागि युट्युब कम्पनीलाई अनुरोध गर्ने भएको छ । काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको उपसमितिको बैठकले कतिपय युट्युब च्यानल प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे जानकारीसमेत नभएका, के गर्ने-नगर्ने भन्ने सामान्य ज्ञानसमेत नभएको देखिएको भन्दै व्यावसायिक रूपमा सञ्चालन हुन चाहने युट्युब च्याननललक्षित एकदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकमा अध्यक्ष बस्नेतले युट्युब च्याननलाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन काउन्सिलले विशेष अभियान थालेको जानकारी दिए । 'युट्युब च्यानल आफैंमा सूचना सम्प्रेषणका उपयुक्त माध्यम हुन् । युट्युबबाट भरपर्दो, विश्वसनीय र जिम्मेवारपूर्ण सूचना सम्प्रेषण हुनु जरुरी छ,' बस्नेतले भने, 'युट्युबको दुरुपयोग होइन, विश्वसनीय र रचनात्मक बनाउन हामी केन्द्रित हुनुपर्दछ ।' काउन्सिलले यसअघि नै युट्युबलगायत सामाजिक सञ्जालको नियमन तथा व्यवस्थापनका लागि सुझाव दिन कार्यदल गठन गरी उक्त कार्यदलको प्रतिवेदनसहित सरकारलाई सुझावसमेत पेस गरिसकेको थियो ।

चन्द्र भण्डारीलाई ५६ लाख उपचार खर्च

काठमाडौं/ ग्यास चुहावटबाट भएको आगलागीमा परी गम्भीर घाइते भएका सांसद चन्द्र भण्डारीको उपचारका लागि सरकारले ५५ लाख ८८ हजार एक सय ६४ रुपैयाँ आर्थिक सहायता प्रदान गरेको छ । उनको हाल भारतको मुम्बईमा उपचार भइरहेको छ ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार गत ११ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले सो आर्थिक सहायता दिने निर्णय गरेको हो । जसअनुसार एयर एम्बुलेन्सको भाडा गृह मन्त्रालयबाट भुक्तानी भइसकेको छ । गत ४ फागुनमा बुद्धनगरस्थित डेरामा ग्यास चुहावट भएर आगलागी हुँदा आमा र भण्डारी गम्भीर घाइते भएका थिए । उपचारको क्रममा आमाको निधन भएको थियो । मुम्बईमा उपचाररत भण्डारीको स्वास्थ्यमा सुधार भइरहेको छ ।

त्यस्तै, सिराहाका वीसेन्द्र पासवान, लमजुङका रामबाबु अधिकारी तथा कालीकोटका संग्रामे सार्कीलाई तीन-तीन लाख रुपैयाँका दरले आर्थिक सहायता वितरण भएको छ । पूर्वउपराष्ट्रपति परमानन्द झाको चालकका लागि एक वर्षको एकमुष्ट तलब दुई लाख ७६ हजार रुपैयाँ भुक्तानी गरिएको छ । ड्राइभरको तलबका लागि झाले गृहमा निवेदन दिएका थिए ।

बेलायती सांसद शर्मा उच्चस्तरीय भेटवार्तामा

काठमाडौं/ नेपाल भ्रमणमा रहेका बेलायती लेबर पार्टीका नेता एवं सांसद वीरेन्द्र शर्माले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओली र राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनासँग शिष्टाचार भेट गरेका छन् । सोमबार भएका भेटमा नेपाल-बेलायत सम्बन्ध, गोर्खा सैनिकको पेन्सन समस्याका बारेमा पहललगायतका विषयमा छलफल भएको छ ।

नेपालको औपचारिक भ्रमणमा आएको बेलायती प्रतिनिधिमण्डलका सदस्य शर्मा निजी भ्रमणका क्रममा रहँदा भेटवार्ता गरेका हुन् । उनले सोमबार नै सभामुख देवराज घिमिरे र उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसँग पनि भेटवार्ता गरेका छन् । शर्माले केही दिनअघि कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानसेनापति प्रभुराम शर्मासँग पनि भेटवार्ता गरेका थिए ।

राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिनाले बेलायतले नेपालको विकासका लागि गरेको सहयोगको प्रशंसा गरेका थिए । उनले बेलायती संसद्का सभामुखलाई नेपाल भ्रमणका लागि औपचारिक निमन्त्रणा पठाइसकेको विषयमा पनि स्मरण गराएका थिए । नेपाल र बेलायतबीच शान्ति तथा मैत्रीसन्धि भएको १०० वर्षको अवसरमा आयोजना गरिने औपचारिक कार्यक्रममा बेलायती संसद्को सभामुखलाई प्रमुख अतिथिको रूपमा नेपालमा स्वागत गर्न चाहेको अध्यक्ष तिमिल्सिनाको भनाइ थियो ।

बेलायतलगायत युरोपेली आकाशमा नेपाल वायुसेवाको उडान प्रतिबन्ध फुकुवाको पहल गर्न तथा नेपाल-बेलायत सीधा हवाई उडानको व्यवस्थाका लागि समेत अध्यक्ष तिमिल्सिनाले सांसद शर्माको ध्यानाकर्षण गराएका थिए । ब्रिटिस गोर्खाका सवाल, पर्यटन प्रवर्द्धन, पूर्वाधारमा लगानी, सीप विकास, नेपाली विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्थालगायतका विषयमा निरन्तर सहयोग पनि अध्यक्ष तिमिल्सिनाले अपेक्षा गरेको उनको सचिवालयले जनाएको छ । उच्चस्तरीय भेटवार्ता सकेर शर्मा सोमबार साँझ स्वदेश फर्केका छन् ।

■ पूर्वाधार नपुगेको स्थानमा हाइटेक नर्सरी

साढे ६६ लाख भुक्तानी दिने १२ जनाविरुद्ध मुद्दा

नयाँ पत्रिका
काठमाडौं, ६ चैत

पर्याप्त पूर्वाधार नै नपुगेको ठाउँमा अध्ययन नै नगरी साढे ६६ लाखको अत्याधुनिक प्रविधियुक्त नर्सरी निर्माण गरेर भुक्तानी दिई अनियमितता गर्ने १२ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

कर्णाली प्रदेश सरकारको अनुदानको पेस्की रकममा सम्झौताअनुसार काम नगरी हिनामिना गरेको आरोपमा अख्तियारले कृषि ज्ञान केन्द्र (हाल कृषि विकास कार्यालय) कालिकोटका तत्कालीन निमित्त कार्यालय प्रमुख भरतबहादुर बस्नेत, खाडाचक्र नगरपालिकाका तत्कालीन इन्जिनियर सुमित भट्ट र खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयका तत्कालीन सबइन्जिनियर गुरुराज संज्याललगायतलाई प्रतिवादी बनाएर अख्तियारले मुद्दा दायर गरेको हो ।

उनीहरूले सम्भाव्यता अध्ययन नगरी आयोजनाका लागि आवश्यक विद्युत् आपूर्तिसमेत नभएको स्थानमा हाइटेक नर्सरी सञ्चालन गर्न उपयुक्त देखिएको सिफारिस गरेको भेटिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । सिफारिस गरे पनि त्यसका लागि आवश्यक पुष्ट्याइँका आधार संलग्न नगरी बदनियतपूर्वक हचुवाका भरमा लागत अनुमान तयार गरेको र हाइटेक नर्सरीका लागि खरिद गरिएका यन्त्र उपकरणहरूको मूल्यसमेत अत्यधिक रूपमा बढाइएको अख्तियारको ठहर छ ।

'कर्णाली प्रदेश सरकारको अनुदान ग्रहण गरी नर्सरी सञ्चालनमै नआएको अवस्थामा सिमनाथ कृषि विकास सहकारी संस्था लिमिटेडबाट जडान भएका मालसामानको अवलोकन तथा परीक्षण नै नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोही प्रतिवेदनसमेतका आधारमा ६६ लाख ५० हजार भुक्तानी गरेको भेटियो,' अख्तियारले विशेष अदालतमा दर्ता गरेको आरोपपत्रमा उल्लेख छ । त्यसमा संलग्न बस्नेत, भट्ट र संज्याललाई ६६ लाख ५० हजार बिगो कायम गरिएको छ । सहकारीमा जडान भएका मालसामान परीक्षण नगरी एवं नर्सरी सञ्चालनमै नआएको अवस्थामा उक्त नर्सरीको कार्य सम्पन्न प्रतिवेदन तयार गरी अर्को कसुर गरेको आरोपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को १९ (२)बमोजिम सजायको अर्को मागदाबी पनि अख्तियारले गरेको छ ।

गलत प्रतिवेदन दिएको कसुरमा अख्तियारले मूल्यांकन तथा छनोट समितिका पदाधिकारीहरू हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा र होमनाथ लम्सालेलाई पनि प्रतिवादी बनाएको छ । फिल्ड अध्ययनविनै सहकारीको वित्तीय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधार अध्ययन र मूल्यांकनसमेत नगरी कृषि ज्ञान केन्द्रका तत्कालीन निमित्त कार्यालय प्रमुख बस्नेतले पेस गरेको गलत मूल्यांकन प्रतिवेदनउपर छानबिन नगरी बदनियतपूर्वक तवरले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशमा पेस गरी अनियमिततामा संलग्न भएको आरोप उनीहरूमाथि छ । गलत प्रतिवेदन पेस गरेको आरोपमा उनीहरूलाई प्रतिवादी बनाइएको हो ।

सिमनाथ कृषि विकास सहकारी संस्था, त्यसका अध्यक्ष कमलबहादुर शाही र कोषाध्यक्ष सुरेन्द्रबहादुर शाहीलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । विद्युत् नै नभएको स्थानमा विद्युत् चाहिने आयोजनाका लागि अनुदान माग गरेको, संस्थागत आर्थिक सक्षमता नभएको अवस्थामा समेत पूर्वाधार नै तयार नभएको योजनाबाट ठूलो संख्यामा रोजगारी दिलाउने गलत आश्वासनसहितको प्रस्ताव तयार गरी ज्ञान केन्द्रसँग सम्झौता गरेको, सम्झौताबमोजिम नर्सरी नचलाएकोलगायतका अभियोग उनीहरूविरुद्ध छ । आवेदन दिने समयमा कबुल गरेको बाली उत्पादन तथा रोजगारीसमेत सिर्जना नगरी जालसाजीपूर्ण तवरले अनुदानको रकम भुक्तानी लिई उद्देश्यअनुरूपको कार्य नगरी प्रदेश सरकारको कृषि ज्ञान केन्द्रसँग गरेको कबुलियत सर्त एवं सम्झौताविपरीत कर्णाली प्रदेश सरकारको साढे ६६ लाख अनुदान भुक्तानी लिएको आरोपपत्रमा उल्लेख छ । सोही रकमलाई बिगो कायम गरेर उनीहरूविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय घोराही, दाङ्गको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय घोराही, दाङ्गबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०७९ चैत्र २२ गते बुधबार**का दिन शाखा कार्यालय घोराही, दाङ्गमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

ऋणीको विवरण:

भक्त बहादुर रावतको नाति, भीउराज रावतको छोरा, दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स., वडा नं. ३ स्थायी घर भई हाल घोराही, उप.म.न.पा, वडा नं. १०, दाङ्ग बस्ने **यज्ञ बहादुर रावत** (ना.प्र.नं. ६४६/११३०, जारि मिति २०५७/१०/१२, जिल्ला प्रशासन कार्यालय दाङ्ग) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. हुम बहादुर खत्रीको नातीनी, लाल बहादुर के.सी.को छोरी, दाङ्ग जिल्ला, गढवा गा.वि.स., वडा नं.९ स्थायी घर भई हाल घोराही उप.म.न.पा, वडा नं. १०, नारायणपुर बस्ने **मन्जु के.सी.** (ना.प्र.नं. ५२३००३/५१, जारि मिति २०६३/११/०१, जिल्ला प्रशासन कार्यालय दाङ्ग) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. धनि कुमारी बैक लि. (साबिक एन.सी.सी.बैंक लि.) र ऋणी **यज्ञ बहादुर रावत**को नाममा यातयात व्यवस्था कार्यालय राप्ती, दाङ्गमा दर्ता कायम रहेको च्यासिस नं. 400950D0086690, ईन्जिन नं. MEC2411BEKP085904, सवारी नं. रा १ ख २४०० को BHARATBENZ 2523C 6X4 CHS गाडी थान १ ।

२. **यज्ञ बहादुर रावत**को नाममा मालपोत कार्यालय घोराही, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स.,वडा नं.२/ग, दाङ्ग स्थित कित्ता नं. ९८०, क्षेत्रफल १३०. (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०७९ **चैत्र** २१ **गते** भित्र बैंकको शाखा कार्यालय घोराही, दाङ्गमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय घोराही, दाङ्गबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०७९ चैत्र २२ गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय घोराही, दाङ्गमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय घोराही, दाङ्गमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्

ब्याजदर घटाउन राप्रपा नेपालको माग

काठमाडौं / राप्रपाले बैंक र विभिन्न वित्तीय संस्थाको चर्को ब्याजदर घटाउन र ऋण चुक्ता गर्ने समयसीमा बढाउन माग गरेको छ । पार्टी अध्यक्ष कमल थापाको अध्यक्षतामा सोमबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले लघुवित्तको ऋणचक्रमा परेका विपन्न परिवारलाई ऋणमुक्त पार्न प्रभावकारी कदम चाल्नसमेत सरकारको ध्यानाकर्षण गराएको छ । साना किसान र साना व्यवसायीहरूको दुरावस्थालाई ध्यानमा राखी ऋणमुक्त गराउने नीति ल्याउन सरकार अग्रसर हुनुपर्नेमा बैठकले जोड दिएको छ । यस्तै, महँगी नियन्त्रण गर्न तत्काल सशक्त र प्रभावकारी कदम चाल्न तथा पुँजीबजारका लगानीकर्ताहरूको आर्थिक सुरक्षामा तत्काल ध्यान दिन पनि राप्रपा नेपालले सरकारसँग माग गरेको छ ।

बैठकले संगठन विस्तारका क्रममा काठमाडौं उपत्यकाभित्रका सबै वडामा चैत मसान्तभित्र एकाइ समिति गठन गर्ने, प्राथिमिकताप्राप्त १५ जिल्लाका वडामा वैशाख मसान्तभित्र एकाइ समिति गठन गर्ने, अन्य जिल्लामा कम्तीमा पालिका तहमा जेठ महिनाभित्र एकाइ समिति गठन गर्ने कार्ययोजना पारित गरेको छ । बैठकले जिल्लागत जिम्मेवारी दिई ६ वटा विभिन्न टोली बनाएर जिल्ला पठाउने निर्णय गरेको छ । नेताहरू राजीव पराजुली, श्याम तिमिल्सिना, सुशील श्रेष्ठ, राजाराम बर्तौला, केशव श्रेष्ठ, तेज कुरुम्वाङ्लगायत खटिने निर्णय भएको छ । वैशाखको दोस्रो साता संयुक्त जनप्रदर्शन गर्ने र पुस महिनाभित्र जनवर्गीय संगठनको राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको प्रवक्ता वसन्तमान सिंह अधिकारीले जानकारी दिए ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय इनरुवा, सुनसरीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७९/१२/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय इनरुवा, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०७९ चैत्र २२ गते बुधबार**का दिन शाखा कार्यालय इनरुवा, सुनसरीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी सुनसरीमा मिति २०७५/११/३० मा प्रा.फा.र.नं. १४४७५/२०७५/०७६ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, कोशी गा.पा वडा नं. ४ स्थित रजिष्टर कार्यलय रहेको **मंसुरी फर्म**का प्रोप्राईटर इसाक मियाको नाती, इसराइल मियाको छोरा, सुनसरी जिल्ला, श्रीपुरजब्दी गाविस वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, कोशी गाउपालिका वडा नं. ०४ सुनसरी बस्ने **मो.चाँद** (ना.प्र.नं. ०१७०/००१८९, जारी मिति २०७३/०१/३०, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. इसाक मियाको नाती, इसराइल मियाको छोरा, सुनसरी जिल्ला, श्रीपुरजब्दी गाविस वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, कोशी गाउपालिका वडा नं. ४ सुनसरी बस्ने **मो.चाँद** (ना.प्र.नं.०१७०/००१८९, जारी मिति २०७३/०१/३०, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
२. वच्चु मियाको छोरी, इसराइल मियाको पत्नी, सुनसरी जिल्ला, श्रीपुरजब्दी गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गाउपालिका वडा नं. ०४ बस्ने **लजिना खातुन** (ना.प्र.नं.४७२३८/४९२३८, जारी मिति २०५६/०१/०५, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
३. सुल्तन मियाको नाती ,इसाक मियाको छोरा लजिना खातुनको पती, सुनसरी जिल्ला, घुस्की गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गाउपालिका वडा नं. ०४ बस्ने **इसराइल मिया** (ना.प्र.नं. ११०५/३५४९/१६२७, जारी मिति २०४३/०१/०९, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
४. इसाक मियाको नाती, इसराइल मियाको छोरा, सुनसरी जिल्ला, श्रीपुरजब्दी गाविस वडा नं.८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गाउपालिका वडा नं.४ सुनसरी बस्ने **सल्लाउदिन मिया** (ना.प्र.नं. ८५१४४/८६१४४, जारी मिति २०६०/११/१५, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
५. आवास मियाको छोरी, सल्लाउदिन मियाको पत्नी, सुनसरी जिल्ला, कोशी गाउपालिका वडा नं.४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, कोशी गाउपालिका वडा नं.४ बस्ने **मोमिना खातुन** (ना.प्र.नं. ०६-०१-७५-०३०६२, जारी मिति २०७५/०३/१०, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **लजिना खातुन**को नाउमा मालपोत कार्यालय इनरुवामा दर्ता कायम भएको सत्तेरझोरा गा.वि.स. वडा नं.०६/ख स्थित कित्ता नं.२४७ को क्षेत्रफल ०-१९-३.७५ (वि.-क.-धु)को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०७९ चैत्र २१ गते** भित्र बैंकको शाखा कार्यालय इनरुवा, सुनसरी स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय इनरुवा, सुनसरी स्थित कर्जा विभागबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०७९ चैत्र २२ गते ३:०० (तिन)** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय इनरुवा, सुनसरी स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय इनरुवा, सुनसरी स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २२ गते बुधबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय इनरुवा, सुनसरी फोन नं. ०२५-५६६७५१/७५२

राहदानी प्रकरणमा लामिछानेलाई राहत

मुद्दा चलाउन नपर्ने महान्यायाधिवक्ता कार्यालयको निर्णय

नागरिकताअनुसारकै विवरण पेस गरेर राहदानी लिएकाले त्यसलाई झुटो विवरण मान्न नसकिने निष्कर्ष

टेकराज थामी / नयाँ पत्रिका

महान्यायाधिवक्ता कार्यालयले राहदानी दुरुपयोग नभएको भन्दै पूर्वउपप्रधानमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि राहदानीसम्बन्धी कसुरमा मुद्दा नचलाउने निर्णय गरेको छ । सोमबार महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलले यस्तो निर्णय गरेका हुन् । प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा महान्यायाधिवक्ता कार्यालयले यस्तो निर्णय गरेको हो ।

यससँगै लामिछानेलाई आगामी वैशाखमा हुने उपनिर्वाचनमा उम्मेदवार बन्न सहज भएको छ । यसअघि जिल्ला सरकारी वकिलको कार्यालयमा नेपाल प्रहरीले अनुसन्धान गरी प्रमाण नपुग्ने प्रतिवेदन बुझाएकोमा उच्च सरकारी वकिल कार्यालयले सदर गरेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयका प्रवक्ता तथा सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मीका अनुसार मुद्दा चलाउन आवश्यक आधार र प्रमाण नदेखिएकाले मुद्दा नचलाउने निर्णय भएको हो । 'उहाँले राहदानी लिन दिनुभएको विवरण जे छ त्यो झुटो होइन । नागरिकताकै विवरण हो, ढाँटेको होइन । अर्को, उहाँको राहदानी कायम छैन । उहाँ आफैंले फिर्ता गरेर अर्को लिइसक्नुभएको रहेछ । यस्तोमा मुद्दा चलाउन मिल्दैन, प्रमाण पुग्दैन, आधार छैन भनेर मुद्दा नचलाउने निर्णय भएको हो,' रेग्मीले भने ।



यसअघि लामिछानेले अमेरिकी नागरिकता र राहदानी बहाल रहेकै समयमा नेपाली राहदानीसमेत लिएको उजुरी गृह मन्त्रालयमा परेको थियो । त्यसमाथि अनुसन्धान गर्दै प्रहरीले २८ फागुनमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंलाई प्रतिवेदन बुझाएकोमा महान्यायाधिवक्ताको कार्यालयले समेत जिल्लाबाट भएको निर्णय सदर गरेको छ । आइतबार उच्चबाट महान्यायाधिवक्ताको कार्यालय फाइल पुगेकोमा भोलिपल्टै फास्ट ट्र्याकबाट मुद्दा नचलाउने अन्तिम निर्णय भएको हो ।

जिल्ला सरकारी वकिल कार्यालयले लामिछानेले अमेरिकी राहदानीवाहक रहँदा नेपाली राहदानीको प्रयोग वा दुरुपयोग नगरेको विषयलाई मुद्दा नचलाउने आधार मानेको छ । साथै, अमेरिकी नागरिक हुनुअघि वंशजको नेपाली नागरिक रहेको तथा गैरआवासीय नेपाली नागरिकको हैसियतमा रहेको कुरालाई पनि यो निर्णयको आधार बनाइएको छ । यिनै आधारलाई समेत टेक्दै महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको हो ।



● सञ्जीवराज रेग्मी
सहन्यायाधिवक्ता

मुद्दा चलाउन प्रमाण पुग्दैन

मुद्दा चलाउन आवश्यक आधार र प्रमाण नदेखिएकाले मुद्दा नचलाउने निर्णय भएको हो । रवि लामिछानेले राहदानी लिन दिनुभएको विवरण झुटो होइन, नागरिकताकै विवरण हो र ढाँटेको होइन । अर्को, उहाँको राहदानी कायम छैन । उहाँ आफैंले फिर्ता गरेर अर्को लिइसक्नुभएको रहेछ । यस्तोमा मुद्दा चलाउन मिल्दैन र प्रमाण पुग्दैन ।

नागरिकता विवादमा सर्वोच्चमा लिखित जवाफ पेस गर्दा लामिछानेले १८ मे २०१८ मा अमेरिकी नागरिकता र राहदानी त्याग्न अमेरिकी दूतावासमा निवेदन दिएको तथा सोही वर्ष २८ जुनमा दूतावासबाट परित्यागको स्वीकृतिपत्र बुझेको उल्लेख गरेका थिए । त्यसअघि नै लामिछानेले २७ मे २०१५ मा निष्क्रिय भइसकेको नागरिकताको प्रयोग गरी राहदानी लिएका थिए । यसरी तीन वर्षसम्म लामिछानेले दोहोरो राहदानी प्रयोग गरेको भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा समेत उजुरी परेको थियो ।

यसअघि नागरिकता विवाद सम्बन्धमा परेको रिटमाथि १३ माघमा परमादेश जारी गर्दै सर्वोच्चले नेपाली नागरिकता पुनः प्राप्तिको प्रक्रिया पूरा नगरेको ठहर गर्दै प्रतिनिधिसभा निर्वाचनमा दर्ता गराएको उम्मेदवारी निवेदन नै बदर गरेको थियो । सो फैसलापछि लामिछानेले एक साथ सांसद, उपप्रधानमन्त्री तथा गृहमन्त्री, पार्टीको सभापति पद गुमाएका थिए ।

लगत्तै उनले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट प्रक्रिया पूरा गरी नागरिकता लिएका थिए भने त्यसवेलासम्म साथमा रहेको राहदानी राहदानी विभाग पुगेर बुझाएका थिए । सो परमादेश दिने क्रममा सर्वोच्चले लामिछानेको विषयमा उठेको राहदानी विवादमाथि नेपालले विद्यमान कानुनी प्रक्रियाबाटै टुंगोमा पुग्न सकिने तथा रिटवाहकले राहदानीका विषयमा कुनै माग दाबी नगरेकाले आदेश दिइरहनु नपर्ने उल्लेख गरेको थियो ।

महान्यायाधिवक्तालाई मुद्दा नचलाउन सक्ने अधिकार

कानुनले सरकारी वकिलका साथै महान्यायाधिवक्तालाई कुनै पनि घटनामा मुद्दा नचलाउन सक्ने अधिकार दिएको छ । यसका लागि कानुनले नै निर्धारित गरेका केही सर्त छन् । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार प्रत्येक सरकारी वकिललाई मुद्दा नचलाउने निर्णय गर्ने अधिकार छ । तर, अन्तिम निर्णय भने महान्यायाधिवक्ताले गर्ने संहिताको दफा ३२(८)मा उल्लेख छ ।

यसको उपदफा (६)ले भन्छ, 'कुनै कसुरका सम्बन्धमा कुनै व्यक्तिका विरुद्ध मुद्दा चलाउन तत्काल संलित सबुत प्रमाण पर्याप्त नभई सरकारी वकिलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने निर्णय गरेकोमा त्यस्तो कसुरमा कुनै व्यक्तिको निजी सम्पत्ति वा बिगो हानि-नोक्सानीसम्बन्धी देवानी दायित्वका विषयसमेत समावेश भएको रहेछ भने सरकारी वकिलले सोको सूचना जाहेरवाला वा त्यस्तो कसुरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारीमार्फत दिनुपर्नेछ ।' यही कानुनका आधारमा जिल्ला सरकारी वकिल र उच्च हुँदै मुद्दा नचलाउने निर्णय महान्यायाधिवक्ताको कार्यालयले गर्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०७९/१२/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०१/११ गते दिनको ३:०० बजे सम्म

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बालुवाटार, काठमाण्डौबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचना द्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **३५ (पैंतिस) दिने** सूचना प्रकाशित गरि आव्हान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा सम्बन्धित शाखा कार्यालय बालुवाटार, काठमाण्डौमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु शाखा कार्यालय बालुवाटार, काठमाण्डौबाट ३६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गर्ने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/संचालक/अख्तियार प्राप्त व्यक्तिको विवरण	सुरक्षणमा रहेको धितोको विवरण
१) **ऋणी : खप्तड हेभि इक्विपमेन्ट एण्ड कन्स्ट्रक्शन प्रा.लि.** दर्ता नं. : ६९०१५/०६६/०६७, दर्ता मिति : २०६६/०९/१३ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं पान नं. ३०४१७४११३, ठेगाना : वाडभञ्ज्याङ्ग-२, काठमाण्डौ **संचालक/अख्तियार प्राप्त व्यक्तिको नाम : प्रेम कुमार साउद** बाबुको नाम : नरे साउद बाजेको नाम : माहावीर साउद ठेगानाः मालाखेती-७, कैलाली, हालः बुढानिलकण्ठ-१०, काठमाडौ ना.प्र.नं. : ६७ १०१५/१२७३, जारी मिति : २०६५/१/१० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कैलाली **कर्जा शिर्षक : व्यापार अधिविकर्ष कर्जा र भेहिकल कर्जा** **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौ** **जमानीकर्ताको विवरण** १) **नाम : निर्मला देवी साउँद** पतिको नाम : प्रेम कुमार साउँद ससुराको नाम : नरे साउद ठेगानाः मालाखेती-७, कैलाली, हालः काठमाण्डौ-१०, काठमाण्डौ ना.प्र.नं. : ६७-०१-६९-०७०१६, जारी मिति : २०६९/०६/०३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कैलाली	१. **घर/जग्गाको विवरणः** श्री मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा प्रेम कुमार साउदको नाममा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, कपन-३ स्थित कि.नं. १९५ को क्षेत्रफल ७१.५४ व.मि को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. **सवारी साधनको विवरणः** यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी **खप्तड हेभि इक्विपमेन्ट एण्ड कन्स्ट्रक्शन प्रा.लि.** कायम रहेको निम्न अनुसारको एक्सकाभेटर । **सवारी दर्ता नं. : बा २ क ४४८३** कम्पनीको नाम : हुण्डाई मोडेल : हुण्डाई एक्सकाभेटर बनेको साल : २०१६ सि.सि./हर्ष पावर : ५८८० ईन्जिन नम्बर : २२२१४६२० च्यासिस नम्बर : N602D01670 सवारीको रङ्ग : पहेलो सवारीको प्रयोग : निजी

शर्तहरु :

१. बोलपत्र फाराम यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०२५-९३०७४०१०५०१०१ को "SDBL- Other non-operating Income" मा रु.५००।-(अक्षेरुपी पाँच सय मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी बापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नं. ०२५-९२०६५०१०७०५०१ को "SDBL- Auction Deposit (Lilami)" मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संग्लन गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बालुवाटार, काठमाण्डौ वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. बोलपत्र फाराममा कर्जा शीर्षक र क्र.सं अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
५. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय बालुवाटार, काठमाण्डौमा सम्पर्क राखी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई चल/अचल सम्पत्ति आफ्नो नाँउमा नामसारी गरिलिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
७. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुन टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
८. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा यस डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
१०. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ साथै सो मा कुनै व्याज समेत प्रदान गरिने छैन ।
११. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
१२. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

बाघको आक्रमणबाट दुई महिलाको मृत्यु

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

बर्दियाको मधुवन नगरपालिकामा पाटेबाघको आक्रमणबाट दुई महिलाको मृत्यु भएको छ । ज्यान गुमाउनेमा मधुवन नगरपालिका- ५ की ५० वर्षीया धनसरा गुरुङ र ५५ वर्षीया समुन्द्री बुढाक्षेत्री रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मधुवन नगरपालिका- ५ मा रहेको चिरौटे सामुदायिक वनमा घाँसदाउरा काट्न गएका वेला उनीहरूमाथि बाघले आक्रमण गरेको हो ।

सोमबार दिउँसो करिब १२ बजेतिर चारजना महिला भारतसँग सीमा जोडिएको चिरौटे सामुदायिक वनमा घाँस दाउरा खोज्न गएका थिए । त्यही वेला धनसरा र समुन्द्रीलाई बाघले आक्रमण गरेपछि अन्य दुई महिलाले भागेर ज्यान जोगाएको स्थानीयले बताएका छन् । उनीहरूले गाउँ फर्किएर बाघको आक्रमणबारे खबर गरेपछि स्थानीय खोज्न गएका थिए । खोज्ने क्रममा धनसरा र समन्द्रीको शव भेटिएको थियो । यस क्षेत्रमा पाटेबाघको आक्रमणबाट हालसम्म ११ जनाको ज्यान गइसकेको खाता समन्वय समितिका अध्यक्ष हरि गुरुङले जानकारी दिए ।

हात्तीको आक्रमणबाट महिलाको ज्यान गयो

रौतहट / जंगली हात्तीको आक्रमणबाट रौतहटमा एक महिलाको मृत्यु भएको छ । सोमबार बिहान चन्द्रपुर नगरपालिका- ४ घर भएकी ५० वर्षीया मीना मगरलाई घाँस लिन जंगल गएको वेला जंगली हात्तीले आक्रमण गरेको थियो ।

लालाबाला बोकेरै भूमिहीनको प्रदर्शन



सिराहामा **सुरेन्द्रकुमार कामती**

सिराहा नगरपालिका- १९ सन्हैठाकी मन्जु सदाका सपना ठूला छैनन् । आफ्नै जमिनमा ओत लाग्ने एउटा सानो घर र परिवार पाल्ने रोजगारी । तर, वर्षौंदेखि उनले देखेको यो सपना पूरा भएको छैन । त्यसैले आज पनि मञ्जु भूमिहीनहरूको आन्दोलनमा अग्रपंक्तिमा देखिन्छिन् ।

कोखामा दुईवर्षे सन्तान च्यापेर सोमबार लगातार परिरहेको झरीको पर्वाह नगरी उन

नयाँ पत्रिका
Lifestyle
मंगलबार ७ चैत ०७९ / पृष्ठ ५

अनुपको निर्देशनमा 'यौटा सपनाको अवसान'

अनुप बरालको निर्देशनमा 'यौटा सपनाको अवसान' नाटक १० चैतदेखि मण्डला थिएटरमा मञ्चन हुने भएको छ। यो नाटक आर्थर मिलरको चर्चित नाटक 'डेथ अफ द सेल्समयान'को नेपाली रूपान्तरण हो। नाटकलाई साहित्यकार विप्लव प्रतीकले अनुवाद गरेका हुन्। शेखर चापागाईं, दिव्यदेव, दिया मास्के, मेनुका प्रधान, विजय बराल, विकास जोशी, रोयदिभ श्रेष्ठ आदि कलाकारले यस नाटकमा अभिनय गरेका छन्।

'प्रसाद २' चैत २४ मा

विपिन कार्की र केकी अधिकारीको मुख्य भूमिका रहेको फिल्म 'प्रसाद २' चैत २४ गतेबाट प्रदर्शनमा आउने भएको छ। सुशील पौडेलको कथा रहेको फिल्मलाई सुदर्शन थापाले निर्देशन गरेका हुन्। सुभाष थापाको प्रस्तुतिमा तयार भएको फिल्मका निर्माता सुदर्शन बस्नेत हुन्। एजी फिल्मसँग सुलभ थापा प्रोडक्सनले सहकार्य गर्दै यो फिल्म बनाएको हो। फिल्ममा राजेश श्रेष्ठको छायांकन, राजनराज सिवाकोटीको संगीत छ।

बालबालिकालाई पोषणयुक्त आहार

बालबालिकाको शारीरिक र मानसिक विकासका लागि पोषणयुक्त आहार निकै महत्त्वपूर्ण हुन्छ। दिमागको पूर्ण विकास पाँच वर्षभित्र हुने भएकाले पाँच वर्षमुनिका बालबालिकालाई झनै महत्त्वपूर्ण हुन्छ। बच्चाको शरीर र दिमागलाई स्वस्थ राख्न प्रोटिन, कार्बोहाइड्रेट, फ्याटी एसिड एकदमै आवश्यक हुन्छ।



डा. अनिलराज ओझा
बालविकास विशेषज्ञ
पाटन अस्पताल



प्रोटिन

बच्चालाई प्रोटिनयुक्त खानेकुरा जस्तै- माछा, मासु, अन्डा, दाल तथा गेडागुडी नियमित खुवाउनुपर्छ। यसले मांसपेशी बलियो बनाउँछ। यस्ता खानेकुरामा भिटामिन, खनिज, ओमेगा ३ र फ्याटी एसिडजस्ता उपयोगी तत्त्व पाइन्छन्। जसले बच्चाको दिमागी विकासका साथै सिकाइ र भौतिक विकास अर्थात् उचाइ बढाउँछ।

फलफूल र सागसब्जी

-फलफूल र सागसब्जीका माध्यमबाट शरीरमा चाहिने आवश्यक प्रोटिन, भिटामिन, एन्टिअक्सिडेन्ट, फाइबर र पानीको परिपूर्ति हुन्छ। यसले शरीरमा रोगसँग लड्ने क्षमताको विकास गर्नुका साथै सम्भावित रोगबाट समेत बचाउँछ। त्यसैले खानेकुरामा फलफूल र सागपात समावेश गर्न आवश्यक छ। यसले बालबालिकामा ठूलो भइसकेपछि पनि स्वस्थ खानेकुरा खाने बानीको विकास गर्छ। केमिकल फर्टिलाइजर प्रयोग नगरी उत्पादन गरिएका सागसब्जी तथा अर्गानिक फलफूल खान उपयुक्त हुन्छ।

स्वस्थ पेयपदार्थ

बालबालिकाका लागि पानी स्वस्थ पेयपदार्थ हो। तर, पानी शुद्ध हुन भने जरुरी छ। पानीको उपयुक्त प्रयोगले बच्चाको पाचन प्रकिया सहज राख्छ। बच्चालाई उमालेको पानी खुवाउनुपर्छ। धेरै चिसो पानी पनि खुवाउनुहुँदैन। फोहोर पानीले विभिन्न संक्रमण निम्त्याउन सक्छ। त्यस्तै, कोल्डड्रिंक्स खुवाउनुहुँदैन।

अन्न

बच्चाको वृद्धिविकासका लागि अन्न अपरिहार्य खाद्यवस्तु हो। चामल, गहुँ, मकै, जौ, कोदो आदिजस्ता अन्नबाट बनेका विभिन्न खानेकुरा बच्चाको नियमित भोजनमा समावेश गर्नुपर्छ। यसले लामो समयसम्म ऊर्जा दिने र शारीरिक विकास छिटो हुने हुन्छ। अन्न खाँदा लामो समयसम्म भोक नलाग्ने भएकाले समेत स्वास्थ्यका लागि लाभदायी छ। यसबाहेक घरमा पकाइएको स्वस्थ खानेकुरामा जहिले पनि जोड दिनुपर्छ। बजारबाट किनेर जंकफुड खुवाउनुहुँदैन।

दूधजन्य पदार्थ

बच्चाको दिमागी विकासका लागि दूधजन्य पदार्थ एकदमै लाभदायी हुन्छ। दहीले दिमागको कोषलाई लचिलो बनाउँछ, जसबाट दिमागको छिटो संकेत लिने र तत्काल प्रतिक्रिया जनाउने क्षमता बढ्छ। यसमा प्रोटिन र क्याल्सियम प्रशस्त मात्रामा पाइने भएकाले हड्डी र दाँत बलियो बनाउँछ।

के-के नखुवाउने ?

- खासगरी, बच्चाहरू फास्टफुड र जंकफुड खान रुचाउँछन्। तर, यस्ता खानेकुराबाट बच्चालाई टाढा राख्नुपर्छ। किनकि, यस्ता खाद्यान्नमा अत्यधिक नुन, स्याचुरेटेड फ्याट, चिनी, कम मात्रामा मात्र फाइबर र पौष्टिक तत्त्व पाइने भएकाले बच्चाको वृद्धि विकासमा असर पुग्छ।
- कोल्डड्रिंक्स र बजारमा किनिएको चिनी मिसिएको जुसले बच्चाको स्वास्थ्यमा असर गरिरहेको हुन्छ। तसर्थ, बच्चालाई यस्ता पेयपदार्थबाट टाढा राख्नुपर्छ।
- बढी चकलेट, जंकफुड तथा अस्वस्थ खानाले दाँतमा किरा र आन्द्राको रोग लाग्ने सम्भावना हुन्छ। यसमा अभिभावकले विशेष ध्यान दिनुपर्छ। सानैदेखि स्वस्थ खानेकुरा मात्रै लिने बानीको विकास बच्चामा गराउनका लागि अभिभावकको मार्गनिर्देशन निकै महत्त्वपूर्ण रहन्छ।

ड्राई स्किनमा सुहाउँछ यस्तो मेकअप



विनय अधिकारी
मेकअप एन्ड हेयर डिजाइनर
निल डेभिड सैलुन



मेकअप गर्नुअघि मोस्चराइजर क्रिम लगाउने : ड्राई स्किनका लागि मेकअप गर्नुअघि सफा पानीले अनुहार सफा गर्नुपर्छ। त्यसमा हल्का मोस्चराइजर लगाउने र केही मिनेटपछि फाउन्डेसन लगाउनुपर्छ। बजारमा विभिन्न मेकअप सामग्री पाइन्छन्। त्यस्ता मेकअप प्रडक्टले अनुहारको छालामा खराब असर पनि पुऱ्याउन सक्छ। त्यसैले, राम्रो क्वालिटीको मेकअप प्रडक्ट प्रयोग गर्नुपर्छ।

लिक्विड हाइलाइटर लगाउने : मेकअप सामग्रीमा क्वालिटीको लिक्विड फाउन्डेसन समावेश गर्न जरुरी हुन्छ। यसलाई नरम मेकअप ब्रसले लगाउनुपर्छ। यसले अनुहारलाई चम्किलो बनाउँछ। फरक लुक्स दिन्छ।

पाउडर नलगाउने : बजारमा विभिन्न कम्पनीका पाउडर प्रडक्ट पाइन्छन्। सुख्खा छाला हुने पाउडर प्रयोग गर्नु राम्रो हुँदैन। यसले छालालाई थप सुख्खा बनाउँछ।


लाइट मेकअप गर्ने : सकभर लाइट मेकअप गर्नु राम्रो हुन्छ। मेकअपमा फिनिसिङ टच दिँदा ब्लस अनिवार्य प्रयोग गर्नुपर्छ। अनुहारको चमक बढाउन ब्लसको प्रयोग गरिन्छ। यसले अनुहारको सेपलाई सुधार्न सहयोग गर्छ र असन्तुलित मेकअपलाई ठीक बनाउँछ। कहिलेकाहीं भारी मेकअप गर्नैपर्ने अवस्था आएमा फाउन्डेसनमा दुई थोपा फेस आयल मिसाएर प्रयोग गर्दा राम्रो हुन्छ। फाउन्डेसनले अनुहारलाई मुलायम बनाउँछ र अनुहारमा चमक पनि देखिन्छ।

यस्तो आइस्याडो लगाउने : सुक्खा छालाका लागि आँखाको मेकअप गर्दा पनि ध्यान दिनुपर्छ। यस्तो वेला सर्घैं क्रिमयुक्त आइस्याडो प्रयोग गर्नुपर्छ। यो अन्य आइस्याडोभन्दा राम्रो हुन्छ। मेकअपलाई भद्दा देखाउँदैन। ड्राई स्किनका लागि आँखाको मेकअप गर्दा पेन्सिल आइलाइनर वा लिक्विड आइलाइनर प्रयोग गर्दा राम्रो हुन्छ। यसले थप आकर्षक बनाउँछ।

लिपस्टिक : ड्राई स्किनमा मेकअप गर्दा ओठमा रंगीन लिपस्टिक लगाउन सक्नुहुन्छ। लिपस्टिकले ओठलाई सुख्खा देखाउँदैन।

'कृष्ण पाउरोटी र कृष्णबहादुर राजकर्णिकार' पुस्तक बजारमा

काठमाडौं/ नियात्राकार घनश्याम राजकर्णिकारको पुस्तक 'कृष्ण पाउरोटी र कृष्णबहादुर राजकर्णिकार' सार्वजनिक भएको छ। पुस्तक कृष्ण पाउरोटी भण्डारले बजारमा ल्याएको हो। नेपालमा पाउरोटी उद्योगको स्थापना गर्ने कृष्णबहादुर राजकर्णिकार र कृष्ण पाउरोटी भण्डाका विषयमा यो पुस्तक आधारित छ। पुस्तकमा कृष्ण पाउरोटीको इतिहास, विकास र आरोह-अवरोहलाई लेखकले संस्मरणको रूपमा प्रस्तुत गरेका छन्। लेखक कर्णिकारका केही चिन्तन केही मन्थन (२०३५), विदेशको यात्रा : स्वदेशको सम्झना (२०३७), देश प्रदेशको भ्रमण (२०४३), सम्झनाको लहरमा लहरिँदै जाँदा (२०५२), बुद्ध ज्योतिका केही रश्मि (२०६४) लगायत पुस्तक प्रकाशित भइसकेका छन्।




कुन समयमा योग गर्नु राम्रो ?



विजय सापकोटा
योग प्रशिक्षक
सम्बोधी योग केन्द्र

- योगले शरीरलाई स्वस्थ राख्छ। तर, योग गर्नेले अनुशासनमा बस्न जरुरी छ। निश्चित विधि पालना गरेर योग गर्दा अधिक लाभ लिन सकिन्छ।
- गुरुको निर्देशनअनुसार योगाभ्यास सुरु गर्नुस्। आफैं जथाभावी योग गर्दा राम्रो नतिजा नआउन सक्छ।
- सूर्योदय र सूर्यास्तको समय योग गर्नका लागि सही समय हो। योग गर्नुभन्दा अघि स्नान गर्नु राम्रो हुन्छ।
- योग गर्नुभन्दा दुई घन्टाअघि केही पनि खानुहुँदैन। खाली पेटमा योग गर्दा राम्रो हुन्छ।
- आरामदायक सुतीको कपडा लगाउनुस्।
- योग गर्नुअघि मनलाई स्वच्छ राख्नुस्, खराब कुरालाई दिमागबाट निकाल्नुस्।
- शान्त वातावरण र सफा ठाउँमा योग अभ्यास गर्नुस्।
- धैर्य र दृढतापूर्वक योगाभ्यास गर्नुस्।
- कुनै स्वास्थ्य समस्या छ भने चिकित्सकसँग परामर्श गरेर मात्रै योग गर्न थाल्नुस्।
- यदि योग गर्दा समस्या देखियो भने अभ्यास रोक्नुस्।



Government of Nepal (GoN)
Ministry of Health and Population
National Academy of Medical Science
National Trauma Center
Mahankal, Kathmandu

Invitation for Re: e-Bids

Date of publication: 2079/12/07
Invitation for Bids No: NTrC/G/NCB/19-079/80

1. The **National Trauma Center, Mahankal, Kathmandu** invites ***electronic*** bids from eligible bidders for the procurement of **Supply, Delivery and Installation of Modular Operating Theatre** under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **National Trauma Center**, Mahankal, Kathmandu or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost **Rs. 5000/-** of bidding document in the following Rajaswa (revenue) account as specified below.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Investment Bank Limited, New Road Branch
   Name of Office: National Trauma Center
   Office Code no.: 370003510 Office Account no.: 00701020257039
   Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall not be held.
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 pm** on **2079/12/22**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm on 2079/12/22** at the office of **National Trauma Center, Mahankal, Kathmandu**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 24,62,500/-**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: **1700100102030000** District Treasury Office, Tripureswor, Kathmandu at **Rastriya Banijya Bank**, Teku Branch and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Hospital Administration

Bardibas Municipality
Office of Municipal Executive
Bardibas, Mahottari
Madhesh Province, Nepal

Invitation for Sealed Quotation

(Date of first Publication :- 2079/12/07)

1. The **Bardibas Municipality** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of **Supply and Delivery of Iron made Desk and Bench Furniture.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Bardibas Municipality, Bardibas, Mahottari, bardibasmun@gmail.com.**
3. A complete set of Bidding Documents may be purchased from the office of **Bardibas Municipality, Bardibas, Mahottari** and the office of Bardibas Municipality, Bardibas by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2079/12/21 during office hours.
4. **Bidders, submitting their bid, should deposit the cost of bidding document in the following account**
   Name of the Bank :- Agriculture Development Bank, Bardibas Branch
   Name of Office :- Bardibas Municipality, Bardibas, Mahottari
   Office Account No. :- 1006301149128105
   Account Name :- Internal Rajaswa (revenue)
5. Sealed bids must be submitted to the office **Bardibas Municipality, Bardibas, Mahottari** by hand on or before 12:00 Noon on 2079/12/22. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/12/22 at 2:00 PM at the office of **Bardibas Municipality, Bardibas, Mahottari.** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **Rs. 50000.00 (Fifty thousand),** which shall be valid for **30 days** beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in **Deposit Account No.: 1006301149128067 at Agriculture Development Bank, Bardibas Branch** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

S. N.	Contract ID	Descriptions	Estimated Amount without VAT (Nrs.)	Bid Fee Amount (Nrs.)	Bid Security Amount (Nrs.)	Remarks
1.	SQ/BM/G/03/2079/080	Supply and Delivery of Iron made Desk and Bench Furniture	1742405.68	1000.00	50000.00	

Chief Administrative Officer

जातीय भेदभाव : कानुनमा उन्मूलन, व्यवहारमा यथावत्

दलितहरूले धेरैअघिदेखि उठाउँदै आएका माग नेपालको संविधानमार्फत तुलनात्मक रूपमा सम्बोधन गरिएको भए पनि कार्यान्वयनमा भने धोकाधडी हुँदै आएको छ



● गणेश विश्वकर्मा

अग्रलेख

प्रथम विश्वयुद्धपछि अमेरिकी श्वेत हतियारधारीले अमेरिकाभरि कालाजातिका मानिसलाई जथाभावी मार्न थाले, जसलाई 'रेड समर' भनियो । दोस्रो विश्वयुद्धको अत्यपछि कालाजातिले 'सामाजिक न्यायका लागि संघर्ष' को दशक घोषण गरे । मार्टिन लुथर किङ जुनियर, फिलिप रुडोल्फ, वायर्ड जस्टिनजस्ता नागरिकले शान्तिपूर्ण आन्दोलन सुरु गरे । अमेरिकीले कालाजातिलाई दासका रूपमा सन् १६१८ देखि १४४ वर्षसम्म दबाए । अमेरिकाको पुनर्निर्माण कालमा संविधानको तेह्रौं, चौधौं र पन्ध्रौं संशोधनबाट कालाजातिले नागरिक हक प्राप्त गरे । संविधान संशोधन पनि भयो दक्षिणी राज्यहरूले विभेदकारी कानुन एक सय वर्षसम्म कायमै राखे । सेग्रिगेसन (अलगाव) कानुनअनुसार अश्वेतले गोरासँग हात मिलाउन नपाउने, सँगै बसेर खाना खान नहुने र कालाले गोरासँग विवाह गर्न नहुने व्यवस्था थियो । साथै, कालालाई बस्ने, काम गर्ने क्षेत्र, समय र पारिश्रमिक अलगै निर्धारण गरिएको थियो । 'सेपरेट बट इक्वेल' कानुनका रूपमा सर्वोच्च अदालतले मान्यता दिएपछि मात्र अमेरिकी नागरिकको हक प्राप्त गरे पनि उनीहरूमाथि गोरा जातिले 'के.के.के.' (कुक, क्लार्क, क्लान) जस्ता आतंककारी संगठनमार्फत कालामाथि दमन गर्ने विभिन्न नीति अगाडि सारे । यसअन्तर्गत गोरा महिलालाई आँखा जुधाएको आरोपमा रुखमा झुन्ड्याउने, जिउँदै जलाउने, उनीहरूको घरबार र उनीहरूलाई मात्र बनाइएको अलग चर्चमा आगो लगाइदिने, गोराहरूले मुखमा कालो पोतेर कालाविरुद्ध व्यंग्य गर्ने, आम्दानीको स्रोतसाधनबाट वञ्चित गराउनेजस्ता अमानवीय व्यवहार गरेपछि सहन नसकेर आफू बसोवास गरेको ठाउँमा बस्न नसकी कालाहरू अमेरिकाको उत्तरी भेगको औद्योगिक क्षेत्रमा मजदुरीका लागि बसाइँ सर्न थाले । यसलाई 'ग्रेट माइग्रेसन' भनियो । यसरी गोरा र कालाको छुट्टाछुट्टै बस्तीको विकास हुन पुग्यो । यस्तो अमानवीय प्रथाविरुद्ध सन् १९६० मार्च २१ को दिनमा दक्षिण अफ्रिकाको सार्पभिल्ले भन्ने नगरमा रंगभेदी कानुनविरुद्ध भएको एक शान्तिपूर्ण २० लाखभन्दा बढीको जनप्रदर्शनमाथि त्यहाँको राज्यसत्ताद्वारा कालाजातिका मानिसविरुद्ध गरिएको नरसंहारमा ६९ जना आन्दोलनकारीको हत्या भयो भने तीन सयभन्दा बढी आन्दोलनकारी घाइते भए । यस नरसंहार तथा बर्बरतापूर्ण दमनविरुद्ध न्यायप्रेमी विश्व मानव समुदायको खबरदारी तथा सामूहिक ऐक्यबद्धताका कारण सबैखाले विभेद अन्त्यका लागि सन् १९६६ मा संयुक्त राष्ट्रसंघको महासभाले सार्पभिल्लेमा भएको दुःखान्त घटनाको स्मरण गर्दै सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गर्दै २१ मार्चलाई जातीय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवसका रूपमा घोषणा गऱ्यो । यसरी २१ मार्चलाई विश्वका जाति तथा रंगभेदबाट उत्पीडित समुदायलाई सबै प्रकारका जातीय भेदभावविरुद्ध एक भएर लड्नका लागि प्रेरणादायी दिनका रूपमा मनाउने गरिन्छ ।

नेपालमा २१ मार्चको सन्दर्भ : सन् २००१ मा दक्षिण अफ्रिकाको डर्बानमा सम्पन्न जातिवादविरुद्धको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालका तर्फबाट दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायतले संयुक्त रूपमा वैकल्पिक प्रतिवेदन पेस गरेपछि दलित मुद्दा औपचारिक रूपमा डर्बान घोषणामा समावेश भएको हो भने सन् २०११ मा जनेभामा सम्पन्न डर्बान समीक्षा सम्मेलनले यसको पुनः पुष्टि गर्दै सन् २०१० देखि २०२० लाई जातिवादविरुद्धको दशक घोषणा गऱ्यो । यही ऐतिहासिक पृष्ठभूमिमा नेपालका राजनीतिक दलित संगठन, दलितसम्बन्धी सरकारी संरचना र दलित गैससलगायतले २१ मार्चलाई सबैखाले विभेदको अन्त्य तथा विश्वमा भएका विभिन्न आन्दोलनको सेलिब्रेसन र सोलिडारिटीका लागि अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने प्रचलन रहेको हो ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ मार्फत संयुक्त राष्ट्रसंघको नेतृत्वमा मानिसले मानिसविरुद्ध गरिने सबैखाले भेदभाव उन्मूलनका लागि अन्तर्राष्ट्रियस्तरमा सामूहिक रूपमा प्रतिबद्धता जाहेर गरेको ७५ वर्ष नाघिसकेको छ । भने संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले नेपाल सरकारद्वारा 'सबैखाले जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि'मा हस्ताक्षर गर्दै त्यसलाई नेपाल राज्यको एक मुख्य संवैधानिक अंगका रूपमा पालना र कार्यान्वयन गर्न सहमति जनाएको पनि आज ५८ वर्ष पुगिसकेको छ । तैपनि, हाम्रो देशको रुकुमपश्चिमको नरसंहार र त्यसपछि पनि शृंखलाबद्ध रूपमा देशभर ५० भन्दा बढी दलितको योजनाबद्ध हत्या र पाँच हजारभन्दा बढी छुवाछुतका घटना घटेका छन् ।

दुई दशकअघि सिराहा जिल्लामा पदमनारायण चौधरीको नेतृत्वमा घटाइएको चमार बहिरष्कारको घटना अहिले फेरि सोही जिल्लाको भगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवबाट पुनर्जीवित भएको छ । सिराहाको घटना सेलाउन नपाउँदै पर्साको एक महायज्ञमा दलित बहिष्कारको घटना घटाइएको छ ।



सन्दर्भ : अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस

गएको महाशिवरात्रिमा ओखलढुंगामा मन्दिर प्रवेशमा लगाइएको प्रतिबन्ध हाल दलितमाथि गाउँ बहिष्कारमा रुपान्तरण भएको छ । यसअघि कास्की, पाल्पा, धनकुटा, बझाङ, रामेछाप, कैलाली, कालिकोट, ताप्लेजुङ, बाग्लुङ, सप्तरीलगायत जिल्लामा घटाइएका हत्यासम्मका घट्ना सबै जातीय भेदभाव तथा छुवाछुतका कारण राज्य संरक्षित घटना हुन् । यी घटनाले विश्वमा स्थापित पुँजीवादी व्यवस्थाको धज्जी उडाउँदै यसमाथि फेरि एकपटक प्रश्न खडा गरिदिएको छ । एक्काइसौं शताब्दीको पुँजीवादी व्यवस्थाले जातीय विभेद र रंगभेद उन्मूलन गर्न त परै जाओस्, उल्टै यसलाई बलियो बनाएर कायम राख्ने चरित्र प्रदर्शन गरिरहेको छ । दलित समुदायले राज्यको स्रोत-साधन, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रबाट बहिष्करणको नियति भोगिरहेको छ । पुँजीवादी-साम्राज्यवादी देशहरूले विश्वमा 'उत्कृष्ट प्रजातन्त्र' भन्दै दुहाइ दिँदै सैन्य आक्रमण र उदारीकरणका नाममा आर्थिक साम्राज्य अर्थात् एकाधिकार पुँजीवाद जमाइरहेका छन् । त्यसैले, विश्वव्यापी रूपमा शोषित-पीडितहरू रंगभेद, जातीय विभेद र अल्पसंख्यक समुदाय एक भई पुँजीवादी साम्राज्यवादविरुद्ध संघर्ष गर्नुको विकल्प देखिँदैन ।

> नेपालले सबैखाले जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरेको भए पनि रुकुमपश्चिमको नरसंहार र त्यसपछि पनि शृंखलाबद्ध रूपमा देशभर ५० भन्दा बढी दलितको योजनाबद्ध हत्या र पाँच हजारभन्दा बढी छुवाछुतका घटना भएका छन्

दलित आन्दोलनको आगामी कार्यदिशा : आजको परिवर्तित परिस्थितिमा अबको नेपाली दलित आन्दोलनले आफूलाई नयाँ कार्यदिशाका साथ नयाँ उचाइमा उठाउनु अनिवार्य छ । दलितहरूले धेरैअघिदेखि उठाउँदै आएका माग नेपालको संविधानमार्फत तुलनात्मक रूपमा सम्बोधन गरिएको भए पनि कार्यान्वयनमा भने धोकाधडी हुँदै आएको छ । त्यसैले नेपालको संविधान संशोधनको मागसहित साझा आन्दोलन विकास गर्नु आजको दलित आन्दोलनको मुख्य कार्यभार हो । नेपालको दलितमुक्ति आन्दोलनको सात दशक लामो संघर्षको परिणामस्वरूप आज दलित विषय नेपालको राजनीतिक तथा प्राज्ञिक क्षेत्रको एउटा केन्द्रीय मुद्दाका रूपमा सम्बोधन गर्नैपर्ने गरी स्थापित भएको छ । दलित समुदायबाट हजारौं राजनीतिक नेता-कार्यकर्ता उत्पादन भएका छन् । यति हुँदाहुँदै पनि दलितमाथिको आधारभूत शोषण, उत्पीडन र जातीय छुवाछुत तथा भूमिहीनता, बेरोजगारी, बालीघरे प्रथा, दलितमाथि बलात्कार, हत्या र चरम शोषण जारी छ ।

सामन्तवादको अन्त्य भएर दलाल पुँजीवादी राज्यसत्ताको उत्पीडनविरुद्ध लड्नुपर्ने कार्यभार दलित आन्दोलनसामु उपस्थित भएको छ । यसका लागि पहिलो, प्रगतिशील महसुसीकरणको कार्यदिशासाथ दलितहरूबीच रहेको अन्तरविरोधको अन्त्य गर्ने जागरण अभियान सञ्चालन गर्ने, दलित जनवर्गीय संगठनलाई पूर्णतया पार्टीको आन्तरिक लोकतान्त्रीकरणको लडाइँमा केन्द्रित गर्ने, जनवर्गीय संगठनमा दशकौं काम गरेका दलित नेताहरू पार्टीको नेतृत्वमा रुपान्तरण गर्ने, पार्टी नेतृत्वमा गएर दलित आन्दोलनका माग सम्बोधन गर्ने काममा केन्द्रित हुनुपर्छ । दोस्रो, प्रगतिशील तप्कासँगको सहकार्यलाई निर्णायक बनाउँदै जातीय भेदभाव तथा छुवाछुतविरुद्ध आज सिंगो मानव अधिकार समुदाय, नागरिक समाज, पत्रकार, प्राध्यापक, यूवा विद्यार्थी, शिक्षक, वकिल, सामाजिक संघ-संगठनहरू सबै दलित आन्दोलनका पक्षमा रहेको सन्दर्भमा दलित आन्दोलनलाई गैरदलितविरुद्धको आन्दोलनका रूपमा नलिई सामाजिक, आर्थिक, प्रगतिशील रुपान्तरण अभियानका रूपमा विकास गर्दै उनीहरूको सहयोगमा व्यापक जागरण अभियान सञ्चालन गर्ने कार्यदिशा लिनुपर्छ । भने तेस्रो, प्रगतिशील राजनीति निर्माणका लागि राजनीतिक हस्तक्षेपविना दलित र जातीय भेदभावसम्बन्धी समस्याको हल सम्भव छैन । त्यसैले, सबै राजनीतिक दललाई साझा मुद्दामा साझा सहमति कायम गर्न पहल गरिनुपर्छ । यसका लागि दलितहरूबीचको व्यापक एकता बलियो भएर मात्र पुग्दैन, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्तिलगायतको संयुक्त मोर्चा बनाएर अघि बढ्ने कार्यदिशा तय गर्नुपर्छ । सो मोर्चाले जातीय छुवाछुत र दलितमाथि हुने समसामयिक अन्याय अत्याचारविरुद्ध देशमा रहेका सबै विचारका संगठन र अधिकारमुखी सामाजिक संघसंस्थासँग संयुक्त संघर्ष समिति वा कार्यगत एकतासाथ अभियान सञ्चालन गर्दै यसलाई विश्वव्यापी आन्दोलनसँग जोडेर लैजानुपर्छ । सात दशकदेखि चल्दै आएका दलित, महिला, मधेसी, आदिवासी जनजाति, मुस्लिमलगायत सामुदायिक आन्दोलनको एकताबद्ध प्रयासको बलबाट समग्र राजनीतिक तथा आर्थिक सामाजिक रूपान्तरणको एकीकृत प्याकेजको तत्कालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना निर्माण गरिनुपर्छ । नेपाली दलित मुक्ति आन्दोलनलाई समग्र राजनीतिक आन्दोलनसँग एकाकार गर्दै सिंगो समाजको राजनीतिक चेतनामा अभिवृद्धि गरी सांस्कृतिक रुपान्तरणका माध्यमबाट दलित समस्या हल गर्न सकिन्छ भन्ने हाम्रो साझा मान्यतालाई सही विचार र वैज्ञानिक नीति तथा प्रभावकारी कार्यान्वयनका आधारमा मात्रै यो समस्याको उपयुक्त समाधान हुन सक्छ भन्ने यथार्थको बोध गहिरो गरी हुन जरुरी छ ।

(विश्वकर्मा नेकपा एकीकृत (समाजवादी) का पोलिटब्युरो सदस्य तथा नेपाल दलित मुक्ति संगठनका अध्यक्ष हुन्)

३ प्रश्न

अनेरास्ववियु क्रान्तिकारीका पूर्वअध्यक्ष तथा माओवादी केन्द्रका केन्द्रीय सदस्य **लेखनाथ न्यौपाने**लाई



लामो अन्तरालपछि स्ववियु निर्वाचन सम्पन्न भएको छ । यसलाई कसरी हेर्नुभएको छ ?

यसलाई दुइटा कोणबाट हेर्न सकिन्छ । पहिलो, प्रतिस्पर्धात्मक राजनीतिमा विद्यार्थी सहभागी हुनु सकारात्मक छ । दोस्रो, अबका दिनमा नयाँ भूमिकाको खोजी नगर्ने हो भने यसको खास अर्थ छैन ।

अहिलेको विद्यार्थी राजनीति कता गइरहेको देख्नुहुन्छ ?

हिजो पञ्चायती शासनकालमा विद्यार्थी राजनीति आमजनताको भरोसाको केन्द्र बनेको थियो । यो आन्दोलन मूल्यको जगमा अडिएको थियो । तर, जब ०४६ को जनआन्दोलनसँगै राजनीतिक दलहरू सार्वजनिक भएर सिंहदरबार पसे, विद्यार्थी राजनीति पनि उनीहरूसँगै सिंहदरबार पस्यो । उसले आफ्नो प्रतिपक्षीय चरित्र गुमायो । अनि, हिजोको गौरवपूर्ण विद्यार्थी आजको दिनमा आइपुग्दा राजनीति स्खलित भयो ।

अहिलेको विद्यार्थी राजनीतिलाई बचाउन के गर्नुपर्ला त ?

म धेरै आशावादी छैनँ । यतिखेर विद्यार्थी संगठनहरू छन्, तर विद्यार्थी राजनीति छैन । विद्यार्थी राजनीति जहिल्यै प्रतिपक्षी चरित्रको हुनुपर्छ । काग्रेस सत्तामा हुँदा नेविसंघ, एमाले सत्तामा हुँदा अनेरास्ववियु, माओवादी सत्तामा हुँदा अनेरास्ववियु (क्रान्तिकारी) लगायत विद्यार्थी संगठन प्रतिपक्षीय भूमिकामा उभिनुपर्छ । सरकारले राम्रा काम गर्दा समर्थन गरेर त्यसलाई तल्लो तहसम्म लाने र सरकारले गलत गर्दा खुलेर खबरदारी गर्ने हिम्मत गर्ने हो भने मात्र विद्यार्थी राजनीतिको साख जोगिन सक्छ । विद्यार्थी राजनीतिको वर्तमान नेतृत्वले आत्मनिरीक्षण गरेर अघि बढ्न सक्यो भने आशा गर्न सकिएला तर अहिले त्यस्तो परिदृश्य कहींकतै देखिन्न ।

प्रेरक प्रसंग

फर्सीको तीर्थयात्रा

हाम्रो समाजमा तीर्थयात्राको निकै ठूलो महत्त्व छ । पहिले-पहिले यस्तो यात्रामा जान निकै कठिन थियो । अधिकांश तीर्थयात्रा पैदलै गर्नुपर्ने बाध्यता थियो । थोरै-थोरै यात्रापछि नै विश्राम गर्नुपर्ने हुन्थ्यो । अनेक प्रकारका मानिससित भेटघाट हुन्थ्यो । अनेक भाषा, विविध रीतिरिवाजको अनुभव लिन पाइन्थ्यो । विविधतामय समाज देख्न पाइन्थ्यो । अनेकौं कठिनाइसित पनि जुध्नुपर्ने हुन्थ्यो ।

धेरै अघि तीर्थयात्रामा निस्कन लागेका केही मानिस आफ्नो सहरका एक विख्यात सन्तकहाँ पुगे । उनीहरूले सन्तलाई पनि आफूहरूसँगै तीर्थयात्रामा जान अनुरोध गरे । सन्तले आफ्नो असमर्थता देखाउँदै उनीहरूलाई एउटा तीतो स्वादको फर्सी दिँदै भने- माफ गर्नुहोला, कामविशेषले गर्दा म हजुरहरूसँग यो तीर्थयात्रामा सरिक हुन सकिनँ । तपाईंहरू यो फर्सी लिएर जानुहोस् र जहाँ-जहाँ स्नान गर्नुहुनेछ, त्यहाँ-त्यहाँ यसलाई पनि स्नान गराइदिनुहोस् । तीर्थस्थलमा ईश्वरको दर्शन पनि गराइदिनुहोस् । र, फर्किंदा साथमै ल्याउनुहोस् । तीर्थयात्रीले सन्तको अनुरोध स्विकारेर फर्सी साथमा लिएर तीर्थयात्रामा निस्किए । उनीहरूले आफूले जहाँ-जहाँ स्नान गरे, त्यहाँ-त्यहाँ फर्सीलाई पनि स्नान गराइदिए । मन्दिरमा पनि दर्शन गराए । यस्तो गर्दागर्दै उनीहरूको तीर्थयात्रा पूरा भयो । सबै घर फर्किए । उनीहरूले सन्तको फर्सी सकुशल फिर्ता गरे । सन्तले सबै तीर्थयात्रीलाई धन्यवाद दिँदै अर्को दिन आफ्नो आश्रममा प्रीतिभोजका लागि सबैलाई आमन्त्रित गरे ।

सन्तको आमन्त्रण स्विकार्दै तीर्थयात्री भोलिपल्ट निर्धारित समयमा प्रीतिभोजका लागि सन्तको आश्रममा पुगे । सबैलाई श्रद्धापूर्वक भोजन अर्पण गरियो । भोजमा अन्य परिकारका साथमा तीर्थयात्रामा लगिएको फर्सीको तरकारी पनि सामेल थियो । सबै तीर्थयात्रीले भोजन सुरु गरे । फर्सीको तरकारी मुखमा हाल्नासाथ सबैले एकै स्वरमा भने- ओहो ! फर्सीको तरकारी त कस्तो तीतो रहेछ । सन्तले अचम्म मानेजस्तो गर्दै भने- हँ, फर्सीको तरकारी तीतो छ रे ! यो त त्यही तीर्थ स्नान र दर्शन गरेर आएको फर्सीको तरकारी हो । तीर्थाटनपूर्व त यो साँच्चै तीतो थियो । तर के तीर्थाटनपछि त्यो तीतो हराएनछ ?

सन्तको प्रश्नले सबै तीर्थयात्रीका आँखा खुले । उनीहरूले मनको मैलो तथा विकार सफा नगरी तीर्थयात्रा गर्नुको कुनै अर्थ रहेनछ भन्ने बुझे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

युवालाई स्वदेशमै काम देऊ

नेपाली बेरोजगार युवाले कहिलेसम्म स्वदेशमा काम नपाएर विदेशतिर भौंतारिरहनुपर्ने हो ? यसरी भौंतारिनुपर्दा अलपत्र परेर, काम नपाएर तथा दलालको फन्दामा परेर आफूसित जेजति भएको जायजेथासमेत गुमाउनुपर्ने बाध्यता छ । साहूको ऋण तिर्न र घरखर्च टार्न विदेश हिँडेका युवाको ताँतीले पठाएको रेमिट्यान्सबाटै सरकारको खर्च चलिरहेको छ । तैपनि, तिनै युवालाई मर्का पर्दा, उनीहरू विदेशमै अलपत्र पर्दा सरकारले खासै चासो दिएको देखिन्न । रोजगारीका लागि विदेश पुगेका नेपाली युवाले त्यहाँ के-कस्तो सास्ती भोगिरहेका छन्, त्यसबारे कुनै चासो नदिनु आमनेपाली युवाकै अपमान हो । सरकारले उनीहरूको पीडा बुझेर आगामी दिनमा युवालाई विदेश पठाउने होइन, उनीहरूको ऊर्जा स्वदेशमै खर्चिने वातावरण मिलाउनुपर्छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

समाचारको राम्रो प्रभाव

'मलेसियामा अलपत्र ५६ नेपाली श्रमिकले क्षतिपूर्तिसहित पाए रोजगारी' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । नयाँ पत्रिकामा समाचार प्रकाशित भएको केही दिनमै यसरी विदेशी भूमिमा अलपत्र परेका नेपाली युवाले रोजगारी र क्षतिपूर्ति दुवै पाउने अवस्था सिर्जना हुनुलाई समाचारको राम्रो प्रभावका रूपमा लिनुपर्छ । सञ्चार माध्यमको प्रयासमा अलपत्र नेपाली युवाले पहिले भनिएकै काममा लाग्ने अवसर पाएको सुन्दा हामीलाई त खुसी लागेको छ भने उनीहरूका निराश परिवार कति खुसी भएका होलान् ? पीडितका पक्षमा आगामी दिनमा पनि नयाँ पत्रिकाको कलम यसैगरी चलिरहोस् ।

● **सुमित्रा चापागाईं**
थापाथली, काठमाडौं

मल कारखाना बन्न सक्दैन हो ?

नेपाल कृषिप्रधान देश हो भनेर पढ्दापढ्दै बूढो भइसकियो । तर, कृषिप्रधान देशमा एउटा रासायनिक मलको कारखाना अझै खुल्न सकेको छैन । हरेक वर्ष देशको अर्बौं रकम मल आयातका नाममा विदेश जान्छ । तर, राज्यका हर्ताकर्ताले स्वदेशमै रासायनिक मल कारखाना स्थापना गर्ने विषयमा भने कत्ति पनि चासो दिएका छैनन् । अब सरकारले हाम्रो देशमा मलको कारखाना सञ्चालन गर्न सम्भव छ कि छैन ? प्रस्ट जवाफ जनतालाई दिन सक्नुपर्छ । सम्भव छ भने आलटाल नगरी कारखाना स्थापनाको पहल सुरु गर्नुपर्छ ।

● **चक्र तामाङ**
बर्दिबास, सर्लाही

मोदी विश्वकै सबैभन्दा लोकप्रिय नेता !

मोदीको असाधारण लोकप्रियता लोकरिझ्याइँमा मात्र आधारित छैन, उनले केही काम पनि गरेका छन्



देश / विदेश

● निकोलस क्रिस्टोफ

आजकल भारतको राजधानी अस्वाभाविक रूपमा प्रधानमन्त्री नरेन्द्र मोदीका पोस्टरले ढाकिएको छ र उनलाई भारतलाई आधुनिकतातर्फ गति दिने प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएको छ । तर, ती पोस्टरले ठिकविपरीत कुरा पनि झल्काउँछन् । पोस्टरले व्यक्तिप्रतिको बढ्दो आसक्ति र भारत अधिनायकवादतर्फ तीव्र गतिमा गइरहेको संकेत गर्छन् । तत्कालको राजनीतिक परिदृश्य हेर्दा व्यक्तित्वप्रति आसक्ति निश्चय नै बढिरहेको छ । 'मर्निङ कन्सल्ट'का अनुसार मोदी मुलुकमा सबैभन्दा लोकप्रिय नेता हुन् । उनलाई ७८ प्रतिशत अनुमोदन प्राप्त भएको छ, जुन विश्वका अरू नेताका तुलनामा अत्यधिक हो । विपक्षी छरिएर रहेका अवस्थामा आगामी वर्ष हुने लोकसभा चुनाव विजयी भई मोदी तेस्रोपटक प्रधानमन्त्री बन्ने सम्भावना छ । चुनावमा उत्कृष्ट प्रदर्शन गरे पनि विश्वभरका धेरै भारतीय भारतको धर्मनिरपेक्षता खिइँदै गएको र असहिष्णु बन्दै गएको भन्दै स्तब्ध भएका छन् । कतिपयले मोदीको हिन्दू राष्ट्रवादले भारतका धार्मिक अल्पसंख्यक विशेषतः मुसलमानको सीमान्तीकरण गरिरहेको समेत आरोप लगाएका छन् । वास्तवमा सीमान्तीकरण मात्रै नभई मुसलमानले वेलाबखतमा गौहत्याका नाममा भिडको भौतिक हिंसा पनि व्यहोरिहेका छन् । यही महिना विहारमा एक मुसलमानलाई गाईको मासु ओसारपसार गरेको आरोपमा भिडले पिटेर मारेको छ ।

मोदीले सञ्चार संस्थामा धरपकड एवं आक्रमण गरेका छन् र कैयौं भारतीय ट्विट लेखेकै कारण जेलमा जाकिँदै छन् । स्विडेनको 'भि-डेम इन्स्टिट्युट'को एक नयाँ प्रतिवेदनले भारतलाई लोकतान्त्रिक मुलुकको सूचीबाट हटाउँदै 'चुनावी अधिनायकवादी' राज्य करार गरेको छ र प्रतिवेदनले भारत लोकतान्त्रिक मुलुकको सूचीमा एक सय ७९ मुलुकमध्ये १०८औं स्थानमा रहेको बताएको छ ।

भारतको चर्चित ग्रामीण विकास पहलकदमी बेयरफुट कलेजका संस्थापक बंकर रोय 'जे भइरहेको छ त्यो निकै डरलाग्दो छ' र 'हामी अधिनायकवादतर्फ गइरहेका छौं' भन्दै चिन्ता व्यक्त गर्छन् । भारतमा कुनैवेला संवाददाता रिपोर्टिङ गर्न मरिहत्ते गर्थे किनभने भारतमा व्यक्त हुने विचार निकै तार्किक र शक्तिशाली हुने गर्थे । तर, अहिले मोदीबारे प्रश्न गर्दा जोकोही पनि मौन रहन्छन् । अहिले रिपोर्टर्स विदाउट बोर्डर्सले भारतलाई प्रेस स्वतन्त्रता सूचकांकमा १८० मुलुकमध्ये निराशाजनक १०५औं स्थानमा राखेको छ । द कस्मिर टाइम्सकी सम्पादक अनुराधा भासिनले 'हामी डरको बादलमुनि काम गरिरहेका छौं' भन्दै यही महिना न्युयोर्क टाइम्समा एक शक्तिशाली लेख लेखेकी थिइन् । उसो त एसियाले अधिनायकवादबाट अर्थतन्त्र फस्टाउने पाठ सिकाएको छ अर्थात् उदाहरणका लागि दक्षिण कोरिया, ताइवान र चीनजस्ता मुलुक हेर्दा पुग्छ । तर, धार्मिक अतिवाद भने घातक हुन्छ । यसले केही समयको उभार ल्याए पनि समाजमा दरार उत्पन्न गर्छ र शिक्षा एवं आर्थिक व्यवस्थापनको प्राण हरण गर्छ । पाकिस्तान यो धार्मिक अतिवादको चरणबाट गुज्रिसकेको छ र यसले ठूलो सावधानीको पाठ सिकाउँछ । पाकिस्तान स्थापना हुँदा मुलुक तुलनात्मक रूपमा सहिष्णु थियो तर सन् १९७७ मा जेनरल मोहम्मद जिया उल-हकले सत्ता कब्जा गरेयता मुलुकमा पुरातनपन्थी इस्लामिक राष्ट्रवादको लहर फैलाए । परिणामतः पाकिस्तान अहिले पनि छियाछिया भएको छ ।



तस्बिर : राजेशकुमार सिंह/एपी

भारतले पनि पाकिस्तानकै नियति व्यहोर्छ कि भन्ने मेरो भय हो किनभने धार्मिक अतिवादको आगो निभाउन सजिलो छैन । तर, मेरो अन्तरात्माले भारतले पाकिस्तानी नियति व्यहोरिहाल्दैन कि भन्ने पनि लाग्छ । यस मामिलामा म कोलकाता आधारित नागरिक समाजकी अगुवा उर्मी वासु भारतले लोकतन्त्रमाथि इन्दिरा गान्धीको हमलाबाट पार पायो भने मोदीबाट पनि भारतीय लोकतन्त्र जोगिनेछ भन्ने भनाइसँग सहमत छु । भारत एक संघीय राष्ट्र हो, जहाँ राज्यसँग उल्लेख्य शक्ति छ र यसले मोदीलाई रोक्न सक्छ । मेरा लागि मोदीको असाधारण लोकप्रियता लोकरिझ्याइँमा मात्रै आधारित छैन, उनले केही काम पनि गरेका छन् । भारतलाई खुला दिसा-पिसाबमुक्त मुलुक बनाउनुमा उनको ठूलो भूमिका छ । स्वाभाविक रूपमा यो उपलब्धि एक नेताका लागि खासै ठूलो नदेखिएला तर यसले कैयौंको ज्यान जोगाएको छ । यसका अतिरिक्त मोदीले घातक दाउराको चुलोको साटो ग्यासको प्रयोगलाई प्रवर्द्धन गरेका छन् । यसले धेरै विपन्न महिलालाई राहत दिएको छ । एक आँकडाअनुसार भारतमा घरेलु वायु प्रदूषणका कारण औसतमा हरेक वर्ष ६ लाख भारतीयले ज्यान गुमाउँछन् । सडक, बन्दरगाहको तीव्र विकास मोदी सरकारको ठूलो सफलता हो । त्यसैगरी डिजिटल पहिचान र भुक्तानी प्रणालीजस्ता प्रविधि क्षेत्रमा मोदी सरकारले उल्लेखनीय काम गरेको छ । प्रविधि क्षेत्रको विकासमा मोदीकै हात छ भन्न नमिले पनि उनले यसको विस्तारमा भूमिका खेलेका छन् । 'उनका विरोधीसमेत उनले आर्थिक एवं पूर्वाधार विकासमा उल्लेख्य काम गरेको स्विकार्छन्' भारत अध्येता एवं जर्ज वासिंगटन विश्वविद्यालयकी डिन एलेसा आइर्स बताउँछिन् । आइर्सका अनुसार प्रधानमन्त्री भएको पहिलो वर्ष मोदी विभाजनको राजनीतिभन्दा विकासको राजनीतितर्फ बढी ढल्केका थिए । तर, हालैका वर्षमा उनी अधिनायकवादतर्फ तीव्र गतिले बढिरहेका छन् ।

मोदी अहिले ती मोदी बनेका छन्, जो उनी कुनैवेला गुजरातका लागि थिए । गुजरातमा उनी व्यापारमैत्री नेता थिए, जसले तीव्र आर्थिक वृद्धि देखेका थिए । तर, उनको यो छवि सन् २००२ मा मुसलमान नरसंहारले नराम्रोसँग बिगारेको थियो । उनले गुजरातमा मुख्यमन्त्री हुँदा नागरिक समाजलाई तहसनहस पारेका थिए ।

(क्रिस्टोफ अमेरिकी पत्रकार एवं राजनीतिक टिप्पणीकार हुन्)
द न्युयोर्क टाइम्सबाट

ढाकछोप गरेर केही फाइदा छैन

५ चैतको नयाँ पत्रिकामा शशी थरुरको 'राहुल गान्धीको आलोचनामा देखिएको पाखण्ड' शीर्षकको लेख पढें । धेरै दिनअगाडि सोनिया गान्धीको वन्दनामा लेखिएको लेखककै अर्को लेख पनि पढ्ने मौका जुरेको थियो । मलाई त्यतिबेलै लागेको थियो, राष्ट्रसंघका पदाधिकारी पनि कस्ता हुँदा रहेछन् ? राहुल गान्धीलाई मैले सुरुदेखि नै नियालिरहेको छु । वरुण गान्धीको तुलनामा एक प्रतिशत पनि बुद्धिमत्ता देखिन्न उनमा । प्रियंका गान्धी बरु उनीभन्दा तेजस्विनी छिन् । तर, पुत्रमोह केवल भारतमा मात्र होइन, इटलीमा पनि हुँदो रहेछ । महात्मा गान्धीले काग्रेसलाई त्यतिबेलै विघटन गरिदिनुपर्छ भनेका थिए । तर, भारतभूमि विभाजन गरेर पनि काग्रेसले मानेन ।

विगत ७० वर्षमा अर्को विभाजनको भूमिका उसले तयार पारिसकेको छ । पाकिस्तानमा हिन्दूमाथि हुने दमनको विरोधमा राहुल गान्धी या लेखक थरुरले एक शब्द पनि बोलेको मलाई सम्झना छैन । राहुल जहिल्यै चर्चामा रहन उटपटांग बोलिरहन्छन् । उनको बचाउमा कांग्रेस पार्टी र जनलाई नउत्री सुखै हुँदैन । तैपनि, कतिपयचाहिँ पुर्पुरोमा हात राख्दै विचलित भएका देखिन्छन् र कतिले त पार्टी नै त्याग पनि गर्छन् । सोनिया र राहुललाई लन्डन र अमेरिकाको रिमोटलाई नगुहारी उपायै छैन । लेखकले जतिसुकै ढाकछोप गरे पनि राहुलको लन्डनको अन्तर्वार्ता मैले पनि सुनेको छु ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अति महत्त्वाकांक्षी अउकस सम्झौता

सन् २०२१ मा अस्ट्रेलिया, बेलायत र अमेरिकाबीच सम्पन्न त्रिदेशीय सुरक्षा सम्झौताअन्तर्गत अमेरिका र बेलायतले अस्ट्रेलियालाई आणविक शक्तिबाट चल्ने पनडुब्बीहरू प्राप्त गर्न सहयोग गर्छ

● द इकोनोमिस्ट

सन् १९०८ मा कथित ग्रेट ह्वाई फ्लिट (महान् श्वेत जलसेना)को एसिया परिभ्रमण तथा विश्व परिक्रमाकै हिस्साका रूपमा द्वितीय अमेरिकी युद्धपोत 'युएसएस मिसौरी'ले सान फ्रान्सिस्कोबाट सिड्नीसम्मको यात्रा तय गरेको थियो । यसैको उत्तराधिकारी तृतीय 'युएसएस मिसौरी'ले जापानलाई द्वितीय विश्वयुद्धको समय सन् १९४५ मा आत्मसमर्पण गराएको थियो ।

केही दिनअघि १३ मार्चमा भर्जिनिया-क्लास (श्रेणी)को आक्रमण पनडुब्बी 'चतुर्थ युएसएस मिसौरी' प्रशान्त महासागरमा अमेरिकी जलसैन्य शक्तिको गर्विलो नामसहित खडा थियो । सान डिएगोको समुद्री किनारामा एक घमाइलो मध्याह्न अमेरिका, अस्ट्रेलिया र बेलायतका नेताहरू जो बाइडेन, एन्थोनी अल्बानिस र ऋषि सुनक यसै पनडुब्बी मिसौरीको सामु भेला भए र १८ महिनाअघि आ-आफ्नो देशले हस्ताक्षर गरेको अउकस (एयुकेयुएस) सम्झौताको अर्को अध्याय सार्वजनिक गरे । यो सम्झौताले प्रशान्त क्षेत्रमा अमेरिका र बेलायतको संलग्नतालाई थप प्रगाढ बनाउनेछ र यी तीन सहयोगीलाई सन् २०४० को दशक र त्यसपछि पनि अभूतपूर्व रूपले एकसाथ उभ्याउनेछ ।

यो कथा अस्ट्रेलियाले आफ्ना पुरानिँदै गएका पनडुब्बीहरूलाई एक दर्जन फ्रान्सेली डिजेल-इलेक्ट्रिक पोतहरूले प्रतिस्थापन गर्ने ३३ अर्ब डलरको सम्झौतामा सहमति जनाएपछि सुरु भएको हो । चीनको बढ्दो खतरालाई मध्यनजर गर्दै सन् २०२१ मा उसले त्यो सम्झौता खारेज गऱ्यो र ठूलो तामझामसाथ अउकसमा हस्ताक्षर गऱ्यो । यो सम्झौताअनुसार अमेरिका र बेलायतले आणविक शक्ति सञ्चालित (आणविक हतियारले लेस भने होइन) कम्तीमा आठ पनडुब्बीको बेडा खडा गर्न अस्ट्रेलियालाई सहयोग गर्नेछन् । इलेक्ट्रिक पोतहरूभन्दा यी धेरै स्टिल्थ (पत्ता लगाउन कठिन), लामो रेन्ज र लामो समय पानीमुनि रहन सक्ने सामर्थ्य युक्त हुन्छन् । यी धेरै जटिल पनि हुन्छन् । अहिलेसम्म ६ देशसँग मात्र आणविक शक्ति सञ्चालित पनडुब्बी छन् र अमेरिकाले अहिलेसम्म बेलायतसँग मात्र आफ्नो पनडुब्बी प्रविधि सेयर गरेको छ ।

धेरैले अस्ट्रेलियाको भावी पनडुब्बी अमेरिकाका वर्तमान भर्जिनिया-क्लास वा यसका उत्तराधिकारीमा आधारित हुने अपेक्षा गरेका थिए । तर, बाइडेन, अल्बानिस र सुनकले यो बेलायतको भावी आक्रमण पनडुब्बीमा आधारित हुने तथ्य सार्वजनिक गरेका छन् । बेलायतले बनाउन खोजेको एसएसएनआर नामक पनडुब्बी हो (परम्परागत हतियार बोक्ने पनडुब्बीहरूलाई एसएनएस भनिन्छ भने एसएसबिएनस पनडुब्बीहरूचाहिँ ब्यालेस्टिक मिसाइल र आणविक हातहतियारले सुसज्जित हुन्छन्)। बेलायतले पहिलो यस्तो पनडुब्बी बेलयतको उत्तर-पश्चिम बरोमा निर्माण गर्नेछ । अस्ट्रेलियाले यही नमुनाबाट सिकेर एडेलेयडमा आफ्नो पनडुब्बी बनाउनेछ । यो अस्ट्रेलियन लगानीले बेलायती जहाज निर्माण क्षमतालाई अभिवृद्धि गर्ने र समग्रमा दुवै देशको लागत कम गर्दै ठूलो स्तरमा रोजगारी सिर्जना गर्ने विचारबाट अभिप्रेरित योजना हो ।

नयाँ एसएसएन-अउकसमा अमेरिकी प्रविधिको प्रधानता रहनेछ । यसमा जडान गर्न अमेरिकाले आफ्नो भर्टिकल लन्चिङ सिस्टम (सीधा ठाडो प्रक्षेपण प्रणाली) उपलब्ध गराउनेछ । भर्टिकल लन्चिङ प्रणाली धेरै संख्यामा मिसाइलहरू राख्न सकिने प्रणाली हो र यो परम्परागत टोर्पेडो ट्युब्सभन्दा निकै उन्नत हुन्छ । अहिले कुनै पनि बेलायती आक्रमण पनडुब्बीमा यस्तो क्षमता छैन । यस सम्झौताअन्तर्गत तिनै मुलुकका रक्षा उद्योगहरू अभूतपूर्व स्तरमा आपसमा संलग्न हुनेछन् । सञ्चार उपकरण, पानीको सतहमाथि र मुनि दूरी मापन तथा नेभिगेसनमा प्रयोग हुने सोनार प्रविधिका साथै अग्नि नियन्त्रणजस्ता उपप्रणालीलाई पनि तिनै मुलुकबीच अनुकूल बनाउनु पर्नेछ । सम्झौतामा संलग्न एक अधिकारीले भने, 'हामी लगभग एउटा संयुक्त आणविक पनडुब्बी बेडा हुनेछौं ।' अर्कोले थपे, 'यो एक आकर्षक, मिश्रित पनडुब्बी हुनेछ ।'

तर, उन्नत पनडुब्बीहरू उत्पादन गर्न १०औँ वर्ष लाग्छ । हालका अस्ट्रेलियन पोतहरू करिब ३० वर्ष पुराना छन् र तिनलाई सन् २०३० को दशकको सुरुवाततिका नै सेवानिवृत्त गर्नु पर्नेछ । पहिलो एसएसएन-अउकस (पनडुब्बी) सन् ०४० को दशकको सुरुअघि अस्ट्रेलियाको हातमा पर्नेछैन । अमेरिकी नौसेनामा पनडुब्बी कमान्डिङ अफिसरहरू उत्पादन गर्न कम्तीमा १५ वर्ष लाग्ने गरेको छ भन्छन् टम सुगार्ट । उनी पनि यसरी नै पनडुब्बी कमान्डिङ अफिसर बनेका थिए । उनका अनुसार पनडुब्बीलाई अघि धकेल्ने आणविक प्रणालीको प्रयोग कसरी गर्ने, कसरी दुरुस्त स्थितिमा राख्ने भनेर अधिकारीहरूलाई दिइने प्रशिक्षणको जटिलताका कारण पनि अधिकारीलाई तयार गर्न लामो समय लाग्ने कारण हो । विश्वकै सबैभन्दा ठूलो चीनको नौसेना खतरनाक देखिन्छ । यो कमी पूरा गर्न यी तिनै मुलुकले दुइटा कदम चाल्ने घोषणा गरेका छन् ।

पहिलो, सन् २०२७ को सुरुसम्ममा अमेरिका र बेलायतले प्रशान्त महासागरमा आ-आफ्ना पनडुब्बी तैनाथ गर्नेछन्, जसलाई केही अधिकारीले पूर्वी युरोपमा नाटोका बख्तरबन्द युद्ध समूहहरूको 'अग्रमोर्चामा बढ्दो उपस्थिति' त कसैले 'आलोपालो तैनाथी' भनेका छन् । एक अधिकारीका अनुसार एसियामा हरबखत अमेरिकाका २-४ सम्म आक्रमण पनडुब्बी रहने गरेको छ । नयाँ सेटअपअन्तर्गत पर्थनजिकैको स्टर्लिङमा अस्ट्रेलियन युद्धपोतसँगै भर्जिनिया-क्लासका चार थान पनडुब्बी तैनाथ रहनेछन् । यो निकै ठूलो र सापेक्षिक रूपले खुला कदम भएकाले पनडुब्बी तैनाथीबारे पूर्ण गोपनीयताको लामो समयदेखिको नीति अन्त्य गर्नु आवश्यक हुनेछ । बेलायतले आफ्नो केवल सातवटा पनडुब्बीको बेडामध्ये पालैपालो 'एस्टुट क्लास'को एउटा पनडुब्बी तैनाथीमा पठाउने योजना बनाएको छ । अस्ट्रेलियन नाबिकहरू अहिले नै अमेरिकी र बेलायती पनडुब्बीहरूसँग आबद्ध हुन थालिसकेका छन् ।

दोस्रो, कंग्रेसले अनुमोदन गरेको खण्डमा सन् २०३०को दशकको सुरुवातमै अस्ट्रेलियाले अमेरिकाबाट भर्जिनिया-क्लासका तीन थान पनडुब्बी सहुलियत दरमा खरिद गर्नेछ । साथै, एसएसएन-अउकस तयार नहुँदासम्म अन्तरिम युद्धपोतका रूपमा प्रयोग गर्न थप दुइटा पनडुब्बी भाडामा लिन सक्ने विकल्प पनि उसलाई उपलब्ध हुनेछ । पनडुब्बी भाडामा दिन अमेरिका सहमत हुनु नै आश्चर्यजनक छ । आणविक पनडुब्बी भाडामा लेनदेन दुर्लभ घटना हो । अहिलेसम्म केवल रुसले मात्र भारतलाई भाडामा आफ्नो पनडुब्बी दिएको छ ।

अस्ट्रेलियाले ६० जनाभन्दा कम जनशक्ति चाहिने मौजुदा पनडुब्बीहरूलाई नै चालक दल पुऱ्याउन संघर्ष गरिरहेको छ । भर्जिनिया-क्लासलाई १४० वा त्योभन्दा धेरै जनशक्ति चाहिन्छ । अझ महत्त्वपूर्ण त के भने अमेरिकाको नौसेना अझै पनि चीनसँगको प्रतिस्पर्धामा भर्जिनिया-क्लासका पनडुब्बीको संख्या पुऱ्याउन संघर्षरत छ । यो समस्याको गाँठो फुकाउन अस्ट्रेलियाले अमेरिकी सिपयार्डहरूमा अर्बौं डलर लगानी खन्याउने अपेक्षा गरिएको छ । त्यसो हुँदासमेत पनडुब्बी भाडामा दिने कुरामा थ्रुपै कंग्रेस सदस्य असन्तुष्ट हुन सक्छन् । साथै यसका लागि अमेरिकी विधायकहरूले निकटतम सहयोगीहरूलाई समेत उच्च प्रविधिको निर्यातमा कडा प्रतिबन्ध लगाउने 'इन्टरनेसनल ट्राफिक इन आर्म्स रेगुलेसन' पनि संशोधन गर्नुपर्ने हुन सक्छ ।

> अउकसको कार्यान्वयनसँगै अस्ट्रेलियाका बन्दरगाह, सैन्य अखडा र पनडुब्बीहरू अमेरिकी युद्ध योजनामा चल्नेछन् । यसले अस्ट्रेलियालाई यी योजनाहरूको प्रभाव र लाभ दुवै प्रदान गर्नेछ । सम्झौताअन्तर्गत तीनै देशका रक्षा उद्योगहरू अभूतपूर्व स्तरमा आपसमा संलग्न हुनेछन् ।



यसका अप्ठ्यारोहरू धेरै छन् । यो परियोजना पूरा हुन यसले बाइडेनको वर्तमान कार्यकालबाहेक कम्तीमा अरू तीन राष्ट्रपतीय कार्यकाल र तीनभन्दा धेरै बेलायती आमचुनाव गुजार्नु पर्नेछ । अहिले तीनै देशमा सत्ता र विपक्षी दुवैको अउकसमा समर्थन भए पनि यो निकै कठिन परीक्षा हुनेछ । एक ताजा आकलनअनुसार अस्ट्रेलियालाई आगामी ३२ वर्षमा यसको लागत एक खर्ब ८० अर्बदेखि दुई खर्ब ४५ अर्ब डलर पर्नेछ, आगामी दुई वर्षको ६ अर्ब डलरसहित । साथै, यसका लागि अस्ट्रेलियालाई आवश्यक दक्ष जनशक्ति र अणविक विशेषज्ञता विकास गर्नु पनि निकै कठिन हुनेछ । 'यसका लागि सम्भवतः १०० वर्षे लाग्न सक्छ,' एडेलेयड राजधानी रहेको दक्षिण अस्ट्रेलियाका प्रधानमन्त्री पिटर मालिनाउस्कासले १० मार्चमा टिप्पणी गरेका थिए ।

तर यसको प्रतिफल भने उच्च हुनेछ । बन्द गर्गै कि खोलौं को स्थितिमा पुगेको बेलायतको पनडुब्बी उद्योगका लागि मात्र होइन कि हिन्द-प्रशान्ततर्फ झुक्न खोजिरहेको बेलायती सरकारका लागि समेत यसले वास्तविक आधारशिला प्रदान गर्नेछ । आलोचकहरूले युरोपमा युद्ध चलिरहेको समयमा एसियामा नौसैन्य शक्ति विस्तारमा जोड दिएर सुनकले द्वैध चरित्र देखाएको भनेर प्रश्न उठाएका छन् । १० मार्चमा उनले फ्रान्सेली राष्ट्रपति इम्यानुअल म्याक्रोंसँग हिन्द-प्रशान्त क्षेत्रमा स्थायी युरोपेली सामुद्रिक उपस्थितिको मेरुदण्ड स्थापना गर्ने सहमति जनाए । १३ मार्चमा सुनक सरकारले चीनबाट युगीन चुनौती खडा भएको निष्कर्षसहित विदेश नीतिको समीक्षा प्रकाशित गऱ्यो । एसियामा पनडुब्बीको गस्ती लगाउने र एसियाली सहयोगी (जापान)सँग मिलेर एउटा नयाँ युद्धपोत बनाउने निर्णयले उनको झुकाबलाई थप दीर्घकालीन टेको दिएको छ ।

अमेरिकाका लागि अउकस र यससँग सम्बन्धित सम्झौताहरू एसियाली सहयोगीहरूको निरन्तर सुदृढीकरणको नवीनतम र सबभन्दा नाटकीय कदम हो । उसले जापानलाई सयौं क्रुज क्षेप्यास्त्रहरू बेच्दै छ र जनवरीमा ओकिनावामा समुद्री रेजिमेन्ट राख्न सहमत भएको थियो । फेब्रुअरीमा उसले फिलिपिन्समा थप चार सैन्य आधार शिविरमा पहुँच प्राप्त गऱ्यो । अउकसले आर्टिफिसियल इन्टेलिजेन्स, क्वान्टम सिस्टम र हाइपरसोनिक मिसाइलजस्ता उन्नत प्रविधिमा सहयोग र सहकार्यको दोस्रो 'स्तम्भ'लाई पनि समावेश गर्छ । साथै, यो अमेरिका र अस्ट्रेलियाको प्रतिरक्षा सम्बन्धमा व्यापक वृद्धिकै एक हिस्सा हो ।

अमेरिकाको अस्ट्रेलियामा निकै ठूलो सैन्य लगानी छ । इन्धन र गोलाबारुधको भण्डार बढाउन र आफ्ना लामो दूरीका बमवर्षकहरूलाई अधिकांश चिनियाँ क्षेप्यास्त्रको रेन्जबाहिरको अस्ट्रेलियाको उत्तरी क्षेत्रबाट सञ्चालनका लागि हवाई क्षेत्रहरू विस्तार गर्न अमेरिकाले ठूलो लगानी गरेको छ । पर्थका नौसैनिक अखडाहरूमा अमेरिकी र बेलायती पनडुब्बीको चक्रीय तैनाथीलाई सहयोग गर्न अस्ट्रेलियामा गरिएको लगानीले युद्धपोतहरूलाई गुआम वा हवाईका आधार शिविरमा नफर्काई नै मर्मतसम्भार र पुनः तैनाथीका लागि सक्षम गराउनेछ । यसले उसलाई शान्तिकाल र युद्ध दुवै समयमा सञ्चालनको उच्च तारतम्य कायम राख्न सक्षम पार्नेछ ।

सन् २०२० को एउटा प्रतिरक्षा समीक्षाले ठूलो युद्धको सम्भावना विगतको तुलनामा बढेर गएको र सरकारले आसन्न खतरालाई १० वर्षपछिको खतराका रूपमा पन्छाएर बस्न नहुने निष्कर्ष निकालेको थियो (अस्ट्रेलियाका पूर्वरक्षासचिव र सेनाप्रमुखले तयार गरेको प्रतिरक्षा समीक्षापत्र फेब्रुअरीमा सरकारलाई बुझाइएको भए पनि प्रकाशित भने गरिएको छैन) ।

वसिंगटनस्थित थिंक ट्यांक कार्नेगी इन्डउमेन्टका अस्टेलिया विज्ञ एस्ले टाउनसेन्डका अनुसार हालमा अस्ट्रेलियाले आफ्नो भूभागबाट एक सय ५० किलोमिटरभन्दा बढीको दूरीमा निसाना लगाउन र आफूलाई सुरक्षित राख्न सक्दैन । उनका अनुसार अस्ट्रेलियाली नेताहरूले दक्षिणपूर्वी एसिया वा दक्षिण प्रशान्तमा चिनियाँ सैन्य उपस्थितिलाई रोक्न वा पराजित गर्न चाहेको खण्डमा नयाँ पनडुब्बीहरूले क्षेत्रीय संकटमा उसलाई विकल्पहरू प्रदान गर्नेछ । तर, गतिशील स्ट्राइक फोर्स (मारक शक्ति)को कवचविना अस्ट्रेलियासँग यस्तो गर्ने आत्मविश्वास हुनेछैन । 'यो रोयल अस्ट्रेलियन नेभीले कमान्ड गरेको र अस्ट्रेलियाकै सिपयार्डमा अस्ट्रेलियाकै जनशक्तिद्वारा निर्मित अस्ट्रेलियाको सार्वभौम शक्ति हुनेछ,' अल्बानिजले जोड दिँदै भने ।

तर, अमेरिकी योजनाकारमा निर्भर रहने यो परिदृश्य ताइवानमाथिको व्यापक हमलामा भर पर्नेछ । बाइडेनले मिसौरीको अगाडि उभिएर भनेका छन्, 'तीव्र गतिमा बदलिँदो विश्वव्यापी गतिशीलताबीच हिन्दप्रशान्त क्षेत्रको स्थिरता कायम राख्नु अउकसको मुख्य उद्देश्य हो ।' सन् २०२१ मा अमेरिका र अस्ट्रेलियाबीच सम्पन्न भएको सम्झौतामा अस्ट्रेलियन सैन्य संरचनामा गरिएका सबै अमेरिकी लगानीको उद्देश्य यो क्षेत्रमा उच्चस्तरको युद्ध र संयुक्त सञ्चालनलाई सहयोग गर्नु भएको उल्लेख छ । दक्षिण र पूर्वी चीन सागरमा थप आठ क्षेप्यास्त्र प्रहारक पनडुब्बीको अर्थ चीनलाई ताइवान जलडमरु पार गरेर त्यहाँ सेना पुऱ्याउनु निकै कठिन हुनेछ भन्ने नै हो ।

यसले डिटरेन्सलाई थप बल पुऱ्याउनेछ । साथै, यसले एसियामा एड्लोफोन (अंग्रेजीभाषी) सैन्य गठबन्धलाई पछाडि फर्किन नसक्ने बिन्दुमा विकास गरेको छ ।

विश्व संक्षेप

मियामीमा निषेधाज्ञा

वासिंटन / अमेरिकाको फ्लोरिडा राज्यको एक सहरमा हिंसाका घट्ना बढेपछि कर्फ्यु आदेश जारी गरिएको छ । राज्यको तटीय सहर मियामीमा आइतबार निषेधाज्ञाको आदेश जारी गरिएको अधिकारीहरूले जनाएका हुन् । सो सहरमा केही दिनयतादेखि गोली प्रहारका घटना बढेका छन् । अधिकारीका अनुसार यहाँका नागरिक रातिको समयमा बाहिर निस्कन पाउनेछैनन् । यो आदेश अर्को सोमबारसम्मका लागि जारी गरिएको सुरक्षा अधिकारीले जानकारी दिएका छन् । सो सहरमा शुक्रबार राति एकजनाको गोली हानी हत्या गरिएको थियो भने अर्का एकजना सर्वसाधारण घाइते भएका थिए । त्यसैगरी आइतबार बिहान पनि गोली हानेर एकको हत्या गरिएको थियो । हत्यामा संलग्नहरूको खोजी जारी रहेको भनिए पनि पक्राउ भने परेका छैनन् ।

नौजना चिनियाँको हत्या

बाम्बारी / मध्य अफ्रिकी गणतन्त्रमा 'सशस्त्र व्यक्तिहरू'ले आक्रमण गरी नौजना चिनियाँ कामदारको हत्या गरेका छन् । बाम्बारीका मेयर एबेल म्याचिपाटाले सहरनजिकै बिहान सबैरै 'सशस्त्र व्यक्तिहरू'ले विदेशी कामदारमाथि आक्रमण गरेको पुष्टि गरेका छन् । 'आक्रमणका कारण नौजनाको मृत्यु भएको र दुईजना घाइते भएका छन् । मृतकहरू सहरबाट २५ किलोमिटर टाढा गोल्ड कोस्ट ग्रुपले सञ्चालन गरेको खानीमा काम गर्ने चिनियाँ कामदार हुन्,' उनले एएफपीसँग भने । चीनको विदेश मन्त्रालयले पनि मृतकको संख्या पुष्टि गरेको छ ।

इतिहासमा आज



पहिलोपटक पृथ्वी दिवस मनाइयो । पहिलो संस्करण अमेरिकाका केही सहरमा मात्रै सीमित थियो भने अहिले विश्वभरका करिब एक अर्ब मानिसले यो दिवस मनाउँछन् ।

सन् २०१४ : अन्तर्राष्ट्रिय आलोचनाका बाबजुद रुसले क्रिमियालाई आधिकारिक रूपमा नै आफूमा गाभ्यो ।

सन् १९७५ : इथोपियाले तीन हजार वर्षदेखि अस्तित्वमा रहेको राजतन्त्रको अन्त्य गऱ्यो ।

सन् १९६५ : दक्षिण अफ्रिकाको प्रहरीले सार्पभिलेमा ६९ निःशस्त्र अश्वेतको हत्या गऱ्यो । यो घटना दक्षिण अफ्रिकाको इतिहासको टर्निङ प्वाइन्ट बनेको थियो ।

सन् १९४३ : एडोल्फ हिटलरको हत्या गर्ने आत्माघाती बम हमला असफल । जर्मन अधिकारी रुडोल्फ भोन र्जेडोर्फ बम लगाउन त सफल भएका थिए, तर त्यसलाई विस्फोटअगावै निस्तेज पारिएको थियो ।

सन् १८०४ : फ्रान्समा लिखित र स्पष्ट कानुनमा जोड दिँदै नेपोलियन संहिता (कोड) अँगालियो । नेपोलियन कोडबाट प्रभावित भएर नेपालमा पनि प्रधानमन्त्री जंगबहादुर राणाले १९१० मा मुलुकी ऐन ल्याएका थिए ।

चीनका राष्ट्रपति रुस भ्रमणमा

बेइजिङ / रुसको दुईदिने राजकीय भ्रमणका क्रममा चीनका राष्ट्रपति सी जिनपिङ मस्को पुगेका छन् । उनले रुसी समकक्षी भ्लादिमिर पुटिनसँग भेटवार्ता गरेका छन् । सन् २०२२ मा युक्रेनमा रुसी सेनाले हमला गरेयता राष्ट्रपति सीको यो पहिलो रुस भ्रमण हो । अन्तर्राष्ट्रिय फौजदारी अदालतले कथित युद्ध अपराधको मुद्दामा राष्ट्रपति पुटिनलाई पक्राउ पुर्जी जारी गरेको तीन दिनपछि पुटिनको रुस भ्रमण भएको छ । बेइजिङले सीको भ्रमणलाई 'मित्रता र शान्तिको' यात्रा भनेको छ भने मस्कोले दुई नेताले 'व्यापक साझेदारी र रणनीतिक सहयोग'बारे छलफल गर्ने जनाएको छ ।

गत महिना बेइजिङले युक्रेनमा युद्ध अन्त्य गर्ने प्रस्ताव पेस गरेको थियो, जसलाई पश्चिमा राष्ट्रहरूले स्वागत गरेका थिए । पश्चिमी देशहरूले यसअघि बेइजिङलाई मस्कोलाई हतियार आपूर्ति नगर्न चेतावनीसमेत दिएका थिए । बेलायत र युक्रेन सरकारले राष्ट्रपति सीलाई रुस भ्रमणलाई युक्रेन युद्ध अन्त्यका लागि उपयोग गर्न अनुरोध गरेका छन् । युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता ओलेग निकोलेन्कोले



सीको यात्रालाई 'नजिकबाट' नियालिरहेको र सीले मस्कोमा 'आफ्नो प्रभावलाई युक्रेन विरुद्धको आक्रामक युद्धको अन्त्य गर्न प्रयोग गर्ने अपेक्षा गरेको विदेशमन्त्री निकोलेन्कोले बताए । यसैबीच, रुसको अनुसन्धान समितिले शुक्रबार युद्ध अपराधको आरोपमा पुटिनलाई पक्राउ पुर्जी जारी गर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसिसी)को अभियोजक र न्यायाधीशहरूविरुद्ध फौजदारी मुद्दा खोलेको जनाएको छ ।

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction
Babarmahal, Kathmandu

LETTER OF INTENT

Date of publication: 2079/12/07

This is to notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, clause 27, sub-clause (2) and (3) and clause 47.

IFB No.	Project Description	Name and address of the bidder	Bid Amount (including PS and VAT)
PUDBC/KTM/NCB/ WORKS-42/079/80	Road Upgrading Works in Arogya Tole to Prachanda Niwas Road Lalitpur 15 lalitpur Metropolitian City	Triyuga and Thapa Nirman sewa Rautamai 7 Murkuchi, Udayapur	NRs.37,24,523.44

Project Cheif

Sudurpaschim Province Government
Ministry of Physical Infrastructure Development
Water Resources and Irrigation Development Division Office
Dhangadhi, Kailali

Notice of Intention to Award Contract

Date of publication: 2079/12/07 (March 21, 2023)

Water Resources and Irrigation Development Division Office, Dhangadhi, Kailali hereby notify and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our bid notice (Published on Himalaya Times Rastriya Dainik dated 2079-10-15) in accordance with ITB clause 33 and Public Procurement Act 2063, Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA 2063.

S.N.	Contract no.	Name and address of bidder	Total bid amount with VAT (NRs.)
1	RTW/NCB-1.1/2079-080	Bisheshwor Nirman Sewa Pvt. Ltd, Sikhar-4, Doti	88,24,390.08
2	RTW/NCB-1.2/2079-080	Chandrashekhar Design and Construction Private Limited Dhangadhi-3, Kailali	46,52,041.05

Division Chief

लयमा फर्किएको छैन पर्यटन उद्योग

सरकारले तथ्यांक नै नहेरी होटेल पुरानै लयमा फर्किसक्यो भनेर दाबी गरिरहेको छ, तर वास्तविकता होटेल व्यवसायी बैंकको ऋण तिर्न नसकेर पलायन हुनुपर्ने अवस्था छ

अर्थ संवाद

• सिर्जना राणा

राणा होटेल संघ नेपाल (हान)का अध्यक्ष एवं पाँचतारे अन्नपूर्ण होटेलकी प्रबन्ध निर्देशक हुन् ।

कोभिड महामारीले थलिएको होटेल तथा पर्यटन उद्योगलाई बचाउन राज्यले चासो नदेखाउँदा गम्भीर संकट देखिएको छ । देशभरका होटेल/रिसोर्ट आर्थिक संकटमा परेर सञ्चालन खर्चसमेत धान्न नसकने गरी थला परेका छन् । व्यवसाय चौपट हुँदा बैंक तथा वित्तीय संस्थाको कर्जा तिर्न सक्ने अवस्था छैन । अझ बैंकहरूको चर्को ब्याजदरका कारण व्यवसायबाटै हात धुनुपर्ने अवस्था आउने हो कि भन्ने डर छ ।

कोभिडअघि सन् २०१९ मा करिब १२ लाख पर्यटक नेपाल भ्रमणमा आएका थिए । पर्यटक आगमन बढिरहेकै वेला महामारी फैलिँदा पर्यटन करिब शून्यमै झऱ्यो । पछिल्लो समय महामारी कम हुँदै गएसँगै पर्यटक आगमन पनि बढ्दै गइरहेको छ । सन् २०२२ मा विभिन्न देशबाट ६ लाख १४ हजार पर्यटक आएका छन् । यसले पर्यटनमा सकारात्मक सन्देश दिएको छ । थला परेको पर्यटन उद्योगमा आशाका किरण देखिएका छन् । तर, यति पर्यटकबाट होटेल/रिसोर्टले खर्च धान्न सकिने अवस्था छैन । हरेक होटेलले पहिलेकै जस्तो व्यावसायिक लाभ लिन सक्ने अवस्था रहेन ।

सरकारले पर्यटन बजारको अध्ययन नै नगरी जति पनि होटेल/रिसोर्ट खोल्न अनुमति दियो । देशभरि ठूलो लगानीमा होटेल खुले, कतिपय सञ्चालनको तयारीमा छन् । होटेलका कोठा त बढे, तर पर्यटक बढ्न सकेनन् । बजारको मागभन्दा होटेलको आपूर्ति धेरै भएपछि थप संकट निम्तिएको छ । होटेलका कोठासँगै पर्यटक पनि बढाउन कहीं कतै पहल हुन सकेको छैन । होटेल खोल्न अनुमति दिने सरकारले पर्यटक बढाउने नीति ल्याउन सकेको छैन ।

सन् २०२२ मा पर्यटक आगमन आधा मात्रै 'रिकभर' भएको छ । देशमा पर्यटक बढाउन चुनौती कायमै छ । तर, यो वास्तविकता सरकारको उच्च तहमा रहेका व्यक्तिले बुझ्दैनन् । नीति निर्माणमा संलग्न जिम्मेवार व्यक्ति नै भन्ने गर्छन्- 'अब पर्यटक आगमन बढ्न थाल्यो, पर्यटन व्यवसाय त फस्टाइसक्यो ।' उनीहरूलाई पर्यटन पुरानै लयमा फर्किसक्यो भन्ने छ । तर, वास्तविकता अर्कै छ । पर्यटक आगमन पुरानै लयमा फर्किन अझै तीन वर्ष लाग्छ ।

नीतिनिर्माताहरूको गलत बुझाइले पर्यटन प्रवर्द्धन हुन सक्दैन । बरु, सरकारले पर्यटनलाई प्राथमिकतामा नराख्दा व्यवसायीहरू झन संकटमा पर्ने अवस्था सिर्जना हुन्छ । सरकारले तथ्यांक नै नहेरी होटेल तथा पर्यटन उद्योग पुरानै लयमा फर्किसक्यो भनेर दाबी गर्नु गम्भीर भूल हो । अहिले पर्यटन व्यवसाय झन् संकटमा छ, उत्थानका लागि राज्यले सहयोग गर्नुपर्छ ।

युनाइटेड नेसन्स वर्ल्ड टुरिजम अर्गनाइजेसन (युएनडब्लुटिओ)को रिपोर्टले पनि पर्यटन पुरानै लयमा फर्किएको देखाउँदैन । युएनडब्लुटिओका अनुसार कोभिडपछि सबैभन्दा चाँडै तंग्रिएको मध्यपूर्वको पर्यटन हो । सन् २०२२ मा उनीहरूको पर्यटन उद्योग करिब ८३ प्रतिशत रिकभर भइसकेको छ । मध्यपूर्वी देशहरूमा भएको पर्यटन पूर्वाधारको विकास र मार्केटिङ स्ट्राटेजीले छिटै सामान्य अवस्थामा फर्किन सफल भएका हुन् । कोभिडपछि उनीहरूले यसरी आक्रामक मार्केटिङ गरे कि पर्यटकको ओइरो नै लाग्यो । युरोपको पर्यटन उद्योग पनि करिब ७९ प्रतिशत रिकभर भइसकेको छ । युरोपेली देशहरूबीच नै पर्यटक मुभमेन्ट बढेका कारण पर्यटन चाँडै रिकभर भयो । यस्तै, अमेरिका र अफ्रिकी देशमा पनि ६५-६५ प्रतिशत पर्यटन रिकभर भइसकेको युएनडब्लुटिओको तथ्यांक छ । तर, एसिया प्यासिफिक क्षेत्रको पर्यटन रिकभरी २३ प्रतिशत मात्रै रहेको छ ।

नेपाल सरकारको तथ्यांकले कोभिडपछि पर्यटक आगमन ५० प्रतिशत रिकभर भइसकेको देखाए पनि होटेल तथा रिसोर्टको अकुपेन्सी २५ प्रतिशत मात्रै रहेको छ । धेरै होटेल सञ्चालन खर्च धान्नै नसक्ने अवस्थामा छन् । होटेलले कर्मचारीलाई नै तलब खुवाउन हम्मेहम्मे परिरहेको वेलामा बैंकको ऋण कसरी बुझाउन सक्लान् ? सरकारले बैंकको ऋण तिर्ने अवधि पछाडि सारिदिनुपर्छ । होटेल तथा पर्यटन उद्योगमा निजी क्षेत्रबाट भएको ठूलो लगानी जोगाउनु राज्यको पनि दायित्व हो । यो दायित्वबाट पन्छिएर निजी क्षेत्रको लगानीलाई राज्यले डुब्न दिनुहुँदैन ।

सरकारले वास्तविक तथ्यांक नहेरी नीति निर्माण गर्दा पर्यटन व्यवसायी मर्कामा परेका छन् । होटेल तथा पर्यटन उद्योगले राज्यबाट पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपरेको छ । गलत तथ्यांकको भर पर्दा न व्यवसायीलाई फाइदा हुन्छ, न राज्यलाई नै । नीतिनिर्मातालाई वास्तविक तथ्यांकको जानकारी नहुनु पर्यटन प्रवर्द्धनको सबैभन्दा ठूलो चुनौती हो ।

तथ्यांकले नै वास्तविकता बताउने हो । तथ्यांक नै गतल बुझ्यियो भने कस्तो नीति बन्ला ? सही तथ्यांकले नीति निर्माणमा पनि सघाउ पुऱ्याउँछ । पर्यटक कति आइरहेका छन् ? कहाँबाट आइरहेका छन् ? कस्ता पर्यटक आएका छन् ? कति खर्च गर्छन् ? पर्यटक आगमनको ट्रेन्ड कस्तो छ ? कहाँ-कहाँ पुगे ? होटेल तथा रिसोर्टको अकुपेन्सी कस्तो छ ? आम्दानी के छ ? ऋण तिर्न सकेका छन् कि छैनन् ? अन्य पर्यटन व्यवसायको अवस्था के छ ? भन्ने यथार्थ तथ्यांकको जानकारी हुनु अनिवार्य छ । तर, यहाँ नीतिनिर्मातालाई नै सही तथ्यांकको जानकारी नहुँदा समस्या निम्तिएको छ ।

राष्ट्रिय उद्योगको मान्यता दिऊँ : राज्यले धेरै व्यवसायलाई उद्योगको मान्यता दिएको छ । सोहीअनुसार सुविधा पनि उपलब्ध गराएको छ । तर, देशको समृद्धिको खम्बा मानिने पर्यटन क्षेत्रलाई जहिल्यै उपेक्षा गरेको छ । पर्यटन उद्योग नफस्टाई देशको समृद्धि सम्भव छैन । विदेशी मुद्रा भित्र्याउन होस् वा रोजगारी सिर्जना गर्न, होटेल तथा पर्यटन उद्योगको विकास हुनैपर्छ ।

सरकारले पर्यटन क्षेत्रलाई राष्ट्रिय उद्योगको मान्यता नदिँदा होटेलले घरकै सरह बिजुलीको महसुल तिर्नुपर्छ । एउटा पर्यटक आउँदा १० जनाले रोजगारी पाउँछन् । यो कुरा राज्यले बुझ्न चाहेन । कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा पर्यटन क्षेत्रको योगदान घटिरहेको छ । पर्यटक आगमन घट्दा विदेशी मुद्रा सञ्चिति पनि घट्यो र कतिपय वस्तुको आयात नै रोक्नुपऱ्यो । देशको समृद्धिका लागि पर्यटन उद्योग नै प्रमुख विकल्प हो भने किन उपेक्षा गरिरहनु ? म भन्छु- पर्यटन क्षेत्रले राष्ट्रिय उद्योगको मान्यता पाउनुपर्छ ।

कोभिडअघि २०१९ सम्म पर्यटक आगमन राम्रो बढिरहेको थियो । बर्सेनि पर्यटकको वृद्धि सन्तोषजनक थियो ।

भूकम्पमा खस्किएको पर्यटन तंग्रिन लागेका वेलामा कोभिड महामारीले थला पारिदियो । भूकम्प हाम्रो देशको मात्रै समस्या थियो । त्यो वेला नेपालको पर्यटन 'बाउन्स ब्याक' गर्न धेरै देशको साथ रह्यो । र, चाँडै रिकभर पनि भयो । तर, कोभिड विश्वव्यापी समस्या भइदियो । यसले सबै देशको पर्यटन क्षेत्र धराशायी बनायो । कोभिडकै कारण धेरै देश मन्दीको चपेटामा परेका छन् । कोभिडपछि ओरालो लागेको नेपालको पर्यटन तीन वर्ष बितिसक्दा पनि लयमा फर्किन सकेको छैन ।



> होटेलमा अकुपेन्सी २५ प्रतिशत पनि छैन । व्यवसाय चौपट हुँदा बैंकको ऋण तिर्न सक्ने अवस्था छैन । राज्य र बैंकहरू थला परेको पर्यटन व्यवसायप्रति गम्भीर देखिएनन् । यही अवस्था लम्बिँदै गए धेरै होटेल तथा रिसोर्ट बन्द हुनेछन् ।

सबैभन्दा पहिला सरकारले पर्यटनलाई प्राथमिकताप्राप्त उद्योगमा राखेर सुविधा दिनुपर्छ । रिफाइनान्सिङ, रिस्ट्रक्चरिङ र रिसेड्युलिङको सुविधा उपलब्ध गराउनुपर्‍यो । अहिलेकै अवस्थामा होटेल तथा पर्यटन व्यवसायीले कर्जा तिर्न सक्ने हैसियतमा छैनन् । बैंकले कर्जा तिर्न ताकेता गरिरहँदा व्यवसायी आतंकित हुनुपरेको छ । चैत मसान्त आइसक्यो, व्यवसाय चौपट हुँदा ऋण तिर्न सक्ने अवस्था छैन । यदि राज्य, राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूले हामीलाई हेरेनन् भने लगानीकर्ता मात्र होइन, ठूलो रोजगारी र समग्र अर्थतन्त्रमै धक्का ल्याउँछ ।

चर्को ब्याजदर, अकासिएको मूल्यवृद्धि, तरलताको अभावले व्यवसाय सञ्चालनको समस्या छँदैछ । सबैभन्दा बढी आशा गरेको पर्यटक र ग्राहक आउन सक्ने वातावरण नहुँदा धेरैजसो होटेल व्यवसायीबाट यो अवस्थामा कसरी व्यवसाय धान्ने भन्ने प्रश्न हरेक क्षण सुन्नुपरेको छ ।

देशमा पर्यटक बढाउन उपयुक्त नीति बनाउनुपर्छ । त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । विभिन्न देशसँग कनेक्टिभिटी नबढाई पर्यटक बढाउन सकिँदैन । युरोपबाट नेपाल आउन निकै महँगो भाडा तिर्नुपर्छ । नेपालमा चाइनिज एयरलाइन्सले एउटा मात्र उडान गरेर हुँदैन । उडान संख्या बढाउन पहल गर्नुपर्छ । पर्यटक आउने देशमा सीधा हवाई सम्पर्क हुनुपर्छ । यसतर्फ राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले पनि ध्यान दिनुपर्छ ।

अहिले देशभित्र सञ्चालनमा आएका होटेल तथा रिसोर्टमा कोठाहरू पर्याप्त छन् । तर, २५ प्रतिशत बेड भरिने पर्यटक पनि छैनन् । पर्यटक बढाउन राज्य सुस्त भइदियो । अहिले परम्परागत रूपमा आइरहेका पर्यटक बाँडेर राख्नुपर्ने अवस्था छ । हामीले पर्यटन पूर्वाधार निर्माण र मार्केटिङ बढाउनुपर्छ । निजी क्षेत्र र राज्यले हातेमालो गरेर पर्यटन प्रवर्द्धनमा लाग्नुपर्छ । भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन् । ती विमानस्थलमा अहिले उडान नै हुन सकेको छैन । ती एयरपोर्टमा अन्तर्राष्ट्रिय उडान बढाउन राज्य र निजी क्षेत्र लाग्नुपर्छ । अर्बौं रुपैयाँ लगानी भइसकेका अन्तर्राष्ट्रिय एयरपोर्टमा उडान नै हुँदैन भने त्यो देशले पर्यटनमा कसरी लाभ लिन्छ ?

पर्यटक नआई होटेलहरू जीवन्त रहन सक्दैनन् । यसर्थ, होटेल उद्योगको संरक्षण गर्न बढीभन्दा बढी पर्यटक ल्याउनुको विकल्प छैन । साथै, यो विषय रोजगारी संवर्द्धन र श्रमिकको जीविकोपार्जनसँग समेत प्रत्यक्ष जोडिएको विषयमा सबै जानकार नै छौं । हाम्रो माग भनेकै व्यवसाय सञ्चालन गर्ने वातावरण होस् र भविष्यको समेत सुनिश्चितता हुने नीति हुनैपर्दछ । हाम्रो देश पर्यटकमैत्री छ । यहाँ सांस्कृतिक, धार्मिक, प्राकृतिक सौन्दर्यमा रमाउने पर्यटक ल्याउन सकिन्छ । साहसिक पर्यटनमा नेपाल विश्वमै उत्कृष्ट मानिन्छ । यहाँ पर्यटकीय पूर्वाधार निर्माणमा धेरै खर्च गर्नुपर्दैन । नेपालमा पर्यटनको सम्भवना नै सम्भवना छ, तर पर्यटक छैनन् ।

बालाजु औद्योगिक क्षेत्र

अर्थ इतिहास



करिब ६३ वर्षअघि स्थापना भएको बालाजु औद्योगिक क्षेत्र देशकै पहिलो औद्योगिक क्षेत्र हो । औद्योगीकरणका माध्यमबाट मुलुकमा आर्थिक विकास गर्ने उद्देश्यले ५ फागुन ०१६ मा यस औद्योगिक क्षेत्रको शिलान्यास तत्कालीन राजा महेन्द्रवीरविक्रम शाहले गरेका थिए ।

शिलान्यासको करिब चार वर्षपछि १९ जेठ ०२० मा यस औद्योगिक क्षेत्रको उद्घाटन गरिएको थियो ।

अमेरिकी सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा बालाजु औद्योगिक क्षेत्रको स्थापना गरिएको थियो । उद्योगहरूका लागि आवश्यक पर्ने आधारभूत भौतिक पूर्वाधारहरू जस्तै- जमिन, औद्योगिक भवन, सडक, विद्युत्, पानी, ढल तथा अन्य सुविधा एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले औद्योगिक क्षेत्रको सुरुवात यसै औद्योगिक क्षेत्रको स्थापनाबाट भएको हो ।

काठमाडौं महानगरपालिकाको वडा नम्बर १६ मा रहेको ऐतिहासिक बालाजु बाइसधारासँगै जोडिएको यस औद्योगिक क्षेत्र ६ सय ७० रोपनी क्षेत्रफलमा फैलिएको छ । सुरुमा नेपाल औद्योगिक विकास निगमअन्तर्गत सञ्चालित बालाजु औद्योगिक क्षेत्र ०३१ सालदेखि विकास समितिअन्तर्गत गठित औद्योगिक सेवा केन्द्रबाट सञ्चालन हुँदै आएको थियो । त्यसपछि १ साउन ०४५ देखि भने नेपाल सरकारको स्वामित्वमा रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट सञ्चालन हुँदै आएको छ । यस औद्योगिक क्षेत्रमा एक सय ४० उद्योग रहेका छन् ।

अंक र अर्थ

चालू आर्थिक वर्षको आठ महिनासम्ममा उद्योग दर्ता, लगानी र औद्योगिक बौद्धिक सम्पत्तिको अवस्था

उद्योग दर्ता संख्या	: १८३ वटा
कुल लगनी प्रस्ताव	: १ खर्ब ५५ अर्ब रुपैयाँ
प्रस्तावित रोजगारी	: १२,७४८ जना
विदेशी लगनी स्वीकृत	: १५९ वटा
विदेशी लगानी प्रतिबद्धता	: २० अर्ब ५६ करोड रुपैयाँ
विदेशी लगानीमा प्रस्तावित रोजगारी	: ९४७८ जना
पेटेन्ट दर्ता	: ६ वटा
डिजाइन दर्ता	: ११ वटा
ट्रेडमार्क दर्ता	: १७४८ वटा

सेयर बजार

६ चैत ०७९

नेप्से १,९४९.०६ ^ २२.६५ १.१८%

कारोबार रकम	जम्मा सेयर
१,२९,८५,८३,९८८.२९	५२,५५,०८६

विदेशी विनिमय दर

मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर	१३१.७९	१३२.३९
युरो	१४०.५९	१४१.२३
पाउन्ड स्टर्लिङ	१६०.४८	१६१.२१
अस्ट्रेलियन डलर	८८.२५	८८.६५
क्यानेडियन डलर	९५.९९	९६.४३

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

ठूला परियोजनाहरू किन निर्धारित बजेट र समयमै सकिँदैनन् ?

केवल ८.५ प्रतिशत मेगा प्रोजेक्ट मात्रै निर्धारित समय र बजेट लागतमा पूरा हुन्छन्


एचएस-२ जस्ता मेगा प्रोजेक्टहरूलाई अक्सफोर्ड विश्वविद्यालयका प्राज्ञ एवं विषयविज्ञ बेन्ट फ्लाइभजेर्ग र पत्रकार डान गार्डनरले 'हाउ बिग थिङ्स गेट डन' नामक आफ्नो रोचक पुस्तकको विषयवस्तु बनाएका छन् । फ्लाइभजेर्गले संकलन गरेका १६ हजारभन्दा धेरै परियोजनाका जानकारीले ढिलाइ र लागत वृद्धिको गहन कथा बताउँछ ।

धेरै देशका मेगा प्रोजेक्ट (ठूला निर्माण परियोजना)हरू अकुशलताको पर्याय बनेका छन् । अमेरिकामा एउटा राजमार्गको निर्माण प्रारम्भिक बजेटको पाँच गुणा खर्च भएपछि मात्रै सकिएको थियो । बोस्टन सहरको केन्द्र भएर गएको 'बिग डिग' भनेर चिनिने महानगरीय राजमार्गको निर्माण पूरा हुन समय र लागत निर्धारितभन्दा धेरै बढी खपत भयो ।

सन् १९७६ को मोन्ट्रियल ओलम्पिकका लागि रंगशाला बनाउँदा पनि यस्तै भएको थियो । रंगशाला निर्माण परियोजनाको लागत प्रारम्भिक लागत अनुमानभन्दा धेरै गुणा बढेपछि त्यसलाई 'बिग ओई' (ठूलो ऋणभार सिर्जना गरेको) परियोजना भन्न थालियो । यो परियोजनाका लागि लिइएका ऋण तिर्न ३० वर्ष लागेको थियो । ठूला परियोजनाहरू जर्मनीमा समेत निर्धारित समय र लागतमा सकिँदैनन् । सन् २००६ बाट बनाउन सुरु भएको बर्लिनको ब्रान्डेनवर्ग विमानस्थल निर्धारित समयभन्दा १० वर्ष ढिलो गरी सन् २०२० मा मात्रै सम्पन्न भएको थियो ।

बेलायतको सबैभन्दा ठूलो निर्माण गरियोजनाको स्थिति पनि यस्तै लाजमर्दो छ । उक्त परियोजना पूरा हुन अझ थुप्रै वर्ष लाग्न सक्छ । सन् २०१२ मा बेलायत सरकारले इंग्ल्यान्डको मध्यभाग भएर कुद्ने उच्च गतिको रेलमार्ग एचएस-२ निर्माण योजना स्वीकृत गऱ्यो । विलम्बको शृंखलाका रूपमा अर्को अड्चन यसै महिना सामुन्ने आएको छ । सौभाग्य रह्यो भने सन् २०३० को दशकको कुनै वर्ष यो मेगा प्रोजेक्ट पूरा होला । रुटलाई केही छोट्याइएको वा सहायक मार्गहरूमा कटौती गर्दा पनि यसको लागत अहिले नै प्रारम्भिक अनुमानभन्दा दोब्बर हुने देखिएको छ । एचएस-२ मा मूल योजनाअनुरूप निर्धारित समयबाट रेलहरू कुद्नेछैनन् ।

एचएस-२ जस्ता मेगा प्रोजेक्टहरूलाई अक्सफोर्ड विश्वविद्यालयका प्राज्ञ एवं विषयविज्ञ बेन्ट फ्लाइभजेर्ग र पत्रकार डान गार्डनरले 'हाउ बिग थिङ्स गेट डन' नामक आफ्नो रोचक पुस्तकको विषयवस्तु बनाएका छन् । फ्लाइभजेर्गले संकलन गरेका १६ हजारभन्दा धेरै परियोजनाका जानकारीले ढिलाइ र लागत वृद्धिको गहन कथा बताउँछ ।



> परियोजनाहरू विशेषका साथै सामान्य कारणले पनि समस्याग्रस्त बन्न पुग्छन् । दृष्टान्तका लागि चीनमा योजना निर्माण बेलायतको जस्तो झन्झटिलो छैन । साथै, ठूला सार्वजनिक पूर्वाधार परियोजनाहरूका उद्देश्य, निर्माण अवधि, सूक्ष्म परीक्षण आदि पनि चीनको संगठित पहलकदमीभन्दा फरक छन् ।

उनको निष्कर्षअनुसार केवल ८.५ प्रतिशत मेगा प्रोजेक्ट मात्रै निर्धारित समय र बजेट लागतमा पूरा हुन्छन् भने केवल ०.५ प्रतिशत परियोजना मात्रै लागत, समय र निर्धारित लाभ पूरा गर्ने सवालमा खरो उत्रिएका देखिन्छन् । उनको टोलीले एचएस-२ का जोखिमहरूको मूल्यांकनमा संलग्न थियो । फ्लाइभजेर्गको सुझाव सफलताको ग्यारेन्टी भने होइन । यद्यपि, ठूला हुन् या साना किन परियोजनाहरू समय र अनुमानित लागतमा सकिँदैनन् भन्नेबारे उनीहरूले निकालेको निष्कर्ष निकै सटिक छ ।

मनोवैज्ञानिक र राजनीतिक दुवैखाले पूर्वाग्रहबाट अति-आशावादी अनुमान (समय तथा लागत स्टिमेट) सिर्जना हुन्छन् । तथ्यांकको सट्टा अन्तरध्वनिमा निर्भर रहँदा अनुमानहरू तथ्यपरक हुँदैनन् । फ्लाइभजेर्ग र गार्डन यसलाई 'रणनीतिक गलत व्याख्या' भन्छन् । राजनीतिज्ञ वा योजनाकारहरूले सही आकलन गर्दा कुनै पनि निर्माणकार्य सुरुआतसमेत गर्न सकिँदैन भन्ने ठाने भने उनीहरूले बजेटलाई जानाजान कम आकलन गर्न पुग्छन् । लागत कम देखाइदिँदा मानिसलाई उनीहरूलाई पैसा बर्बाद गरिएको जस्तो लाग्दैन र उनीहरू परियोजना रोक्न हिचकिचाउँछन् । अर्थात्, कामको सुरुआत गर्नकै लागि भनेर लागत कम देखाइन्छ ।

योजनाहरूको निर्माण पनि अक्सर हतारमा गरिन्छ । लेखकद्वय निर्माणमा जानुअघि चलचित्रबारे केम्राकेम्रा केलाउने पिक्सारको विधिको खुलेर प्रशंसा गर्छन् । उनीहरू कसरी फ्रयाक गेह्रीको अत्यन्त सावधान आर्किटेक्चरल मोडलहरूले बिलबाओस्थित गुगेनहाइम संग्रहालयको सफलता सुनिश्चित गर्न मद्दत गरेको थियो भन्ने कथा पनि बताउँछन् । पूर्ण योजनासहित कार्यान्वयनको चरणमा जाँदा अनपेक्षित रोकावटको सम्भावना कम हुन्छ ।

एचएस-२ सञ्चालन गर्ने सम्बन्धमा मानिसहरू असहमत देखिन्छन् । सिद्धान्ततः हालका विलम्बले बेलायत सरकारका प्रत्येक वर्ष खर्च गर्ने क्षमतालाई घटाउँछ भने व्यवहारमा अझै धेरै चिज गलत हुने जोखिम बढाउँछ ।

अति ठूला परियोजनाहरू विशेषगरी समस्यामा पर्ने सम्भावना हुन्छ । यसैगरी, परियोजनालाई जति धेरै पुनरावृत्तियोग्य प्रक्रियामा विभाजन गर्न सकियो, सफलताको सम्भावना उत्तिकै राम्रो हुन्छ । फ्लाइभजेर्गको डाटाबेसले सौर्य ऊर्जा र वायु ऊर्जा जडान परियोजनामा यस्तो समस्या कम रहेको देखाउँछ । किनभने, मापदण्डअनुरूपका घटकहरूलाई क्रमैसँग जोडेर तिनलाई तयार गर्न सकिने भएकाले समय र खर्चमा ठूलो फेरबदल नआउने सम्भावना रहन्छ । तर, आणविक ऊर्जा केन्द्र र ओलम्पिकजस्ता विशाल परियोजनाहरू भने जोखिमपूर्ण हुन्छन् ।

ठूला निर्धारित परियोजनाहरूमा निहित जोखिम कम गर्न भने सम्भव छ । कोही-कोही परमाणु ऊर्जाको भविष्य मोड्युलर रियाक्टरहरूमा निहित छ भन्ने सोच्छन् । आगामी वर्षको ग्रिष्मकालीन ओलम्पिक आयोजना गर्न गइरहेको पेरिसले अधिकांश खेलस्थलमा मौजुदा सुविधाहरूकै उपयोग गर्दै छ । रेलका ट्र्याकदेखि भायडक्ट (तयारी खण्ड)सम्मका चिजहरूको मानकीकृत डिजाइन तथा उत्पादन प्रक्रियाका कारण चीनले यो शताब्दीको सुरुमा एक दशकभन्दा कम समयमै विश्वको सबैभन्दा ठूलो उच्च गतिको रेल सञ्जाल निर्माण गर्न सकेको छ ।

परियोजनाहरू विशेषका साथै सामान्य कारणले पनि समस्याग्रस्त बन्न पुग्छन् । दृष्टान्तका लागि चीनमा योजना निर्माण बेलायतको जस्तो झन्झटिलो छैन । साथै, ठूला सार्वजनिक पूर्वाधार परियोजनाहरूका उद्देश्य, निर्माण अवधि, सूक्ष्म परीक्षण आदि पनि चीनको संगठित पहलकदमीभन्दा फरक छन् । तर, यहाँ सबैखाले व्यवस्थापकले सिक्नुपर्ने पाठ छन् । यदि तपाईं सम्भव भएसम्म मानकीकरण गरेर मिहिन ढंगले योजना बनाउनुहुन्छ भने योजनाहरू असफल हुने वा अनुमानले फेल खाने सम्भावना कम रहन्छ भन्छन् फ्लाइभजेर्ग र उनका सहलेखक ।

- द इकोनोमिस्ट

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ७ चैत ०७९

६ सय ११ पालिका जग्गा वर्गीकरण गर्न असफल

तोकिएको म्याद नाघेकै तीन महिना बितिसक्दा एक सय ४२ पालिकाले मात्रै टुंग्याए जग्गा वर्गीकरण, आठ महिनामा देशभर ९८ हजार ६ सय ५९ कित्ता जग्गा कित्ताकाट भई दुई लाख १३ हजार ६ सय पाँच कित्ता भए

नवीन अर्याल/नयाँ पत्रिका

म्याद सकिएकै तीन महिना नाघिसक्दा पनि ६ सय ११ स्थानीय तहले जग्गाको वर्गीकरण टुंग्याउन सकेका छैनन्। देशभरका सात सय ५३ वटै पालिकाले २३ मंसिरसम्म आफ्नो क्षेत्रको जग्गालाई कम्तीमा कृषि र गैरकृषि क्षेत्रमा वर्गीकरण गरिसक्नुपर्ने थियो। तर, अहिलेसम्म एक सय ४२ पालिकाले मात्रै जग्गा वर्गीकरण टुंग्याएको जानकारी भूमि व्यवस्थापन तथा अभिलेख विभागमा पठाएका छन्।

सरकारले भूउपयोग नियमावली, २०७९ जारी गरेको नौ महिना भइसक्दा पनि करिब ८१ प्रतिशत (६११) पालिकाले जग्गा वर्गीकरणमा अलमल गरिरहेको विभागको विवरणले देखाउँछ। जग्गा वर्गीकरण नटुंगिदा देशभर कित्ताकाट पनि ठप्प छ। काठमाडौं उपत्यकामा २१ वटै पालिकाले वर्गीकरण टुंग्याइसकेको विभागका प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताए। कृषि र गैरकृषि छुट्याइएका पालिकामा मात्रै कित्ताकाट खुला भएको उनले बताए।

भूमि व्यवस्था मन्त्रालयले २३ जेठ ०७९ मा 'भूउपयोग नियमावली' राजपत्रमा प्रकाशित गरेको थियो। २७ जेठमै मन्त्रालयले स्थानीय तहले भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ ले तोकेको मापदण्डका आधारमा कृषि र गैरकृषि क्षेत्रमा वर्गीकरण गरी सिफारिस नगरेको जग्गा कित्ताकाट गर्न नपाउने निर्णय गरी परिपत्र गऱ्यो।

स्थानीय तहले चार किल्ला छुट्याई कृषि र गैरकृषि भूमि वर्गीकरण नगरेसम्म कित्ताकाटको सिफारिस गर्न नपाउने भएपछि ०७९ असारयता देशभर कित्ताकाट सुस्ताएको छ। सरकारले कृषि भूमिको जथाभावी खण्डीकरण रोक्न भूउपयोग नियमावली जारी गरेको हो। नियमावलीमा भूमिलाई विभिन्न १० प्रकारमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ। तर, तत्काललाई कृषि र गैरकृषि भूमि वर्गीकरण गरेर कित्ताकाट खुलाउने तयारी थियो।


२३ मंसिरभित्र कृषि र गैरकृषि भूमि वर्गीकरण गर्नुपर्नेमा ८० प्रतिशत स्थानीय तहले भूउपयोग नियमावली जारी भएको नौ महिना बितिसक्दासम्म वर्गीकरण टुंग्याउन सकेका छैनन्। जग्गा वर्गीकरण नहुँदा धेरै पालिकामा कित्ताकाट ठप्प छ। 'जग्गा वर्गीकरण भइसकेका पालिकामा कित्ताकाट पनि सुरु भइसकेको छ,' प्रवक्ता भण्डारीले भने, 'सरकारले सहजीकरण गर्दा पनि धेरै स्थानीय तहले जग्गा वर्गीकरण गर्न सकेका छैनन्।' पटक-पटक ताकेता गरिरहँदा पनि धेरै स्थानीय तहहरूले आफ्नो क्षेत्रको जग्गा वर्गीकरण गर्न नसकेको भूमि मन्त्रालयको भनाइ छ।

धेरै स्थानीयले आफ्नो जग्गालाई आवासीय क्षेत्रमा राख्न दबाब दिएपछि पालिकाले वर्गीकरण टुंग्याउन नसकेका हुन्। 'कृषि क्षेत्रमा राख्दा जग्गा कित्ताकाट गर्न नपाइने र मूल्यांकन पनि कम हुने स्थानीयको ठहर छ,' एक स्थानीय तहका अध्यक्षले भने, 'त्यसैले सबैले आफ्नो जग्गा आवासीय क्षेत्रमा वर्गीकरण गर्न जोडबल गरिरहेका छन्।' कतिपय पालिकामा जग्गा वर्गीकरणको विषयलाई लिएर व्यापक विवादसमेत हुने गरेको छ।

भूउपयोग नियमावलीमा भूमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र, नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएका वा अन्य क्षेत्र भनी १० प्रकारमा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। 'कतिपय स्थानीय तहले आफ्नो क्षेत्रको जग्गालाई १० प्रकारमै विभाजन गरिसकेका पनि छन्,' प्रवक्ता भण्डारीले भने, 'कतिपयले कृषि र गैरकृषि भूमि पनि वर्गीकरण गर्न नसक्दा कित्ताकाट ठप्प हुन पुगेको छ।' तत्काललाई कृषि र गैरकृषि भूमिमा मात्रै वर्गीकरण गरिए तापनि १० प्रकारमै वर्गीकरण गर्नुपर्ने हुन्छ।

भूउपयोग नियमावलीअनुसार कृषि क्षेत्रका रूपमा तोकिएको जग्गालाई काठमाडौं उपत्यकामा पाँच सय वर्गमिटर (करिब एक रोपनी) र तराई तथा भित्री मधेसमा ६ सय ७७ वर्गमिटरभन्दा कम क्षेत्रफलमा टुक्र्याउन पाइँदैन। यस्तै, माथि उल्लिखितबाहेकका क्षेत्रमा एक हजार वर्गमिटरभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न नपाउने व्यवस्था छ। यस्तै, आवासीय क्षेत्रमा वर्गीकरण गरिएको जग्गालाई न्यूनतम एक सय ३० वर्गमिटर (चार आना दुई दाम)भन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न पाइँदैन।


पाँच सय वर्गमिटरभन्दा सानो कित्ताको हकमा चौडाइभन्दा लम्बाइ चार गुणाभन्दा बढी हुने गरी कित्ताकाट गर्न पाइँदैन। यदि कुनै कित्ताको आकार वा क्षेत्रफल अमिल्दो भई सिमानाको अर्को कित्ताबाट निश्चित क्षेत्रफल समावेश गरी प्लट मिलान गर्न उपयुक्त देखिएमा सोको प्लट मिलनका लागि कित्ताकाट गर्न सकिनेछ। तर, कित्ताकाट गरी प्लट मिलान गर्दा सम्बन्धित कित्तामा नै गाभिने गरी गर्नुपर्ने व्यवस्था छ।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

धेरै स्थानीय तहले वर्गीकरण गर्न सकेनन्

● **कृष्णप्रसाद भण्डारी**, प्रवक्ता, भूमि विभाग



२३ मंसिरसम्म सात सय ५३ वटै स्थानीय तहले जग्गा वर्गीकरण गरिसक्नुपर्नेमा अहिलेसम्म धेरैले टुंग्याउन सकेका छैनन्। विभागमा एक सय ४२ पालिकाबाट जग्गा वर्गीकरण गरेको जानकारी आएको छ। जग्गा वर्गीकरण नगरी कित्ताकाट गर्न पाइँदैन। कृषि र गैरकृषि भूमि वर्गीकरण भइसकेका पालिकामा कित्ताकाट खुलिसकेको छ। र, कित्ताकाट पनि बढ्न थालेको छ। काठमाडौं उपत्यकाका सबै पालिकामा कित्ताकाट खुला भइसकेको छ।

■ वर्गीकरणसँगै बढ्दै छ कित्ताकाट

नयाँ भूउपयोग नियमावलीमार्फत गरिएको कडाइसँगै ठप्प भएको कित्ताकाट पछिल्लो समय बढ्न थालेको छ। पालिकाहरूले क्रमशः जग्गा वर्गीकरण गरेर सिफारिस दिन थालेपछि कित्ताकाट पनि बढ्न थालेको विभागका प्रवक्ता भण्डारीले बताए।

त्यसो त बैंकमा तरलता अभाव, चर्को ब्याजदरलगायत कारणले घरजग्गा कारोबारमा मन्दी छाउँदा पनि कित्ताकाट घट्न पुगेको घरजग्गा कारोबारी बताउँछन्। कित्ताकाटमा कडाइ, तरलता अभाव, चर्को ब्याजदर, घरजग्गा कर्जामा गरिएको कडाइलगायत कारणले घरजग्गा किनबेचसँगै कित्ताकाट पनि सुस्ताएको थियो।

तर, पछिल्लो समय घरजग्गा कारोबारमा मन्दी कायमै रहे पनि कित्ताकाट भने क्रमशः बढिरहेको विभागको तथ्यांकले देखाउँछ। कात्तिकपछि निरन्तर बढिरहेको घरजग्गा किनबेच फागुनमा पुनः खुम्चिएको छ। तर, कात्तिकयता कित्ताकाट भने निरन्तर उकालो लागिरहेको छ। चालू आवको आठ महिनामा देशभर ९८ हजार ६ सय ५९ कित्ता जग्गा कित्ताकाट भई दुई लाख १३ हजार ६ सय पाँच कित्ता बनेका छन्।

कित्ताकाटमा गरिएको कडाइपछि साउन महिनामा देशभर सबैभन्दा कम १५ हजार तीन सय पाँच कित्ताकाट भएका थिए। भदौमा कित्ताकाट सामान्य बढेर २१ हजार आठ सय ७७ पुगेकोमा असोजमा १९ हजार एक सय ७८ मा झरेको छ। कात्तिकमा २२ हजार पाँच सय ६५, मंसिरमा ३० हजार सात सय २८, पुसमा ४९ हजार चार सय ७४, माघमा ५४ हजार चार सय ७८ र फागुनमा ६० हजार तीन सय ६१ कित्ताकाट भएको विभागको तथ्यांक छ।

पछिल्लो चार महिनादेखि निरन्तर बढिरहेको घरजग्गा कारोबार फागुनमा खुम्चिएको देखिन्छ। माघमा देशभर ४१ हजार ८६ घरजग्गाको लिखत पारित भएकोमा फागुनमा घटेर ४० हजार सात सय ३४ मा सीमित भएको छ। विभागका अनुसार साउनमा ३३ हजार आठ सय ३४, भदौमा ३४ हजार सात सय २०, असोजमा २५ हजार सात सय ८९, कात्तिकमा २७ हजार नौ सय ३९, मंसिरमा २९ हजार एक सय ८४, पुसमा ३८ हजार, आठ सय ७१, माघमा ४१ हजार ८६ र फागुनमा ४० हजार सात सय ३४ घरजग्गाको लिखत पारित भएको छ।

फागुनमा मात्रै साढे एक अर्ब रकमान्तर

बहुवर्षीय ठेक्का भएका आयोजनालाई सात अर्ब ७९ करोड थप बजेट सहमति

नयाँ पत्रिका
काठमाडौं, ६ चैत

सरकारले फागुन महिनामा मात्रै साढे एक अर्ब रकमान्तर गरेको छ। विभिन्न मन्त्रालयले खर्च गर्न नसकेको एउटा बजेट उपशीर्षकको एक अर्ब ६५ करोड रुपैयाँ बजेट अर्को उपशीर्षकमा रकमान्तर गरेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत बुढीगण्डकी आयोजनाका लागि छुट्याइएको बजेटमध्ये ४० करोड नदी नियन्त्रण उपशीर्षकमा नारायणी नदी व्यवस्थापन आयोजनामा रकमान्तर गरिएको छ। उक्त रकम चितवनको रिभेटमेन्ट निर्माण तथा तटबन्ध निर्माण कार्यमा खर्च हुनेछ।

त्यस्तै, ऊर्जा मन्त्रालयअन्तर्गत बुढीगण्डकी आयोजनाकै लागि छुट्याइएको एक अर्ब सुनकोसी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयेजनामा रकमान्तर गरिएको छ। उक्त रकम सुनकोसी-मरिन आयोजनाको सुरुङ निर्माणमा खर्च हुनेछ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत उत्तर-दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोसी)का लागि छुट्याइएको १० करोड मदन भण्डारी राजमार्गका लागि रकमान्तर गरिएको छ। त्यस्तै, प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रमको १५ करोड बजेटलाई सूर्यविनायक-धुलिखेल र कोटेश्वर-बानेश्वर-त्रिपुरेश्वर सडकमा रकमान्तर गरिएको अर्थ मन्त्रालयले जनाएको छ।



■ बहुवर्षीय आयोजनालाई पौने आठ अर्ब बजेट सहमति

फागुन महिनामा मात्रै सरकारले बहुवर्षीय ठेक्का रहेका आयोजनालाई पौने आठ अर्ब बजेट सहमति दिएको छ। वार्षिक बजेटमा उल्लेख भएको १५ अर्ब चार करोड रकममा थप सात अर्ब ७९ करोडको सहमति प्रदान गरिएको हो। अर्थ मन्त्रालयले कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई रासायनिक मल खरिदका लागि थप सात अर्ब ७५ करोड रुपैयाँ बजेट सहमति दिएको हो। त्यस्तै, आन्तरिक राजस्व विभागमा अन्तःशुल्क स्टिकर छपाइ, आपूर्ति तथा ढुवानी प्रयोजनका लागि ४० करोड दुई लाख थप बजेट सहमति दिएको हो।

■ अर्थ विविधबाट साढे ३७ करोड थप निकासा

अर्थ मन्त्रालयले फागुन महिनामा अर्थविविधबाट साढे ३७ करोड रुपैयाँ थप निकासा दिएको छ। अर्थ मन्त्रालयले विभिन्न २५ वटा निकायलाई ३७ करोड ४९ लाख दुई हजार रुपैयाँ थप निकासा दिएको हो।

सबैभन्दा बढी आन्तरिक राजस्व विभागलाई चुरोटको अन्तःशुल्क स्टिकर छपाइका लागि २० करोड रुपैयाँ निकासा दिइएको छ। त्यस्तै, राष्ट्रिय अनुसन्धान विभागलाई दुई करोड २५ लाख, लोकसेवा आयोगका कार्यालयहरूलाई दुई करोड ११ लाख, लोकसेवा आयोगको प्रशासनिक खर्चसमेतलाई दुई करोड १९ लाख, लुम्बिनी प्रदेशलाई तीन करोड २८ लाख थप निकासा दिइएको हो।

मलमा अनुदान घटाउने निर्णय फिर्ता

काठमाडौं/ रासायनिक मलमा किसानलाई दिइँदै आएको अनुदान कटौती गर्ने निर्णयबाट सरकार पछि हटेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले मलमा अनुदान कटौतीलाई स्थगित गरेको हो। २९ फागुनमा कृषि तथा पशुपक्षी विकास मन्त्रालयले अर्थ मन्त्रालयको निर्देशनमा अनुदान रकम कटौती गरेको थियो। रासायनिक मलमा ८० प्रतिशत अनुदान उपलब्ध गराउँदा आर्थिक भार थपिएको कारण देखाउँदै अर्थले मल अनुदान ५० प्रतिशतमा झार्न निर्देशन दिएको थियो। सोहीअनुसार कृषि मन्त्रालयले पहिलो चरणमा ८० प्रतिशतको मल अनुदानलाई ५९ दशमलव ०४ प्रतिशतमा झारेको थियो।

मल अनुदान कटौती गरेपछि किसानका विभिन्न संगठनहरूले विरोध जनाउँदै आएका थिए। आन्दोलनसमेत घोषणा गरेका किसान संगठनसहित राजनीतिक दलहरूले पनि विरोध गरेपछि सरकार पछि हटेको हो। मन्त्रिपरिषद्को निर्णयले अनुदानको विषयमा विस्तृत अध्ययन गरेर व्यवस्थित र वैज्ञानिक निर्णय लिइने जनाइएको छ।

मलको अनुदान घटेपछि किसानलाई मल खरिदमा महँगो पर्ने निश्चित थियो। किसानले अब पुनः युरिया मल प्रतिकेजी १४ रुपैयाँ, डिएपी ४३ रुपैयाँ र पोटास ३१ रुपैयाँमा पाउनेछन्। अनुदान घटाउँदा युरिया प्रतिकेजी २५ रुपैयाँ, डिएपी ५० रुपैयाँ र पोटास ४० रुपैयाँ प्रतिकेजी पुगेको थियो।

कृषि मन्त्रालयका अनुसार चालू आर्थिक वर्षको बजेट र थप १६ अर्ब स्रोत सुनिश्चित गरी ३१ अर्ब बजेट छुट्याइएको थियो। हालसम्म जिटुजीमार्फत आउने ३० हजार मेट्रिकटनसहित मल ल्याउने दुई आधिकारिक कम्पनी, साल्ट ट्रेडिङ र कृषि सामग्रीले तीन लाख ३१ हजार मेट्रिकटन मल खरिद व्यवस्था गरिसकेको छ भने थप ९४ हजार मेट्रिकटन नपुग देखिएको हो।

होटेल २५ प्रतिशत अकुपेन्सीमा सञ्चालन

काठमाडौं/ कोभिड महामारीले थला परेको होटेल तथा पर्यटन व्यवसाय अझै लयमा नफर्किएको होटेल व्यवसायीले बताएका छन्। थलिएको होटेल उद्योगलाई जोगाउन राज्यले प्राथमिकता नदिँदा ठूलो लगानी संकटमा पर्ने जोखिम बढेको होटेल एसोसिएसन नेपाल (हान) की अध्यक्ष सिर्जना राणाले बताइन्। 'सरकारले पर्यटन क्षेत्र लयमा फर्किसकेको गलत दाबी गरिरहेको छ, तर अझै पर्यटन व्यवसाय लयमा फर्किएको छैन,' उनले भनिन्, 'नीति-निर्माताँसँग भएको गलत तथ्यांकका कारण पर्यटन क्षेत्रले राज्यबाट पाउने सुविधाबाट समेत वञ्चित हुनुपर्ने अवस्था आएको छ।' अधिकांश होटेल-रिसोर्ट अझै पनि २५ प्रतिशत अकुपेन्सीमा चलिरहेको उनको भनाइ छ।

देशभर होटेलको संख्या बढेको, तर पर्यटक बढ्न नसक्दा व्यवसायी आर्थिक संकटमा पर्न थालेको अध्यक्ष राणाले बताइन्। 'चर्को मूल्यवृद्धि, तरलता अभाव, चर्को ब्याजदर र व्यवसाय सञ्चालनका समस्या छँदै छन्,' उनले थपिन्, 'पर्यटक आगमन अपेक्षित बढ्न नसक्दा व्यवसाय कसरी टिकाउने भनेर होटेल व्यवसायी चिन्तित बन्नुपरेको छ।'

बैंक तथा वित्तीय संस्थाहरूले ऋणको साँवा-ब्याज भुक्तानीका लागि थेग्नै नसकिने गरी ताकेता गरिरहँदा पर्यटन व्यवसायी आतंकित बन्नुपरेको हानका प्रथम उपाध्यक्ष विनायक शाहले बताए। कोभिडको करिब तीन वर्ष कारोबार शून्यमा झरेको र व्यवसाय चौपट हुँदा अहिलेकै अवस्थामा कर्जा भुक्तानी गर्न सक्ने अवस्था नरहेको उनको जिकिर छ।

अहिले होटेलहरू सञ्चालनमा रहेको देखिए पनि चालू खर्च धान्नेसमेत आम्दानी हुन नसकेको शाहले बताए। 'धेरै नयाँ होटेलहरू थपिँदा मागभन्दा आपूर्ति कयौं गुणाले बढेकाले होटेललाई सेवाको मूल्य घटाउन ठूलो चाप परेको छ,' उनले भने, 'सरकारको बजेटभन्दा बढी परिमाणको लगानी भइसकेको होटेल क्षेत्रलाई हालसम्म पनि उद्योगसरहको मान्यता नदिनु अत्यन्त खेदजनक छ।'

होटेल तथा रिसोर्टमा ३५-३८ प्रतिशत अकुपेन्सी भए सञ्चालन खर्च धान्न सकिने बताउँदै उनले पछिल्लो समय होटेल २५ प्रतिशत अकुपेन्सीमा मात्रै सञ्चालन भइरहेको गुनासो पोखे। यही अवस्था लम्बिएमा १५-२० प्रतिशत होटेल व्यवसायी पलायन हुने उनको भनाइ छ।

बैंकको कर्जाको ब्याजदर ७-८ प्रतिशतबाट बढेर १७-१८ प्रतिशतसम्म पुग्दा व्यवसायी समस्यामा परेको सिद्धार्थनगर होटेल व्यवसायी संघका अध्यक्ष सिपी श्रेष्ठले बताए। 'पर्यटन पूर्वाधार विकासमा काम भएकै छैन, पर्यटक बढ्न सकेका छैनन्, तर होटेल तथा रिसोर्ट टन्नै खुलेका छन्,' उनले भने, 'यही अवस्था रहिरहेमा धेरै व्यवसायी पलायन हुने देखिन्छ।' भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको १० महिना बितिसक्दासमेत अन्तर्राष्ट्रिय उडान हुन नसक्नु दुःखदायी भएको श्रेष्ठले बताए।

तनहुँको सराङघाट सबस्टेसनको उद्घाटन

काठमाडौं/ तनहुँको बन्दीपुर गाउँपालिका वडा नं ६ मा निर्माण भएको ३३/११ केभीको सराङघाट सबस्टेसन उद्घाटन गरिएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र एसियाली विकास बैंक (एडिबी) नेपाल आवासीय नियोगका प्रमुख आर्नो कुश्वाले संयुक्त रूपमा सोमबार सबस्टेसनको उद्घाटन गरेका हुन्।

प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत सराङघाट सबस्टेसन निर्माण गरिएको हो।

उद्घाटन कार्यक्रममा कार्यकारी निर्देशक घिसिङले करिब दुई वर्षभित्रमा सबै नेपालीको घरमा विद्युत्को पहुँच पुऱ्याउने गरी काम भइरहेको बताए।

नेपालले पछिल्लो दशकमा विद्युतीकरणमा उल्लेख्य प्रगति हासिल गरेको उल्लेख गर्दै नेपाल आवासीय नियोग प्रमुख कुश्वाले भने, 'विश्वको विद्युत् पहुँचको वार्षिक वृद्धिदर औसतमा ०.८ प्रतिशत रहेकोमा यसको तुलनामा नेपालको धेरै तीव्र दर अर्थात् ४.३ प्रतिशत रहेको छ, विद्युत् प्राधिकरणको नेतृत्वमा भइरहेको यो कामको हामी प्रशंसा गर्छौं।' उनले नेपालको पूर्वाधार क्षेत्रमा एडिबीको लगानी निरन्तर रहने बताए।

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.पा.-३२, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

धितो लिलाम गर्नेबारे १५(पन्द्र) दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

(पुनःप्रकाशित मिति : २०७५/१२/७ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाको कार्यालय का.म.पा.-३२ तिनकुने, काठमाडौंबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण रकम ऋण लिँदा गरेको शर्त कबुलियत बमोजिम संस्थालाई तिर्नुपर्ने रकम भुक्तानी नगरी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले बक्यौता रकम भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तर-ताकेता गर्नुका साथै ऋण रकम चुक्ता भुक्तानी गर्न आउन भनि मिति २०७९/०९/१२ गतेका दिन ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरेकोमा ऋणी तथा जमानीकर्ताले सोको पुर्ण बेवास्ता गरी ऋण चुक्ता गर्ने तर्फ कुनै पहल नगरेकोले पुनः मिति २०७९/१०/२४ गतेका दिन १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सुचना प्रकाशित गर्दा समेत ऋणी र व्यक्तिगत जमानी सम्पर्कमा नै नआएको हुँदा पुनः यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले २१(एक्काइस्) दिनभित्र उक्त ऋणको सम्पुर्ण साबाँ, व्याज, हर्जना लगाएतका अन्य दै दस्तुर समेत चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धीत ऋणी, जमानीकर्ता समेतलाई यो सुचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा/ऋण चुक्ता नभएमा ऋणी तथा जमानीकर्ता लगाएत सम्बद्ध सबैलाई संस्थाको आन्तरीक नीति नियम तथा कार्यविधीहरु, सहकारी ऐन,२०७४ नियमावली, २०७५ बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ र प्रचलित अन्य ऐन कानुन बमोजिम ऋणीले ऋण लिँदा सुरक्षण बापत यस संस्थालाई धितो बन्धक लेखी/लेखाई दिएको तपशिलमा उल्लेखित सम्पत्ती जे जस्तो छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरी लिन चाहने व्यक्ति संघ, संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले २१(एक्काइस्) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ। प्राप्त शिलबन्दी फारमहरु २२औं दिन (सो दिन विदा भएमा सो को भोलिपल्ट) खोलिने भएको हुँदा सो सम्पत्ती खरिद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सुचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धीत ऋणी, जमानीकर्ता, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबस तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती संस्था आफैले सकार गरि लिने वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम सहकारी संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ। उक्त सम्पत्ती लिलाम बिक्री गर्ने वा संस्था आफैले सकारगरी लिँदा उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा सहकारी संस्था आफैले सकार गरि लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउने छैन र उक्त सम्पत्तीबाट संस्थाको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम बाँकी लेना रकम ऋणी र व्यक्तिगत जमानीकर्ताबाट कानुन बमोजिम असुलीका लागि कानुनी कारवाही समेत अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपशिल

ऋणीको नाम, ठेगाना	जमानीको नाम, ठेगाना
ऋणीको नाम :अम्बर बहादुर ठाडा बाबुको नाम: पुण्य बहादुर मगर बाजेको नाम : गणेश बहादुर मगर ठेगाना: सितलपाटी-४, सिन्धुली ना.प्र.नं.: २०३०१८/२०९ जारि मिति/जिल्ला : २०६३/१०/२२ सिन्धुली **धितोको विवरण :** गणेश बहादुर मगरको नाती पुण्य बहादुर मगरको पत्नि पुण्य कुमारी मगरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम भएको सिन्धुली जिल्ला सितलपाटी वडा नं.४घ कि.नं.१४ को क्षेत्रफल ५०७१.५० व.मी., ऐ.ऐ. वडा नं.४ख कि.नं. २२०र २२२ को क्षेत्रफल क्रमसः १९०.७८ व.मी., ६३५.९२ व.मी.,ऐ.ऐ. वडा नं.४ग कि.नं.८७ र १५६ को क्षेत्रफल क्रमसः २०६.६८ र १६१७.६३ व.मी. भएको जग्गा र सो जग्गामा बनेको घर टहरा समेत।	**नामः पुन्य कुमारी मगर** ससुराको नामः गणेश बहादुर मगर पतिको नाम : पुण्य बहादुर मगर ठेगानाः सितलपाटी-४, सिन्धुली ना.प्र.नं. ३९७५/५०७ सिन्धुली **नामः पुण्य बहादुर मगर** बाजेको नाम : वीर बहादुर बाबुको नामः गणेश बहादुर मगर ठेगानाः सितलपाटी-४, सिन्धुली ना.प्र.नं. ४०१२/५०८ सिन्धुली **नामः खम्ब सिंह ठाडा** बाजेको नाम : गणेश बहादुर मगर बाबुको नामः पुण्य बहादुर मगर ठेगानाः सितलपाटी-४, सिन्धुली ना.प्र.नं. ८५६/४८९४३सिन्धुली **नामः राम बहादुर ठाडा** बाजेको नाम : गणेश बहादुर मगर बाबुको नामः पुण्य बहादुर मगर ठेगानाः सितलपाटी-४, सिन्धुली ना.प्र.नं. ८५४/१४४२० सिन्धुली
ऋणीको नाम :शैलि पंडित बस्नेत पतिको नामः दिपु बस्नेत बाबुको नामः शशी पंडित ससुराको नाम : दुर्गा बहादुर बस्नेत ठेगानाः बुढानिलकंठ-७, काठमाडौं ना.प्र.नं.: २७-०१-७५-०१९१५ जारि मिति/जिल्ला : २०७५/०२/१०, काठमाडौं	**नामः दिपु बस्नेत** बाजेको नामः चित्र बहादुर बस्नेत बाबुको नामः दुर्गा बहादुर बस्नेत ठेगानाः शैलुङ ६, दोलखा ना.प्र.नं.: २२१००७-२२६ जारि मितिः २०६५/०७/२६ दोलखा
धितोको विवरण : दुर्गा बहादुर बस्नेतको बुहारी दिपु बस्नेतको पत्नि, शशी पंडितको छोरी शैली पंडित बस्नेतको नाममा मालपोत कार्यालय चावहिल काठमाडौंमा दर्ता श्रेष्ठा कायम भएको काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा नं.८क कि.नं.१०७१ को क्षेत्रफल २७०.२२ व.मी. भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।	

बोलपत्र सम्बन्धी शर्तहरु:

१. बोलपत्र फारम संस्थाको मुख्य कार्यालय, तीनकुनेबाट रु.५००/-बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।
२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २१(एक्काइस्) दिन भित्र संस्थाको सम्बन्धीत कार्यालय का.म.पा.-३२, तिनकुने, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले २२औं दिन दिउँसो ३:०० बजे खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट उल्लेखित समय भित्र खोलिने छ।
४. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छ। साथै बोलपत्र फारममा उल्लेखित शर्त तथा बन्देजहरु यसै सुचनाको अभिन्नअंग हुनेछ।

भूगोल इनर्जी डेभलपमेन्ट र दोल्ती पावर कम्पनीको सेयर बाँडफाँट

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडले भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड तथा दोल्ती पावर कम्पनी लिमिटेडको साधारण सेयर बाँडफाँट गरेको छ। कम्पनीले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीलाई छुट्याइएको साधारण सेयर बाँडफाँट गरेको हो।

दोल्ती पावरको सेयर १०,७२९ जनालाई

दोल्ती पावर कम्पनी लिमिटेडको सेयर १० हजार सात सय २९ जनाले पाएका छन्। रीतपूर्वक आवेदन दिनेमध्येलाई गोलाप्रथामार्फत सेयर बाडफाँट गरेको कम्पनीले जनाएको छ।

वैदेशिक रोजगारीमा रहेका नेपालीलाई दोल्ती पावर कम्पनीको एक लाख सात हजार दुई सय ९८ कित्ता सेयरका लागि आवेदन खुला गरिएको थियो। जसमा १८ हजार तीन सय १७ जनाको पाँच लाख ४२ हजार ७० कित्ताका लागि आवेदन परे पनि १६ हजार नौ सय ७२ जनाको चार लाख ६८ हजार नौ सय ४० कित्ता सेयरको माग मात्र रीतपूर्वक रहेको जनाइएको छ।

जसमध्ये गोलाप्रथाका माध्यमबाट १० कित्तादेखि १० हजार कित्ता सेयर आवेदन गर्ने १० हजार सात सय २९ जना सफल आवेदनकर्तालाई तथा बाँकी आठ कित्ता सेयर २० कित्ताभन्दा बढी माग गर्नेमध्येबाट आठजनालाई एक कित्ताका दरले बाँडफाँट गरिएको जनाइएको छ।

भूगोल इनर्जीको सेयर १०,८८१ जनाले पाए

भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर १० हजार आठ सय ८१ जनाले पाएका छन्। रीतपूर्वक आवेदन दिनेमध्येलाई गोलाप्रथामार्फत सेयर बाडफाँट गरेको कम्पनीले जनाएको छ।

वैदेशिक रोजगारीमा रहेका नेपालीलाई भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीको एक लाख आठ हजार आठ सय ११ कित्ता सेयरका लागि आवेदन खुला गरिएको थियो। जसमा १८ हजार तीन सय ६४ जनाले पाँच लाख ३३ हजार ६ सय ९० कित्ताका लागि आवेदन परे पनि १६ हजार नौ सय ६४ जनाको चार लाख ६० हजार दुई सय ४० कित्ता सेयरको माग मात्र रीतपूर्वक रहेको जनाइएको छ। जसमध्ये गोलाप्रथाका माध्यमबाट १० कित्तादेखि एक हजार कित्ता सेयर आवेदन गर्ने १० हजार आठ सय ८१ जना सफल आवेदनकर्तालाई बाँडफाँट गरिएको जनाइएको छ।

आइएमई लाइफ इन्स्योरेन्सको छैटौं वार्षिक साधारणसभा सम्पन्न

नयाँ पत्रिका
काठमाडौं, ६ चैत



आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले विभिन्न प्रतिवेदन तथा प्रस्तावहरू पारित गर्दै छैठौं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। कम्पनीका सञ्चालक समिति अध्यक्ष डा. रामहरि अर्यालको सभापतित्वमा भएको साधारणसभाले आव ०७८/७९ को सञ्चालक समितिको प्रतिवेदनसहित वित्तीय विवरणहरू पारित गरेको हो।

साधारणसभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आव ०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत्सम्बन्धित अनुसूची तथा एनएफआरएस प्रणाली लागू गरी तयार गरिएको वित्तीय विवरणमाथि छलफल गर्ने, संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोहीअनुसार फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिएको जनाइएको छ। त्यस्तै, सर्वसाधारणलाई छुट्याइएको सेयर जारी गर्ने कार्यको सम्बन्धमा नियमनकारी निकायहरूबाट प्राप्त निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने, कम्पनीको सञ्चालक समितिमा स्वतन्त्र सञ्चालक नियुक्तिसम्बन्धी प्रस्तावहरूउपर छलफल गरी सर्वसम्मतिबाट पारित भएको कम्पनीले जनाएको छ।

सभामा सभापति डा. अर्यालले आव ०७९/८० को पुष मसान्तसम्मको अपरिष्कृत विवरणअनुसार बिमा कोष २२ दशमलव ३१ प्रतिशतले वृद्धि भई पाँच अर्ब ४७ करोड ९४ लाख रुपैयाँ पुगेको जानकारी दिए। कम्पनिका अगाडि भएका चुनौतीबारे पनि सभापति डा. अर्यालले जानकारी दिएका थिए। सर्वसाधारणका निमित्त सेयर जारी गर्न भइरहेको आन्तरिक तयारी पनि अन्तिम अवस्थामा रहेको जानकारी दिँदै डा. अर्यालले जीवन बिमा कम्पनीहरूमाझ अब्बल कम्पनीका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयालले कम्पनीको प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, सुशासन, मानव संसाधनको विकास एवं ग्राहक सेवाप्रति निरन्तर प्रतिबद्ध रहने जानकारी गराएका थिए।

कियाको 'कारेन्स' नेपाली बजारमा

नयाँ पत्रिका
काठमाडौं, ६ चैत

कोरियाली कार निर्माता कियाले आफ्नो नयाँ एमपिभी कारेन्स नेपाली बजारमा ल्याएको छ। कम्पनीले नेपालका लागि आफ्नो अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजमार्फत नेपाली बजारमा कारेन्स लन्च गरेको हो।

कम्पनीले कियाको पछिल्लो संस्करण 'किया कारेन्स'लाई पूर्ण आधुनिक पारिवारिक कार भएको दाबी गरेको छ। कारेन्स कार मात्र नभएर आफ्नो परिवारलाई सबैभन्दा माथि राख्ने व्यक्तिका लागि सवारीको उत्तम विकल्प भएको कम्पनीको भनाइ छ। यो कार भारतको इन्डियन कार अफ द इयर (आइसिओटिवाई) २०२३ अवार्ड प्राप्त एमपिभी भएको कम्पनीले जनाएको छ। कारेन्समा १० रोबस्ट हाई-सेफ्टी प्याकजजस्तो विशेषता रहेको र यो सबै भेरियन्टमा स्ट्यान्डर्ड रूपमा आउने कम्पनीको भनाइ छ।

विशेषता : यो गाडीमा ६ ओटा एयरब्याग, इलेक्ट्रोनिक्स स्टाबिलिटी कन्ट्रोल, भेहिकल स्टाबिलिटी म्यानेजमेन्ट, ब्रेक एसिस्ट, हिल स्टार्ट एसिस्ट कन्ट्रोल, डाउनहिल ब्रेक कन्ट्रोल, एन्टी लक ब्रेक सिस्टम, अल ह्विल डिस्क ब्रेक, हाइलाइन टायर प्रेसर मोनिटरिङ सिस्टम र रियर पार्किङ सेन्सरजस्ता विशेषता रहेको कम्पनीको दाबी छ। यो गाडी दुईथरी पेट्रोल इन्जिनमा उपलब्ध रहेको जनाइएको छ। ११५ विएचपी र १४४ एनएम टर्कयुक्त १.५ लिटर र १४० विएचपी र २४२ एनएम टर्कयुक्त १.४ लिटरको इन्जिनमा उपलब्ध रहेको कम्पनीले जनाएको छ। १.५ लिटर पेट्रोलमा ६ स्पिड मयनुअल र १.४ लिटर टर्बो पेट्रोलमा ७ स्पिड डिसिटी अप्सन उपलब्ध रहेको जनाइएको छ।

कारेन्स ११५ विएचपी तथा २५० एनएम टर्कयुक्त १.५ लिटर टर्बो डिजेल इन्जिनमा पनि उपलब्ध रहेको कम्पनीले जनाएको छ। यसमा म्यानुअल र अटोमेटिक ट्रान्समिसन रहेको छ। लक्जरी प्लस ट्रिममा स्टेयरिङमा प्याडल सिफ्टर पनि रहेको र यसले सात स्पिड डिसिटी वा ६ स्पिड अटोमेटिकमा पुगेका वेला काम गर्ने जनाइएको छ।

यो गाडीमा एक सय ९५ मिमि ग्राउन्ड क्लियरेन्स, १०.२५ इन्चको इन्फोटेनमेन्ट डिस्प्ले, डिजिटल इन्स्ट्रुमेन्टेसन, सनरुफ, दोस्रो र तेस्रो रोका लागि हावाको स्पिड एडजस्ट गर्न मिल्ने छतमा जडित एयरकन भेन्ट्स, सिटपछाडि जडित ट्याब्लेट र स्मार्ट फोन नोचयुक्त कपहोल्डरसहितको ट्रे टेबल, भेन्टिलेटेड फ्रन्ट सिटहरू, ६४ कलर एम्बियन्ट लाइटिङ, एयर प्युरिफायर, बोस अडियो सिस्टम, वान टच सेकेन्ड रो टम्बल यसका थप विशेषता रहेको कम्पनीको भनाइ छ। यो सात सिटर कन्फिगरेसन, ठूलो बुट स्पेस, दुई सय १६ लिटरको लगेज स्पेस रहेको र तेस्रो रो फोल्ड गर्दा लगेज स्पेसलाई ६ सय ४५ लिटरसम्म बढाउन सकिने कम्पनीको दाबी छ।

कारेन्स प्रिमियमको ४८ लाख ९० हजार रुपैयाँ र कारेन्स प्रेस्टिजको ५२ लाख ९० हजार रुपैयाँ मूल्य तोकिएको कम्पनीले जनाएको छ।

आइएमई पेको '५ को ५' अफर

काठमाडौं/ आइएमई ग्रुपअन्तर्गत आइएमई डिजिटल सोलुसन लिमिटेडको आइएमई पेले ५ को ५ नामक नयाँ अफर सार्वजनिक गरेको छ।

चैत १५ गतेसम्म चल्ने यस अफरमा ग्राहकले लिन्क गरेको बैंकको खाताबाट, एम-बैंकिङ वा इ-बैंकिङबाट, डेबिट-क्रेडिट कार्डबाट रेमिट्यान्स प्राप्त गर्दा र आइएमई पे वालेटबाट आइएमई पे वालेटमा जस्ता विभिन्न माध्यमबाट कम्तीमा पाँचपटक पैसा लोड गर्ने पाँचजना भाग्यशाली विजेताहरूले उपहार जित्ने अफर ल्याएको हो। उपहारमा सामसङसँग ग्यालेक्सी बड्स-२ रहने उल्लेख छ। यसका साथै हरेक दिन कम्तीमा एकपटक सोही माध्यमहरूबाट आइएमई पे वालेटमा पैसा लोड गर्दा एक जना भाग्यशाली विजेताले एक हजार रुपैयाँ जित्ने मौका पनि पाउने र उक्त रकम विजेताको वालेटमा लोड हुने कम्पनीले जनाएको छ।

यो अफर ग्राहकलाई विद्युतीय माध्यमबाट भुक्तानी गर्न प्रेरित गर्दै वालेटमा क्यास इन अर्थात् लोड मनी गर्न प्रोत्साहन गर्ने उद्देश्यका साथ गरिएको जनाइएको छ।

एनओजी काठमाडौं च्याप्टर राइड सम्पन्न



काठमाडौं/ टिभिएस मोटर कम्पनीका लागि नेपालको आधिकारिक वितरक जगदम्बा मोटर्सले काठमाडौंको नक्सालदेखि नगरकोटसम्म एनओजी (एन्टर्क ओनर्स ग्रुप) राइड सम्पन्न गरेको छ। कम्पनीले नक्सालको सोरुमदेखि नगरकोटको सांग्रिला रिसोर्टसम्म राइड कार्यक्रम सञ्चालन गरेको हो।

उक्त राइडमा सहभागीहरूबीच विभिन्न गेमहरू पनि खेलाइएको कम्पनीले जनाएको छ। साथै, सहभागी सम्पूर्ण राइडरहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनुका साथै एक अनुशासित राइडरलाई मेडल पनि प्रदान गरिएको जनाइएको छ। करिब ५० जना राइडर सहभागी भएको उक्त राइड सम्पूर्ण सुरक्षा सावधानीका साथ नेपाल सरकारको अनुमति लिएर सञ्चालन गरिएको आयोजकले जनाएको छ। राइडमा प्राविधिक टिमले विभिन्न सडक सुरक्षाबारे जानकारी पनि प्रदान गरेको जनाइएको छ।

मुक्तिनाथ विकासका ग्राहकले रिसोर्ट र मेडिकलमा छुट पाउने

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेडका भिसा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकले सूर्यविनायकको वाइट अरकिड रिसोर्ट र सूर्यविनायक मेडिकल स्टोरमा छुट पाउने भएका छन्। बैंकले आफ्ना ग्राहकलाई विभिन्न सेवाहरूमा विशेष छुट उपलब्ध गराउने योजनाअनुसार रिसोर्ट र मेडिकल स्टोरसँग सम्झौता गरेको हो।

सम्झौताअनुसार मुक्तिनाथका भिसा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकले रिसोर्टमा फुड, बेभरेज एन्ड एकोभमा १० प्रतिशत छुट पाउने जनाइएको छ। त्यस्तै, सूर्यविनायक मेडिकल स्टोरका विभिन्न सेवाहरूमा पनि १० प्रतिशतसम्म छुट पाउने बैंकले जनाएको छ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटिएम कार्ड प्रयोग गरी नेपालभरि रहेका भिसा नेटवर्कमा आबद्ध अन्य जुनसुकै बैंकको एटिएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको जनाएको छ।

बेल्जियममा 'नेपाल फेस्टिभल' हुँदै



नयाँ पत्रिका
काठमाडौं, ६ चैत

बेल्जियममा 'नेपाल फेस्टिभल-२०२३' हुने भएको छ। गैरआवासीय नेपाली संघ बेल्जियम शाखाले नेपाली नयाँ वर्ष ०८० को अवसर पारी १५ अप्रिलमा नेपाल फेस्टिभल आयोजना गर्न लागेको हो।

संघको स्थापनादेखि नै प्रत्येक वर्ष आयोजना हुँदै आइरहेको नेपाल फेस्टिभलको मुख्य उद्देश्य युरोपेली बजारमा नेपाली उत्पादन, कला-संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने रहेको मेला संयोजक एवं एनआरएन बेल्जियम शाखा उपाध्यक्ष तीर्थराज धमलाले जानकारी दिए। 'नेपाली खाद्य सामग्रीदेखि हस्तकलाका विभिन्न सामग्रीलाई प्रवासमा आफू बसेको समुदायबीच प्रवर्द्धन गर्ने हो,' उनले भने, 'नेपाल फेस्टिभल आयोजना गर्नुमा नेपाली उत्पादनलाई प्रवासमा आफू बसेको समुदायमा प्रवर्द्धन गर्ने, स्थानीय समुदायमा नेपाली मौलिक खानाको प्रचारप्रचार गर्ने र कला-संस्कृतिको एउटै स्टेजबाट प्रमोसन गर्ने गरी मुख्य तीन उद्देश्य रहेको छ।'

यस्तै, 'नेपाल प्रमोसन'अन्तर्गत नेपालको पर्यटन प्रवर्द्धन गर्नेसमेत उद्देश्य रहेको उनको भनाइ छ। फेस्टिभलमार्फत नेपाली उत्पादनको बजार विस्तारका साथै बिक्री-वितरण पनि गरिनेछ। साथै, दोस्रो-तेस्रो पुस्ताका नेपाली बालबालिकालाई आगामी नेतृत्वका लागि एनआरएनमा सहभागी गराई उनीहरूभित्रको क्षमतालाई हौसला पनि दिने आयोजकले जनाएको छ।

नेपाल फेस्टिभलको सहकार्यमा नेपाली दूतावास बेल्जियम (ब्रसेल्स), स्थानीय लुभेन नगरपालिका र आएआइएफ रहेका छन्। फेस्टिभलमा गायक धीरज राईलगायत अन्य प्रतिभाको प्रस्तुति रहने आयोजकको भनाइ छ।

महासंघको केन्द्रीय सदस्यमा प्रधानको उम्मेदवारी घोषणा

काठमाडौं/ उद्योग वाणिज्य महासंघको आगामी २८ र २९ चैतका लागि निर्धारण गरिएको महाधिवेशनमा पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले केन्द्रीय सदस्यमा उम्मेदवारी घोषणा गरेका छन्। महासंघको गरिमालाई थप उचाइ प्रदान गर्न सक्दो योगदान गर्ने दाबीसहित उनले उम्मेदवारी घोषणा गरेका हुन्।

उनले भने, 'हामी उद्योगी-व्यवसायीको छाता संस्थालाई थप सुदृढ बनाउन पेट्रोलियम क्षेत्रबाट के-कस्तो योगदान गर्न सकिन्छ, म त्यसका लागि तयार भएर केन्द्रीय सदस्यका लागि उम्मेदवारी घोषणा गर्दछु।' प्रधानले वस्तुगत समूहबाट केन्द्रीय सदस्यमा उम्मेदवारी घोषणा गरेका हुन्। यो समूहबाट एक उपाध्यक्ष र १४ जना केन्द्रीय सदस्य निर्वाचित हुने प्रावधान छ। महासंघमा एक सय २३ वस्तुगत संघ आबद्ध छन्। यी वस्तुगत संघका अध्यक्षहरूले मात्र मतदान गर्न पाउने प्रावधान छ। वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी दिन लागेका उमेशलाल श्रेष्ठ समूहबाट प्रधानले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका हुन्।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रिय कार्यालय
चारखाल रोड, डिल्लीबजार, काठमाडौं, फोन नं.: ०१-४४३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np, Web site: www.gurkhasfinance.com.np

सुनचाँदी धितो लिलाम बिक्रीको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मिति : २०७९/१२/०७)

यस वित्तीय संस्थाको शाखा कार्यालय, चौमाला, कैलालीबाट सुन वा सोबाट बनेका गरगहना धितो राखि सुनचाँदी कर्जा शीर्षक अर्न्तगत कर्जा लिनु हुँने तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्नेबारे विभिन्न मितिमा फोन, मौखिक तथा पत्र मार्फत तरताकेता गर्दा समेत कर्जा चूक्ता/भुक्तान गर्न नआउनु भएकोले यो कर्जा चुक्ता/भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आ-आफ्नो कर्जा चुक्ता/भुक्तान गरि धितो सामान निखनी फिर्ता लैजान हुन सूचित गरिएको छ। सो मिति सम्ममा पनि कर्जा चुक्ता नगर्ने ऋणीहरुको धितोमा रहेको सुन वा सोबाट बनेका गरगहना सामान जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा उल्लेखित म्याद समाप्त भएको भोलीपल्ट अर्थात ३६ (छत्तीस) औं दिन (सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) देखि बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित ऐन, कानुन, नियमले दिएको अधिकार प्रयोग गरी सम्बन्धित शाखामा लिलाम विक्री गरिने भएकोले ईच्छुक माहनुभावहरुले उक्त दिन देखि सम्बन्धित शाखामा सम्पर्क राखि लिलाम गरिने सुनका गरगहना (धितो) माल-सामान हेरी जाँची बुझी आफुले सकार गर्न चाहेको मूल्य बोलकबोल गर्नुहुन आब्हान गर्दछौ। डाँक बढाबढमा सबै भन्दा बढी मूल्य कबोल गर्नेले कबोल अंकको १० प्रतिशत रकम धरौटी स्वरूप तुरुन्त जम्मा गर्नु पर्नेछ र कबोल भएको रकममा संस्थाले लिलाम विक्री गर्ने निर्णय गरेमा तुरुन्त बाँकी ९० प्रतिशत रकम जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी रकम स्वतः जफत हुनेछ। डाँक बढाबढ गर्दा अधिकतम रकम बोल्नेलाई उक्त सुनका गरगहना दिने/नदिने सम्पूर्ण अधिकार संस्थामा सूरक्षित रहने छ। डाँक बढाबढबाट प्राप्त रकमले लेना असुल उपर नभएमा सम्बन्धित ऋणीको घर घरानाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं	कर्जा खाता नं.	ऋणीको नाम	ऋणीको ठेगाना
१.	०१३०३७०००८३२३७०००००४	कलक बहादुर सिंह	कैलाली जिल्ला पहलमानपुर गा.वि.स. वडा नं. १
२.	०१३०३७०००६७२११०००००१२	कोकिला बम	कैलाली जिल्ला वलिया गा.वि.स. वडा नं. ९
३.	०१३०३७०००६६३५६०००००७	सिमा तिमिल्सैना	कैलाली जिल्ला बलिया गा.वि.स. वडा नं. ८

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.पा.-३२, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

धितो लिलाम गर्नेबारे २१(एकाइस) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

(पुनःप्रकाशित मिति : २०७९/१२/७ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाको कार्यालय का.म.पा.-३२ तिनकुने, काठमाडौंबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण रकम ऋण लिँदा गरेको शर्त कबुलियत बमोजिम संस्थालाई तिर्नुपर्ने रकम भुक्तानी नगरी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले बक्यौता रकम भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तर-ताकेता गर्नुका साथै ऋण रकम चुक्ता भुक्तानी गर्न आउन भनि मिति २०७९/०९/१२ गतेका दिन ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरेकोमा ऋणी तथा जमानीकर्ताले सोको पुर्ण बेवास्ता गरी ऋण चुक्ता गर्ने तर्फ कुनै पहल नगरेकोले पुनः मिति २०७९/१०/२४ गतेका दिन १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना प्रकाशित गर्दा समेत ऋणी र व्यक्तिगत जमानी सम्पर्कमा नै नआएको हुँदा पुनः यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले २१(एकाइस) दिनभित्र उक्त ऋणको सम्पुर्ण सावाँ, व्याज, हर्जना लगाएतका अन्य दै दस्तुर समेत चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धीत ऋणी, जमानीकर्ता समेतलाई यो सुचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा/ऋण चुक्ता नभएमा ऋणी तथा जमानीकर्ता लगाएत सम्बद्ध सबैलाई संस्थाको आन्तरीक नीति नियम तथा कार्यविधीहरु, सहकारी ऐन,२०७४ नियमावली,२०७५ बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ र प्रचलित अन्य ऐन कानुन बमोजिम ऋणीले ऋण लिँदा सुरक्षण बापत यस संस्थालाई धितो बन्धक लेखी/लेखाई दिएको तपशिलमा उल्लेखित सम्पत्ती जे जस्तो छ सोही अवस्थामा लिलाम विक्री गरिने भएको हुँदा खरिद गरी लिन चाहने व्यक्ति संघ, संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले २१(एकाइस) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ। प्राप्त शिलबन्दी फारमहरु २२औं दिन (सो दिन विदा भएमा सो को भोलिपल्ट) खोलिने भएको हुँदा सो सम्पत्ती खरिद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सुचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धीत ऋणी, जमानीकर्ता, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबस तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती संस्था आफैले सकार गरि लिने वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम सहकारी संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ। उक्त सम्पत्ती लिलाम बिक्री गर्ने वा संस्था आफैले सकारगरी लिँदा उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा सहकारी संस्था आफैले सकार गरि लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउने छैन र उक्त सम्पत्तीबाट संस्थाको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम बाँकी लेना रकम ऋणी र व्यक्तिगत जमानीकर्ताबाट कानुन बमोजिम असुलीका लागि कानुनी कारवाही समेत अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

ऋणीको नाम, ठेगाना	जमानीको नाम, ठेगाना
ऋणीको नाम : विजय विष्ट बाबुको नाम: रामकृष्ण विष्ट बाजेको नाम : कृष्ण बहादुर विष्ट ठेगाना: कीर्तिपुर न.पा.-४, काठमाडौं ना.प्र.नं.: २७१०५८/२३७९३ जारि मिति/जिल्ला : २०६५/०४/२० काठमाडौं	**नाम : सोनी पाखिन विष्ट** ससुराको नाम: रामकृष्ण विष्ट पतिको नाम : विजय विष्ट बाबुको नाम: पुर्ण बहादुर पाखिन ठेगाना: कीर्तिपुर न.पा.-४, काठमाडौं ना.प्र.नं. ३१-०१-७१-०५६४२ काठमाडौं

धितोको विवरण :
कृष्ण बहादुर विष्टको नाती, रामकृष्ण विष्टको छोरा बिजय विष्टको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंमा दर्ता श्रेष्ता कायम भएको काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं.५क कि.नं.३४७को क्षेत्रफल १२७.१६ ब.मी भएको जग्गा र ऐ.ऐ.कि.नं.३४५को क्षेत्रफल १५८.९५ ब.मी. भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

ऋणीको नाम, ठेगाना	जमानीको नाम, ठेगाना
ऋणीको नाम : विजय विष्ट बाबुको नाम: रामकृष्ण विष्ट बाजेको नाम : कृष्ण बहादुर विष्ट ठेगाना: कीर्तिपुर न.पा.-४, काठमाडौं ना.प्र.नं.: २७१०५८/२३७९३ जारि मिति/जिल्ला : २०६५/०४/२० काठमाडौं	**नाम : सिता विष्ट** पतिको नाम: रामकृष्ण विष्ट ससुराको नाम : कृष्ण बहादुर विष्ट बाबुको नाम: ललित बहादुर धिमाल ठेगाना: कीर्तिपुर न.पा.-४, काठमाडौं ना.प्र.नं. ८१७७/२७३३५ जारि मिति/जिल्ला : २०७१/०६/२७ काठमाडौं

धितोको विवरण :
क) कृष्ण बहादुर विष्टको नाती, रामकृष्ण विष्टको छोरा बिजय विष्टको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंमा दर्ता श्रेष्ता कायम भएको काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं.५क कि.नं.४८०को क्षेत्रफल २३०.४८ ब.मी भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
ख) कृष्ण बहादुर विष्टको बुहारी, राम कृष्ण विष्टको पत्नि, ललित बहादुर धिमालको छोरी सिता विष्टको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता कायम भएको काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं.५क कि.नं. ४७९को क्षेत्रफल ५००.७० ब.मी. भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

बोलपत्र सम्बन्धी शर्तहरु:
१. बोलपत्र फारम संस्थाको मुख्य कार्यालय, तीनकुनेबाट रु.५००/-बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।
२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र संस्थाको सम्बन्धीत कार्यालय का.म.पा.-३२, तिनकुने, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले २२औं दिन दिउँसो ३:०० बजे खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट उल्लेखित समय भित्र खोलिने छ।
४. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छ। साथै बोलपत्र फारममा उल्लेखित शर्त तथा बन्देजहरु यसै सुचनाको अभिन्नअंग हुनेछ।

रोजगार बचत तथा ऋण सहकारी संस्था लि.
थापागाउँ, नयाँबानेश्वर काठमाण्डौवाट कर्जा लिएका तपसीलका ऋणीहरूलाई
कर्जा चुक्तागर्ने वारेको ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थावाट कर्जा लिने तपसिलका ऋणीहरुले लिएको कर्जा वापत यस संस्थालाई बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना एवं अन्य दै-दस्तुर आदि समेतको रकम भाखाभित्र नबुझाई कर्जा सम्वन्धि शर्त बन्देजहरुको उल्लंघन गरेको र विभिन्न माध्यमवाट वारम्बार तर ताकेता गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत वेवास्ता गरी ऋण बुझाउन कुनै पहल नगर्नु भएकोले यो सार्वजनिक सुचना प्रकाशित गरिएकोछ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यथाशिघ्र संस्थामा सम्पर्क गरि तिर्नु पर्ने सम्पुर्ण रकम चुक्ताभुक्तान गर्नुहोला। अन्यथा धितोमा रहेको सम्पत्ति लिलाम विक्री गरी संस्थाको लेना असुल उपर गरिनेछ। सो वाट नपुग भएमा प्रचलित कानून बमोजिम कर्जा सुचना केन्द्रमा ऋणीलाई कालोसुचीमा समावेश गरी ऋणीको अन्य चल अचल सम्पत्तिवाट समेत असुल उपर गरिलिइने छ। साथै व्यक्तिगत जमानीमा प्रवाहित कर्जा असुलीकालागि सम्वन्धित ऋणीको घर घरानावाट असुल गरिने र सो वाट असुल नभएमा जमानीदातावाट समेत असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। । प्रथम पटक प्रकाशित मितिः २०७९-१२-०७ गते

ऋणी को तिन पुस्ते, नाम , ठेगाना	धितो /जमानीको विवरण	
शेरबहादुर मगर (ऋणी) बाबु : कृष्ण बहादुर थापा मगर बाजे : इश्वरी बहादुर थापा मगर कालिकादेवी-९, ओखलढुंगा हाल : काठमाडौं-३२, कोटेश्वर ना.प्र.न.: ८/६१४/९८८८/९८० ओखलढुंगा २०५२	**धितो** जग्गा धनी: शेरबहादुर मगर ललितपुर, साबिक लामाटार वडा नं.४ कि.नं. ३२४ क्षेत्रफल ०-३-०-० (९५.३७ व.मि.), जग्गा धनी: संगिता कार्की ललितपुर, साबिक लामाटार वडा नं. ४ कि.नं. २९२० क्षेत्रफल ०-४-१-३ (१४१.०८ व.मि.)	**संगिता कार्की (जमानी दिने)** बाबु : सीताराम कार्की पति: शेरबहादुर मगर ससुरा : कृष्ण बहादुर थापा मगर कालिकादेवी-९, ओखलढुंगा हाल : काठमाडौं-३२, कोटेश्वर ना.प्र.नं.: २८/०१/०६५/००७०७ सि.पा.
प्रकाश रेग्मी (ऋणी) बाबु: लाल गोपाल रेग्मी, बाजे: खिमानन्द रेग्मी साबिक छाइछाइदी-५, धौखोला, स्याङजा हाल: वालिङ न. पा.-२, अस्थाई

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

भएर पनि मन्त्रिपरिषद् विस्तार गर्ने प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल तयार देखिएका छन् । मन्त्रिपरिषद् विस्तारलाई लिएर प्रधानमन्त्री प्रचण्डले संसद् भवनमै कांग्रेस सभापति देउवा र एकीकृत समाजवादीका अध्यक्ष नेपालसँग छलफल गरेका थिए ।

भेटमा मन्त्रिपरिषद् विस्तारलगायतका विषयमा छलफल भएको एक नेताले बताए । 'विश्वासको मत दिने सबै दललाई मिलाएर लानुपर्ने दायित्व शीर्ष नेताहरूलाई छ,' ती नेताले भने, 'अब कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल भएको हो । गठबन्धन दलहरूलाई मिलाएर पाँचै वर्ष सहयात्रा गर्ने गरी अगाडि बढ्नुपर्छ भन्नेमा शीर्ष नेताहरू सहमत हुनुहुन्छ ।' देउवा र नेपालबीच पनि संसद् भवनमै छलफल भएको थियो ।

एमाले, राप्रपा र रास्वपा सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री प्रचण्डले १६ वटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका छन् । प्रधानमन्त्रीले पाँचजना मन्त्रीको भरमा सरकार चलाउँदै आएका छन् । हाल सरकारमा माओवादी र जनमत पार्टी मात्रै छन् । राष्ट्रपति निर्वाचनमा कांग्रेस, एकीकृत समाजवादीसहितको समीकरण बनेपछि एमाले र राप्रपाले सरकार छाडेका हुन् । रास्वपाले भने गृह मन्त्रालय नपाएपछि सरकार छाडेको थियो ।

सरकारमा सहभागी हुने निर्णयसँगै सभापति देउवाले सहभागी हुने पात्र र मन्त्रालयका विषयमा आन्तरिक छलफल तीव्र बनाएका छन् । मापदण्ड तय गरेर मन्त्री बनाउने निर्णय गरेको कांग्रेसले सोहीअनुसार तयारी थालेको हो ।

कांग्रेसले नौ मन्त्रालयमा दाबी गरेको छ । यसअघि एमालेले लिएका मन्त्रालय र अन्य एक मन्त्रालय लिने गरी छलफल भइरहेको कांग्रेस नेताहरूको दाबी छ । कांग्रेसले अर्थ, परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, कृषि तथा पशुपक्षी विकास, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, रक्षा, स्वास्थ्य तथा जनसंख्या र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय पाउने सम्भावना रहेको नेताहरू बताउँछन् । यसबाहेक गृह वा अन्य एक मन्त्रालय कांग्रेसले पाउनुपर्ने आवाज पनि छ ।

आइतबार कांग्रेसले कार्यसम्पादन समिति बैठक राखेर सरकारमा सहभागी हुने र सोमबार विश्वासको मत दिने औपचारिक निर्णय लिएको थियो । प्रधानमन्त्रीले विश्वासको मत लिएसँगै कसलाई सरकारमा पठाउने भन्ने बहस सुरु भएको कांग्रेस नेताहरू बताउँछन् ।

नेता एनपी साउदले सरकारलाई विश्वासको मतपछि बल्ल बाँडफाँटको विषयमा प्रवेश गरेको बताए । 'सरकारले विश्वासको मत पाएको छ । बल्ल हामी बाँडफाँटको विषयमा प्रवेश गरेका छौं । त्यसका लागि केही दिनको समय लाग्छ । सरकारलाई विश्वासको मत दिने दल र गठबन्धनमा छलफल गरेर मन्त्रालयको संख्या टुंगो लगाउँछौं र पार्टीमा छलफल गरेर कसलाई सरकारमा पठाउने भन्ने टुंगोमा पुग्छौं । सम्भवतः मंगलबारबाट छलफल थाल्नेछौं,' उनले नयाँ पत्रिकासँग भने ।

कांग्रेसमा उपप्रधानमन्त्रीका दाबेदार धेरै देखिएपछि आलोचना रोक्न उपप्रधानमन्त्री नराख्ने, तर मन्त्रीको वरीयता कायम गर्ने गरी सरकारमा सहभागी हुने विषयमा छलफल भइरहेको नेताहरू बताउँछन् । नौ मन्त्रालय पाएको अवस्थामा तीन मन्त्रालय पाउनुपर्ने शेखर-गगन समूहको दाबी छ । एक नेता कृष्ण सिटौलालाई र बाँकी मन्त्रालय देउवा समूहले लिने गरी छलफल सुरु भएको छ । कांग्रेसमा सरकारको नेतृत्व र मन्त्री आकांक्षीको संख्या धेरै छ । स्रोतका अनुसार अधिकांश सांसद आकांक्षी देखिएका छन् । आकांक्षी धेरै र सबैलाई समेटेर लैजान समस्या पर्ने भएपछि सभापति देउवाले आफूनिकट नेताहरूसँग छलफल गरिरहेका छन् ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले प्रधानमन्त्रीलाई कार्यसम्पादनमा सजिलो हुने गरी मन्त्रिपरिषद् विस्तारमा माओवादीको चासो रहने बताए । उनका अनुसार माओवादीले अर्थ वा गृहमध्ये एक मन्त्रालय लिने अडान राख्ने भएको छ । 'प्रधानमन्त्रीसँग अर्थ वा गृह मन्त्रालय नहुँदा काम गर्न गाह्रो हुने अनुभव भयो । प्रधानमन्त्रीलाई काम गर्न सजिलो हुने गरी शक्ति बाँडफाँट हुनुपर्छ भन्नेमा छौं,' माओवादीका उपमहासचिवसमेत रहेका गजुरेलले भने ।

सरकारमा जाने-नजाने विषयमा रास्वपामा अनौपचारिक छलफल सुरु भएको छ । औपचारिक निर्णयका लागि मंगलबार बैठक बस्ने सम्भावना रहेको रास्वपाका उपसभापति एवं संसदीय दलका नेता डोलप्रसाद अर्यालले बताए । 'सम्भवतः भोलि छलफल गर्छौं होला,' अर्यालले भने, 'अहिले हामीले विश्वासको मत दिएका छौं । प्रधानमन्त्रीज्यूले संसद्को रोस्ट्रमबाटै यसअघि हामीले ल्याएको नीति तथा कार्यक्रम नै कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । हामी यसअघि पनि सरकारमा काम गर्नका लागि गएका हौं । भोलि पनि काम गर्न सकिन्छ र जनतालाई डेलिभरी दिन सकिन्छ भन्ने विश्वस्त भयो भने सरकारमा जान सक्छौं ।'

प्रचण्ड, देउवा र नेपालबीच प्रधानमन्त्री आलोपालो गर्ने सहमति बनेकाले कांग्रेस र एकीकृत समाजवादी गृह मन्त्रालय छाड्न तयार हुने विश्वास माओवादीको छ ।

गठबन्धन निर्माणमा पार्टीले खेलेको भूमिकाको आधारमा शक्ति बाँडफाँट हुनुपर्ने एकीकृत समाजवादीको माग छ । एकीकृत समाजवादीले गृह, स्वास्थ्यसहित तीन मन्त्रालय दाबी गरेको छ । 'शक्ति बाँडफाँटबारे अब औपचारिक छलफल हुन्छ । कसलाई कुन मन्त्रालय भन्ने हिसाबले छलफल भइसकेको छैन । राष्ट्रिय राजनीतिमा खेलेको भूमिकाको आधारमा प्रभावशाली मन्त्रालयमा हाम्रो दाबी रहन्छ,' उपाध्यक्ष राजेन्द्र पाण्डेले बताए ।

गठबन्धनबाट उपराष्ट्रपति पाएको जसपाले परराष्ट्रसहित तीन मन्त्रालयमा दाबी गरेको छ । तत्कालीन सातदलीय गठबन्धनले जसपालाई वन तथा वातावरण र युवा तथा खेलकुद मन्त्रालय छुट्याएको थियो । त्यसमा असन्तुष्टि जनाएर जसपा सरकारमा गएको थिएन । जसपा नेता प्रदीप यादवले शक्ति बाँडफाँटमा समस्या नहुने बताए । उनले भने, 'पाँचै वर्ष गठबन्धन टिकाएर जानुपर्छ भन्ने छ । नीतिगत रूपमा तयार भइसकेपछि शक्ति बाँडफाँटमा समस्या हुँदैन भन्ने लाग्छ ।'

लोसपाको दाबी एक मन्त्रालयमा छ । एक मन्त्री र एक राज्यमन्त्रीमा दाबी रहेको नेता शरत्सिंह भण्डारीले बताए । लोसपाले ऊर्जा मन्त्रालय दाबी गरेको छ । उनले पनि गठबन्धनमा छलफल हुन बाँकी रहेको बताए । नागरिक उन्मुक्ति पार्टीले माग पूरा भएपछि सरकारमा जाने विषयमा सोच्ने बताएको छ । हालसम्म मन्त्रिपरिषद् विस्तारबारे छलफल भइसकेको छैन । प्रधानमन्त्रीले विश्वासको मत पनि लिइसक्नुभयो । अब गठबन्धनमा मन्त्रिपरिषद् विस्तारबारे छलफल होला ।' जनमोर्चा भने सरकारमा सहभागी नहुने भएको छ । अध्यक्ष चित्रबहादुर केसीले सत्तामा जान नभई संविधान र लोकतन्त्रिक गणतन्त्र जोगाउन गठबन्धनमा आबद्ध भएको बताए ।

विश्वासको मत लिँदा नेताहरूबीच घोचपेच

विश्वासको मतको प्रस्ताव राख्ने क्रममा प्रधानमन्त्री प्रचण्डले राष्ट्रका संकटहरूको सामना गर्न राष्ट्रिय सहमतिमा जोड दिए पनि गठबन्धनको प्रमुख दल एमालेबाट समर्थन नपाएको र दुई महिना नपुग्दै एमाले र राप्रपा सरकारबाट बाहिरिएका कारण विश्वासको मत लिनुपर्ने अवस्था आएको बताएका थिए । राष्ट्रिय सहमतिमा राष्ट्रपति चयनको प्रस्तावपछि सरकारबाट बाहिरिने मन्त्री र पार्टीहरू अहिलेको स्थितिको कारक भएको र यसमा उनीहरूले जवाफ दिनुपर्ने प्रचण्डको भनाइ थियो ।

प्रधानमन्त्रीले आलोचना गरेपछि एमालेले प्रतिवाद मात्रै गरेन, प्रचण्डकै कारण समीकरण फेरिएको र धोका भएको आरोप लगायो । एमाले उपाध्यक्ष विष्णु पौडेलले १० पुसमा किन एमालेसँग सहयात्रा गरेको र अहिले किन सहमति तोडेर नयाँ सहयात्रामा गएको भनेर प्रश्न गरे । यसको जवाफ इतिहासले खोज्ने जिकिर पौडेलले गरेका थिए ।

पुरानो गठबन्धन आपसी सहमतिबाट प्रधानमन्त्री बनाउन असफल भएपछि प्रचण्डले बालकोट आएर एमालेसँग समर्थन मागेको दाबी गर्दै पौडेलले ससर्त समर्थन गरेको बताए । 'यो सहयात्रामा फर्किनुथियो भने पुस १० मा त्यो सहयात्रा किन तय गर्नुभयो ?' उनले सोधे ।

प्रधानमन्त्री प्रचण्डले पौडेललाई काउन्टर गरे, 'तपाईं अर्थमन्त्री हुनुहुन्थ्यो । तपाईं आफैंभित्र हेर्नुस् । किन गठबन्धन बदलियो भन्ने तपाईंलाई पनि थाहा छ । तपाईंले मलाई भन्नुभयो । म भन्छु, तपाईंलाई पनि थाहा छ ।'

प्रधानमन्त्री बनाइदिनुपऱ्यो भनेर खोज्दै आफू बालकोट नगएको प्रचण्डले स्पष्टीकरण दिए । 'एमालेका अध्यक्षज्यू र सबै नेता साथीहरूलाई भन्छु, म खोज्दै गएको होइन । तपाईंहरूले केही समयदेखि बल गर्दै हुनुहुन्थ्यो, आइदिनुपऱ्यो भनेर । म यतै (पुरानै गठबन्धनमा) बल गर्दै थिएँ । अन्तिम समयमा पनि यही गठबन्धन नेचुरल भनेर यतै बल गर्दै थिएँ । त्यसकारण म खोज्दै गएको भन्ने सत्य होइन । तपाईंहरू नै बोलाउँदै आउनुभयो, अनेक गरेर बोलाउनुभयो । कांग्रेसलाई के भन्नुभयो, मलाई के भन्नुभयो, मेरा साथीहरूलाई के भन्नुभयो । बोलाउनु तपाईंहरूले भयो । बाई द वे जानुपर्ने परिस्थिति बन्यो, म गएँ', प्रचण्डले भने, 'मलाई प्रधानमन्त्री बनाएकोमा केपी ओलीजीलाई आभार व्यक्त गरेको छु । मैले तपाईंलाई दुईपटक प्रधानमन्त्री बनाएको थिएँ । तपाईंले मलाई ब्याज दिनुपर्ने थियो । ऋण तिर्नुपर्ने थियो । एउटा तिर्नुभयो, एउटा अझै बाँकी छ । हिसाब राख्नुहोला,' उनले भने ।

प्रचण्डले दुई महिनामै गठबन्धन भत्किनुको कारण पनि खुलाए । 'मेरा लागि शान्ति, संविधान, परिवर्तनको रक्षा मुख्य हो, प्रधानमन्त्री होइन । मलाई पाँच वर्ष नै प्रधानमन्त्री दिने कुरा भएको थाहा पाएको थिएँ । तर, संविधानको रक्षा नै मेरो प्राथमिकता थियो । कांग्रेसबाट पनि पाँचै वर्ष खानुस् भनेर आयो । अहिले पनि ओलीजी लास्टसम्म के चाहियो भन्नुस् भन्दै हुनुहुन्थ्यो । मलाई चाहिएको संविधान, शान्ति, लोकतन्त्र, गणतन्त्र हो, त्यसकारण राष्ट्रिय सहमतिको निम्ति तपाईं तयार हुनुहुन्छ भने हामी ठीकै छौं । होइन भने मेरो सम्भव छैन भनेर भनेको हो । प्रधानमन्त्रीका लागि होइन,' उनले भने, 'यता पनि प्रधानमन्त्री होइन, संविधान, लोकतन्त्र, गणतन्त्र, शान्तिलाई निष्कर्षमा पुऱ्याउने र जनभावनाअनुसार राम्रो काम गर्ने अवसरको खोजी गर्दा त्यहाँ मिलेन । नमिलेको एजेन्डा नै हो । विचार र राजनीतिक मुद्दा नै हो,' उनले भने । ओलीले विश्वासको मत लिने वेला संसद् विघटन सही हो भनेपछि अब यो गठबन्धन अगाडि जाँदैन भन्ने निष्कर्षमा आफू पुगेको प्रचण्डले दाबी गरे ।

छलफलमा कांग्रेस सभापति शेरबहादुर देउवाले संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै मुलुकमा विकास र समृद्धिको कामलाई अघि बढाउन प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको बताए । देश, जनताको पक्षमा र संविधानको रक्षा गर्दै मुलुकको स्थिरता, विकास र शान्तिका लागि सबै दल केन्द्रित हुनुपर्ने उनको भनाइ थियो ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले वैशाखको अर्को हप्तामा फेरि विश्वासको मत लिनुपर्ने अवस्था नआउने बताए । 'यो गठबन्धन आउने पाँच वर्षसम्म टिक्छ, देशलाई राजनीतिक स्थायित्व दिन्छ । मुलुकका सामु देखापरेका चुनौतीको सामना गर्न एकताबद्ध हुन्छ,' उनले भने ।

एउटै...

पृष्ठ १ बाट क्रमशः

फागुनकै चलानी नम्बर १३४० को पत्रसहित प्रमुख प्रशासकीय अधिकृतको रूपमा सुजितकुमार यादव २९ फागुनमा गाउँपालिकामा हाजिर भएपछि विवाद चुलिएको छ । 'एउटा गाउँपालिकामा एउटै मन्त्रालयबाट एकैदिन दुई प्रशासकीय अधिकृतलाई कसरी कामकाज गर्न खटाइयो, गाउँकार्यपालिका आश्चर्यमा परेको छ,' उपाध्यक्ष यादवले भनिन् । १६ फागुनमा हाजिर भएका अधिकृत सिंहलाई उपाध्यक्ष यादव तथा २९ फागुनमा हाजिर भएका यादवलाई अध्यक्ष सन्तोषकुमार महतोले साथ दिएपछि त्यसको मारमा सेवाग्राही परेको स्थानीय बासिन्दा बताउँछन् ।

उपाध्यक्ष यादवले एउटै पदमा दुई प्रमुख प्रशासकीय अधिकृत आउँदा जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही अन्योलमा परेको बताइन् । 'एउटा अधिकृत हाजिर भएको १३ दिनपछि अर्को अधिकृत आएर सुटुक्क हाजिर भएपछि झन् आधिकारिकताको अन्योल बढेको छ,' आफ्नो कार्यकक्षमा पत्रकार सम्मेलन आयोजना गर्दै उनले भनिन्, 'त्यसको निर्क्योल तत्काल सम्बन्धित मन्त्रालयले गरिदिनुपर्छ ।' उनका अनुसार मधेस प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सरुवा गराएर आएका सिंहपछि अर्का अधिकृत पनि आए, तर दैनिक कामकाज प्रभावित हुँदा त्यसको मार सेवाग्राहीले खेप्नुपरेको छ । प्रमुख प्रशासकीय अधिकृतको आधिकारिकताको विवाद भए पनि गाउँपालिकाको वेबसाइटमा भने प्रमुख प्रशासकीय अधिकृतको रूपमा सुजितको नाम र तस्बिर राखिएको छ ।

गाउँ कार्यपालिकाको प्रमुखसमेत रहेका गाउँपालिका अध्यक्ष महतोले भने बहुमतको आडमा उपाध्यक्ष तथा कार्यपालिका सदस्यले यसअघि विवाद भएपछि सरुवा गराएर गएका अधिकृत सिंहलाई ल्याउने विषयमा आफूलाई एकपल्ट पनि नसोधिएको गुनासो गरे । १८ चैत ०७५ मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा हाजिर भएका सिंह २७ भदौ ०७७ मा सरुवा लिएर अन्यत्र गएका थिए । त्यतिवेला उपभोक्ता समितिमार्फत भएका विकास निर्माणसम्बन्धी कामको भुक्तानी रोकेको, गाउँपालिकाको आफ्नै चारपांग्रे गाडी हुँदाहुँदै भाडाको गाडी प्रयोग गरेको, विकास निर्माणसम्बन्धी कामको कमिसन नमिल्नेहरूको फाइल नै गरिदिने गरेको भन्दै सिंहमाथि आरोप लागेपछि अध्यक्षसँग लफडा भएको स्थानीय बताउँछन् ।

'त्यो विवाद भएपछि सरुवा गराएर गएका व्यक्तिलाई पुनः ल्याउँदा गाउँकार्यपालिकाको प्रमुखको हैसियतमा भए पनि एकपल्टसम्म सोधिएन,' महतोले भने, '१४ फागुनकै मितिमा मन्त्रालयको सरुवा चिट्ठी लिएर आएका यादवलाई २९ फागुनमा हाजिर गराएपछि केही योजनाको सम्झौता पनि भइसकेको छ । आधिकारिकताको विवाद नै होइन । सिंहको सरुवा बदर भई पुनः साबिककै ठाउँमा खटाइएको सुनेको छु ।'

जनता समाजवादी पार्टीबाट दोस्रो कार्यकालका लागि निर्वाचित अध्यक्ष महतो गाउँकार्यपालिकामा एक्लो छन् । गाउँकार्यपालिकामा उपाध्यक्ष, वडाध्यक्षसहित कांग्रेसका १०, माओवादी केन्द्रका दुई र जसपाको एकजना मात्र सदस्य छन् । 'बहुमतको आडमा करार सेवाअन्तर्गत रहेका ७२ जना कर्मचारी हटाइयो, कम्तीमा पुराना, अनुभवी कर्मचारीलाई राखेर अन्यलाई हटाऔं भन्दा मानेनन्,' महतोले भने ।

उपराष्ट्रपति यादवद्वारा पदबहाली

काठमाडौं/ उपराष्ट्रपति रामसहायप्रसाद यादवले लैनचौरस्थित कार्यालयमा पदबहाली गरेका छन् । राष्ट्रपति कार्यालय शीतलनिवासमा सोमबार पद तथा गोपनीयताको शपथ लिएलगत्तै उपराष्ट्रपति यादवले उपराष्ट्रपतिको कार्यालय हरितगृह, लैनचौर पुगेर पदबहाली गरेका हुन् । उपराष्ट्रपतिले पदबहाली गरेर औपचारिक रूपमा जिम्मेवारी सम्हालेको उपराष्ट्रपति कार्यालयका सूचना अधिकारी (उपसचिव) प्रवीण पौडेलले बताए । उनका अनुसार पदबहालीपछि उपराष्ट्रपतिलाई कार्यालयको तर्फबाट सचिव टेकनारायण पाण्डेले 'ब्रिफिङ' गरेका थिए । उपराष्ट्रपति यादवले पदबहालीपछि कार्यालय परिसरमा वृक्षरोपणसमेत गरेका थिए । यादव यही ३ चैतमा मुलुकको तेस्रो उपराष्ट्रपति पदमा निर्वाचित भएका थिए । त्यसैबीच उपराष्ट्रपति यादवलाई भारतका उपराष्ट्रपति तथा भारतको राज्यसभाका अध्यक्ष जगदीप धनखरले बधाई तथा शुभकामना दिएका छन् । उपराष्ट्रपति धनखरले सामाजिक सञ्जाल ट्विटरमार्फत नवनिर्वाचित उपराष्ट्रपति यादवलाई बधाई दिएका हुन् ।

मदन भण्डारी...

पृष्ठ १ बाट क्रमशः

भलुवा खोला-बेलडाँगीको २८ किलोमिटर सडक एक अर्ब चार करोडमा ठेक्का लागेको छ । यी दुवै खण्ड २९ असार ०७८ मा ठेक्का सम्झौता भएको यो सडक ३० महिनाभित्र सम्पन्न गर्नुपर्नेछ । तेस्रो खण्ड मेचीडाँगी-शान्तिपुरको दश किलोमिटर सडक ३७ करोड ९५ लाखमा ठेक्का लागेको छ । यो सडक भने सम्झौताको दुई वर्षभित्र सम्पन्न गर्नुपर्नेछ ।

तीनवटै खण्ड श्रेष्ठ-मोतीदान जेभीले ठेक्का लिएको छ । चौथो बेलडाँगीदेखि कमल खोलासम्म भने गत मंसिरमा ठेक्का सम्झौता भएको छ । ३० महिनामा सक्ने गरी देव एन्ड सायर-सक्षम जेभीले ५४ करोड ९७ लाखमा ठेक्का लिएको छ । पूर्वी खण्डको १३१ किलोमिटरमध्ये हाल ९५ किलोमिटरमा काम भइरहेको मदन भण्डारी राजमार्ग योजना कार्यालय दमकका प्रमुख सुवोदकुमार देवकोटाले जानकारी दिए । यो खण्डअन्तर्गत ३७ वटा पुल बन्नेछन् । जसमध्ये ३१ वटा ठेक्का लागेर निर्माण भइसकेको छ । चारवटा पुलको निर्माण सम्पन्न भइसकेको छ भने अरू पुलको ८० प्रतिशत काम सकिएको उनले बताए । बाँकी ६ पुलको भने डिजाइन बनिरहेको योजना कार्यालयले जनाएको छ । जंगल नभएको ठाउँमा द्रुत गतिमा काम भइरहेको भए पनि जंगल भएको ठाउँमा कामले गति लिन नसकेको देवकोटाले बताए । वन विभागसँग समन्वय नै गर्न नसकिएको उनले बताए ।

सवारी हुँदा...

पृष्ठ १ बाट क्रमशः

पनि परामर्श लिएका थियौं । उहाँ कार्यविधि परिमार्जनमा सकारात्मक हुनुहुन्छ । उहाँकै सुझावअनुसार कार्यविधि परिमार्जन भएको छ । मन्त्रिपरिषद् बैठकले पास गरेलगत्तै यो कार्यान्वयनमा आउनेछ,' उनले भने ।

परिमार्जित कार्यविधि गृहसचिवले नेतृत्व गर्ने अति विशिष्ट व्यक्ति सुरक्षा केन्द्रीय निर्देशन समितिमा पेस हुनेछ । समितिमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका आइजिपी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख र नेपाली सेनाको युद्धकार्य महानिर्देशनालयका प्रमुख रहने कानुनी व्यवस्था छ । आवश्यक सुझावपछि कार्यविधि मन्त्रिपरिषद् बैठकमा पेस हुनेछ ।

कार्यविधि अति गोप्य राखिनुपर्ने भएकाले राजपत्रमा प्रकाशित नहुने गृहप्रवक्ता बस्नेतले बताए । 'सामान्यतया मन्त्रिपरिषद्बाट पास भएको कार्यविधि कार्यान्वयनका लागि राजपत्रमा प्रकाशित गर्ने चलन हुन्छ । तर, सुरक्षा कार्यविधि राजपत्रमा प्रकाशित हुँदैन । यो गोप्य राखिनुपर्ने डकुमेन्ट हो । मन्त्रिपरिषद्बाट पास भएलगत्तै यो कार्यान्वयनमा आउनेछ,' उनले भने ।

गृहका अनुसार कार्यविधिमा विशेषगरी विशिष्ट व्यक्तिको राजकीय, औपचारिक र कार्यालयीय सवारीलाई परिमार्जन गरिएको छ । परिमार्जित कार्यविधिअनुसार अब राजकीय, औपचारिक र कार्यलयीय सवारीमा सडक खाली गरिनेछैन । आवागमन अवरुद्ध गरिनेछैन । कारगेडमा मोटरसाइकल र गाडीका लावालस्कर पनि हुनेछैनन् । तर, सवारी हुने रुटमा सुरक्षा व्यवस्था भने कडा बनाइनेछ । सवारी हुने रुटमा देखिनेभन्दा पनि नदेखिने सुरक्षाकर्मी ज्यादा परिचालन हुनेछन् । गृह मन्त्रालयका सूचना अधिकृत दिलकुमार तामाङले विगतकोझैं तामझामपूर्ण सवारी अब नहुने बताए । परिमार्जित कार्यविधिको पहिलो अभ्यासस्वरूप शनिबार राष्ट्रपति पौडेलको सवारी चलाइएको थियो । राष्ट्रपति पौडेल कुमारी घर दर्शनका लागि वसन्तपुर पुगेका थिए । सवारीमा मोटरसाइकलको कारगेड हटाइएको थियो ।

भुल सुधार गरिएको जानकारी बारे ।

मिति २०७९/११/२३ को नयाँ पत्रिकामा प्रकाशित यस बैंकको श्रीमती गिता देवी चौधरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचनामा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सुचना मिति २०७९/०८/०३ मा प्रकाशित गरिएको हुनु पर्नेमा भुलवस अन्यथा हुन गएकोले भुल सुधार गरिएको जानकारी गराउँदछौं ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

Invitation for Bids

Triveni Municipality
Office Of Municipal Executive
Toli, Bajura

Invitation for Bids No: **TM/NCB/WORKS/03/2079-80**

Date of publication: **2079/12/07**

1. Triveni Municipality Toli, Bajura invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Bedupani Kailashmandu danda pandhara gadigaun sadak, Tudegada toli purvuta chhatara chiplekhola samma ko sadak marmat** under National Competitive Bidding procedures.

   The estimated amount for the works is Rs. 4231686.83 with VAT.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Triveni Municipality Office Of Municipal Executive, Toli Bajura*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

3. A complete set of Bidding Documents may be purchased from the office *Triveni Municipality* and the office ***Triveni Municipality Toli, Bajura*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3000.0/-*** till ***[Insert date]***during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : Nepal Bank Limited Toli Branch Bajura
   Name of Office : Triveni Municipality Office Of Municipal Executive Toli, Bajura
   Office Code no. : ……..
   Office Account No. : 26803000004001000001

4. Sealed or electronic bids must be submitted to the office ***Triveni Municipality*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00***on ***2080/01/7***Bids received after this deadline will be rejected.

5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***13 :00 2080/01/07*** at the office of ***Triveni Municipality***. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **110000/-**, which shall be valid for 30 days beyond the validity period of the bid.

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय अत्तरियाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/१२/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय अत्तरियाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. **ऋणीको विवरण:**

१. बासुदेब चौधरीको नाति, सुरेन्द्र प्रसाद चौधरी/द्रोपती चौधरीको छोरा, गिता देवी चौधरीको पति कञ्चनपुर जिल्ला, पुनरबास न.पा. वडा नं. ०२ (साबिक कालीका गा.वि.स. वडा नं. ०५, कञ्चनपुर) बस्ने **संचित चौधरी** (ना.प्र.नं. १५१, जारी मिति २०४८/०१/१३, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. नर बहादुर चौधरीको छोरी, सुरेन्द्र प्रसाद चौधरीको बुहारी, संचित चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, पुनरबास न.पा. वडा नं. ०२ (साबिक कालीका गा.वि.स वडा नं. ०५, कञ्चनपुर) बस्ने **गिता चौधरी** (ना.प्र.नं. ७५३००२/३९७, जारी मिति २०६३/१०/२९, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

२. नटुलाल चौधरीको नाति, जगत बहादुर चौधरी/सिता देवी चौधरीको छोरा, कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ०८ (साबिक अत्तरीया न.पा. वडा नं. ०८) बस्ने **विजय चौधरी** (ना.प्र. नं. ६७१०१८/३७११, जारी मिति २०६७/०७/१७, जिल्ला प्रशासन कार्यालय कैलाली) ।

संस्थागत जमानीकर्ताको विवरण:

१. तनेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग वाणिज्य कार्यालय मुख्य शाखा कार्यालय धनगढी, कैलालीमा मिति २०७४/०७/२० मा दर्ता नं. २४६८२/०७४/७५ कायम भई दर्ता रहेको कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **चौधरी ट्रेड लिंक**का प्रोप्राईटर वासुदेब चौधरीको नाति, सुरेन्द्र प्रसाद चौधरी/द्रोपती चौधरीको छोरा, गिता देवी चौधरीको पति कञ्चनपुर जिल्ला, पुनरबास न.पा. वडा नं.०२ (साबिक कालीका गा.वि.स वडा नं.०५, कञ्चनपुर) बस्ने **संचित चौधरी** (ना.प्र.नं. १५१, जारी मिति २०४८/०१/१३, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

२. **ऋणीको विवरण:**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग वाणिज्य कार्यालय मुख्य शाखा कार्यालय धनगढी, कैलालीमा मिति २०७४/०७/२० मा दर्ता नं. २४६८२/०७४/७५ कायम भई दर्ता रहेको कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **चौधरी ट्रेड लिंक**का प्रोप्राईटर वासुदेब चौधरीको नाति, सुरेन्द्र प्रसाद चौधरी/द्रोपती चौधरीको छोरा, गिता देवी चौधरीको पति कञ्चनपुर जिल्ला, पुनरबास न.पा. वडा नं. ०२ (साबिक कालीका गा.वि.स वडा नं.०५, कञ्चनपुर) बस्ने **संचित चौधरी** (ना.प्र.नं.१५१ जारी मिति २०४८/०१/१३, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. नर बहादुर चौधरीको छोरी, सुरेन्द्र प्रसाद चौधरीको बुहारी, संचित चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, पुनरबास न.पा. वडा नं. ०२ (साबिक कालीका गा.वि.स वडा नं. ०५, कञ्चनपुर) बस्ने **गिता चौधरी** (ना.प्र.नं. ७५३००२/३९७, जारी मिति २०६३/१०/

मंगलबार ७ चैत ०७९
www.nayapatrikadaily.com
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.ह.नि.इ.नं. १७/०६९/७७०
नयाँ पत्रिका

विवादित बन्दै मुख्य प्रशिक्षक अल्बर्टोको नियुक्ति

रमेश सुवेदी / नयाँ पत्रिका

राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टोको नियुक्ति नै विवादास्पद देखिएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)को १७ फागुनमा बसेको कार्यसमिति बैठकले इटालियन नागरिक अल्बर्टोलाई एक वर्षका लागि नेपाली राष्ट्रिय टोलीका मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो। प्रमुख प्रशिक्षक नियुक्त गरेको बैठकलाई ११ कार्यसमितिका बहुमत सदस्यले बहिस्कार गरेका थिए।

एन्फाका उपाध्यक्ष विराटजंग शाहीका अनुसार पदपूर्ति समितिलाई थाहा नदिईकन अध्यक्ष पंकजविक्रम नेम्वाङले अल्बर्टोलाई मुख्य प्रशिक्षक नियुक्त गरेको आरोप लगाएका छन्। शाहीका अनुसार एक सय १५ जनाले मुख्य प्रशिक्षक बन्न निवेदन दिएका थिए। पदपूर्ति समितिले १५ जनाको 'सर्टलिस्ट' निकालेको थियो। तर, अध्यक्ष नेम्वाङले एकलौटी रूपमा पदपूर्ति समितिलाई विनाजानकारी इटालियन नागरिकलाई प्रशिक्षक जिम्मेवारी दिएको आरोप उपाध्यक्ष शाहीले लगाएका छन्।

'१५ जनाको नाममा मैले हस्ताक्षर गरेको छु, तर अन्तिम निर्णय अध्यक्षज्यूले गर्नुभयो कि वरिष्ठ कसैले गरे, मलाई थाहा भएन,' उपाध्यक्ष शाहीले नयाँ पत्रिकासँग भने, 'पदपूर्ति समितिलाई कुनै जानकारी नै छैन, मैले मुख्य प्रशिक्षक अल्बर्टोको नियुक्तिमा हस्ताक्षर नै गरेको छैन।'

उपाध्यक्ष शाही स्वयं पदपूर्ति समितिका संयोजक हुन्। संयोजकलाई समेत एकपटक छलफल नगरी नै मुख्य प्रशिक्षक चयन भएको शाहीले बताए। 'म आफू स्वयं पदपूर्ति समितिको संयोजक हुँ, त्यस नाताले कसैलाई चयन गर्दा मेरो हस्ताक्षर आवश्यक पर्छ, तर मुख्य प्रशिक्षक नियुक्त गर्दा मैले हस्ताक्षर नै गरेको छैन,' शाहीले भने।

गत असारमा पंकजविक्रम नेम्वाङ अध्यक्ष पदमा निर्वाचित भएपछि आफ्नै प्यानलबाट निर्वाचित शाहीलाई पदपूर्ति संयोजकमा सिफारिस गरिएको थियो। केही समयपछि नेम्वाङ र शाहीबीच आन्तरिक विवाद भयो। अहिले एन्फाका यी दुई मुख्य पदाधिकारी दुई फरक कित्तामा छन्। यसको असर प्रशिक्षक नियुक्तिदेखि विभिन्न विषयमा देखिँदै आएको छ।


फाइल तस्बिर

■ पदपूर्ति समितिलाई जानकारी छैन

अध्यक्ष नेम्वाङमाथि विधानविपरीत बैठक गरेको आरोप छ। एन्फाले बैठकको निर्णय सार्वजनिक गर्दा आठौँ बुँदामा राष्ट्रिय टोलीको मुख्य प्रशिक्षकमा इटालियन नागरिक भिन्सेन्जो अल्बर्टोसँगै अन्य विभिन्न पदमा व्यक्ति चयन गरिएको उल्लेख थियो। यी सबै नियुक्ति पदपूर्ति समितिका संयोजक शाहीको सिफारिस र हस्ताक्षरविना गरिएको थियो।

यसैबीच, एन्फाका एक सदस्यले अध्यक्ष नेम्वाङले पछिल्लो समय आफूअनुकूल निर्णय गर्दै आइरहेको आरोप लगाएका छन्। 'अध्यक्षज्यूले पहिलादेखि सबै निर्णय आफूअनुकूल र विधानविपरीत गर्दै आउनुभएको छ, मुख्य प्रशिक्षक नियुक्ति पनि यस्तै हो,' उनले भने, 'सुरुमा पदपूर्ति समितिले सिफारिस गरेपछि कार्यसमितिले नियुक्त गर्नुपर्ने हो। आफ्नो अनुकूल र स्वार्थप्रेरित प्रशिक्षक नियुक्त गरिएपछि यो विवाद आएको हो।'

पदपूर्ति समितिको सिफारिसविना मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टोलाई नियुक्त गरेपछि एन्फामा विवाद बढेको छ। अल्बर्टोको श्रम स्वीकृतिको प्रक्रियासमेत अगाडि बढ्न सकेको छैन।

१५ जनाको सूचीबाट नेपालका पूर्वप्रशिक्षक प्याट्रिक अजम्सलाई मुख्य दाबेदार मानिएको थियो। बेल्जियमका नागरिक प्याट्रिक सन् २०१३ मा नेपालसँग जोडिएका थिए। सन् २०१५-०१६ सम्म उनले नेपाली टोली हेरेका हुन्। '१५ जनामा प्याट्रिक नै बलिया दाबेदार हुन्। अघिल्लो कार्यकालमा उनी सफल भएका थिए। तर, अल्बर्टोको नियुक्ति कसरी भयो, थाहा भएन,' उपाध्यक्ष शाहीले भने।

एन्फाले मुख्य प्रशिक्षकको मासिक तलब तीन हजार अमेरिकी डलर भएको बताएको छ। मुख्य प्रशिक्षकको तलब दक्षिण कोरियाले बेहोर्नेछ। नेपाल रहँदा यातायात, बसोवासदेखि दैनिकी खर्च एन्फाले नै बेहोर्ने बताइएको छ।

■ श्रमस्वीकृति प्रक्रिया नै अगाडि बढेन

एन्फाले अल्बर्टोलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिए पनि श्रमस्वीकृति लिन सकेको छैन। श्रमस्वीकृतिविना नै प्रशिक्षक अल्बर्टोले आइतबारबाट राष्ट्रिय टोलीको प्रशिक्षण सुरु गरेका छन्। 'श्रमस्वीकृति पाउन गाह्रो रहेछ, हामी श्रमस्वीकृति प्रक्रियामा छौं,' एन्फा वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काले भने, 'प्रशिक्षक अल्बर्टोको श्रमस्वीकृति आउँछ, केही दिन ढिला होला।' श्री नेसन्स कप बुधबारदेखि त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुँदै छ। श्रमस्वीकृति नआए पनि एन्फाले अल्बर्टोलाई नेपालको 'टच लाइन'मा उभ्याउने मनसाय राखेको छ। सहिद स्मारक लिगमा चर्च ब्वाइजका मुख्य प्रशिक्षक प्रदीप हुमागाईंले श्रमस्वीकृति नपाउँदा 'टिम अफिसियल'का रूपमा काम गरिरहेका छन्। नेपाललले ८ चैतमा लाओस र १४ चैतमा भुटानको सामना गर्नेछ।

■ राष्ट्रिय टोलीको घोषणा भएन

श्री नेसन्स कप खेल्न भुटान र लाओसका टोली सोमबार नेपाल आए। नेपालले खेल सुरु हुन ४८ घन्टासम्म राष्ट्रिय टोलीको घोषणा गरेको छैन। मुख्य प्रशिक्षक अल्बर्टोले एन्फाको मिडियालाई समेत खेलाडीको नाम उपलब्ध गराएका छैनन्। तर, एन्फाले सम्बन्धित खेलाडी अनुबन्ध भएका क्लबलाई भने जानकारी दिएको छ। क्लबहरूले राष्ट्रिय टोलीमा स्थान बनाएका खेलाडीलाई सोसल मिडियामा बधाई दिएका छन्। एपिएफ, मनाङ मर्स्याङ्दी, खुमलटार युथ र जावलाखेल युथले आफ्ना खेलाडीलाई सोसल मिडियाबाट बधाई दिएका छन्। 'हामीले प्रशिक्षकलाई खेलाडीको नाम सार्वजनिक गर्न अनुरोध गरेका हौं, तर उहाँले गर्नुभएन,' एन्फाका प्रवक्ता सुरेश शाहले भने। श्री नेसन्स कपमा निर्देशक सञ्जीव मिश्रले खेलाडीको नाम समयमै सार्वजनिक गनुपर्ने भए पनि प्रशिक्षक त्यसमा चुकेको बताए।

■ श्री नेसन्स विजेतालाई ५ हजार डलर

फिफा र राष्ट्रिय खेलकुद परिषद् (राखेप)को सहयोगमा आयोजना हुने श्री नेसन्स कपको विजेताले पाँच हजार अमेरिकी डलर प्राप्त गर्नेछ। उपविजेता टोलीले तीन हजार अमेरिकी डलर पाउनेछ। प्रत्येक खेलका प्लेयर अफ दी म्याचले दुई सय ५० अमेरिकी डलर पाउनेछन्। सर्वोत्कृष्ट खेलाडीले पाँच सय अमेरिकी डलर हात पार्नेछन्। पुरस्कार रकम राखेपले उपलब्ध गराउनेछ। यसैगरी, प्रतियागिताका दुई खेल फिफा मितिमा हुने हुँदा ५० हजार अमेरिकी डलर फिफाबाट प्राप्त हुने एन्फाले जनाएको छ। दुई खेलका लागि २५-२५ हजार अमेरिकी डलर एन्फाले फिफाबाट प्राप्त गर्नेछ। यसरी एन्फाले प्रतियोगिता सम्पन्न गर्न एक करोड ७७ लाख ६८ हजार चार सय ८० खर्च हुने बताएको छ।

अञ्जली आइबा विश्व बक्सिङको क्वार्टरफाइनलमा



काठमाडौं / नेपालकी महिला बक्सर अञ्जली टेली भारतमा सञ्चालन भइरहेको आइबा महिला विश्व बक्सिङ च्याम्पियनसिपको क्वार्टरफाइनलमा प्रवेश गरेकी छिन्। अञ्जलीले ५२ केजी तौलसमूहमा हैटीकी खेलाडी क्याटरिन मारिया स्टालिङलाई ५-० अंकले पराजित गर्दै ऐतिहासिक रूपमा क्वार्टरफाइनल स्थान बनाएकी हुन्। नेपाल अब विश्व च्याम्पियनसिपमा पदक भित्र्याउन एक जित मात्र टाढा छ।

> भारतमा सञ्चालन भइरहेको आइबा विश्व बक्सिङ च्याम्पियनसिपमा नेपालकी अञ्जली अन्तिम आठमा प्रवेश गरेकी छिन्

सेमिफाइनल प्रवेश गर्ने हरेक खेलाडीले कम्तीमा कांस्य पदक हात पार्नेछन्। पाँचजना मुख्य जजको अंकका आधारमा पहिलो राउन्डमा अञ्जलीले बाजी मारेकी थिइन्। पहिलो राउन्डमा कमजोर प्रदर्शन गरेकी हैटीकी मारियाले दोस्रो चरणमा उत्कृष्ट पुनरागमन गरेकी थिइन्। उनले दोस्रो चरणमा नेपालकी अञ्जलीलाई सहजै पाखा लगाइन्। त्यसपछि निर्णायक तथा तेस्रो चरणमा अञ्जली मारियामाथि हावी हुँदै खेलमा ५-० को अग्रता लिँदै अन्तिम आठको स्थान पक्का गरिन्।

अब अञ्जलीले २२ मार्चमा बेलारुसकी खेलाडी युलिया अपनासोमिचसँग प्रतिस्पर्धा गर्नेछिन्। अर्को खेलमा युलियाले उज्वेकिस्तानकी खेलाडीलाई स्प्लिट डिसिजनमा पराजित गरेकी थिइन्। यसअघि, नेपालबाट पदकको आशा गरिएकी सुष्मा तामाङ ४८ केजी तौलसमूहमा बुल्गेरियाकी खेलाडीसँग ३-४ अंकको भिनो अन्तरमा पराजित भएकी थिइन्। नेपालकी संगीता सुनार ६० केजी तौलसमूहमा अस्ट्रेलियाकी खेलाडीसँग ४-१ ले पराजित भइन्।

अञ्जलीबाहेक अन्य कुनै पनि नेपाली खेलाडीले विश्व बक्सिङ च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्न सकेनन्। प्रतियोगिताअन्तर्गत ७० केजी तौलसमूहमा नेपालकी सरस्वती राना सर्बियाकी खेलाडीसँग ५-० को फराकिलो अन्तरमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएकी छिन्। मिनु गुरुङ ५४ केजी तौलसमूहमा थाइल्यान्डकी प्रतिद्वन्द्वीबाट पराजित भइन्।

फ्रेन्ड्सले एपिएफलाई हरायो



बुटवल / ललितपुरको फ्रेन्ड्स क्लबले सोमबार विभागीय टोली एपिएफलाई २-१ ले स्तब्ध पार्दै २२ औँ तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। प्रतियोगिताको तेस्रो खेलमा फ्रेन्ड्सले खेलको अन्तिम समयमा मात्र गोल बेहोरेको थियो। यसबाहेक खेलको ९०औँ मिनेटसम्म फ्रेन्ड्सले खेलमा पकड बनाएको थियो। फ्रेन्ड्सलाई अन्तिम चारको स्थानसम्म पुऱ्याउन डोना थापा र विदेशी खेलाडी राफिक आमेनुले समान एक गोल गरेका थिए।

खेलको सुरुदेखि नै फ्रेन्ड्स आक्रामक बनेको थियो। एपिएफले बलियो डिफेन्स रणनीति अपनाउँदा फ्रेन्ड्सले पहिलो हाफमा गोल गर्न सकेन। दोस्रो हाफको सुरुवातमै फ्रेन्ड्सले डोनाको गोलसँगै खेलमा अग्रता लियो। फ्रेन्ड्सले एपिएफविरुद्ध खेलको ४३औँ मिनेटमा २-० को अग्रता लियो। फ्रेन्ड्सका लागि रफिया एमिनुले दोस्रो गोल गरेका थिए।

खेलको अन्तिम इन्जुरी समयमा प्राप्त फ्रिकिकमा एपिएफका वीरेन्द्र यादवले एक गोल फर्काए। प्रतिस्पर्धामा फ्रेन्ड्सका दुई र एपिएफका एक खेलाडीले पहँलो कार्ड पाए। पहिलो हाफको ४३औँ मिनेटमा एपिएफका सुमन श्रेष्ठले पहँलो कार्ड पाए। दोस्रो हाफको ४०औँ मिनेटमा फ्रेन्ड्सका लक्ष्मण रुचालले पनि पहँलो कार्ड पाएका थिए।

नेपाल भारतसँग पराजित

काठमाडौं / साबिक विजेता नेपाल यू-१७ महिला साफ च्याम्पियनसिप फुटबलको उद्घाटन खेलमा भारतसँग ४-१ ले पराजित भएको छ। बंगलादेशको बिएसएस मुस्तफा कमल मैदानमा भारतको जितमा सिल्जी शाहजीले ह्याट्रिक गरेकी थिइन्। नेपालकी वर्षा ओलीले एक गोल फकाइन्। प्रतियोगिताअन्तर्गत दोस्रो खेलमा आयोजक बंगलादेशले भुटानलाई हराएको छ। जितसँगै प्रतियोगितामा भारत र बंगलादेशले तीन अंक जोडेका छन्। नेपाल र भुटानले हारबाट प्रतियोगिता सुरु गरे।

नेपाल, भारत, बंगलादेश, भुटान र निमन्त्रणा गरिएको रसियासहित प्रतियोगितामा पाँच राष्ट्र सहभागी छन्। प्रतियोगिता एकल राउन्ड रोबिनअनुसार चल्नेछ। अंक तालिकाको शीर्ष टोली सीधै च्याम्पियन घोषित हुनेछ। दुईपटकको च्याम्पियन भारत नेपालविरुद्ध सुरुबाटै हावी भयो।

९ चैतदेखि विराट गोल्डकप

विराटनगर / कोसी प्रदेशको चर्चित सातौँ विराट गोल्डकप फुटबल प्रतियोगिता ९ चैतदेखि सुरु हुने भएको छ। विराटनगरस्थित सहिद रंगशालामा आयोजना हुने प्रतियोगिताको फाइनल १७ चैतमा हुने आयोजकले जनाएको छ। विराट गोल्डकप ट्रस्टका अध्यक्ष सन्तोष बानियाँले गोल्डकपमा नेपाल र भारतका गरी आठ टोलीको सहभागिता निश्चित भएको जानकारी दिए। एपिएफ, त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबसँगै संकटा, जावलाखेल र घरेलु विराटनगर सिटी क्लबले पनि प्रतिस्पर्धामा भाग लिनेछन्।

भारतको केरलाबाट लुका सकर क्लब र भुटानको डुक लयुल फुटबल क्लबले गोल्डकपमा भाग लिने आयोजकले जनायो। विजेताले २० लाख १५ हजार र उपविजेताले १० लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

आसिफले जिते एमसिसी अवार्ड

नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर आसिफ शेखले इंग्ल्यान्डका बेन स्टोक्स र जोस बटलरजस्ता विश्व चर्चित क्रिकेटरलाई पछि पार्दै सिएमजे स्पिरिट अफ क्रिकेट अवार्ड जिते

नयाँ पत्रिका
काठमाडौं, ६ चैत

नेपालका विकेटकिपर ब्याट्सम्यान आसिफ शेखले मेरिलेबोन क्रिकेट क्लब (एमसिसी)ले प्रदान गर्ने सिएमजे स्पिरिट अफ क्रिकेट अवार्ड २०२२ जितेका छन्। नेपाली राष्ट्रिय क्रिकेट टोलीका नियमित ओपनर आसिफले इंग्ल्यान्डका बेन स्टोक्स र जोस बटलरजस्ता विश्व चर्चित क्रिकेटरलाई पछि पार्दै सिएमजे स्पिरिट अफ क्रिकेट अवार्ड जितेका हुन्। विश्वकै पुरानोमध्ये एक क्लब एमसिसीले सिएमजे स्पिरिट क्रिकेट अवार्ड सन् २०१३ देखि थालनी गरेको हो।



एमसिसीका पूर्वअध्यक्ष क्रिस्टोफर मार्टिन जेन्किन्सको सम्झनामा सो अवार्ड प्रदान गर्दै आइरहेको छ। यसपटक नेपाली खेलाडीले बाजी मारेको हो। गत वर्षको फागुनमा ओमानमा भएको चार देश सम्मिलित टी-२० अन्तर्राष्ट्रिय सिरिजमा आयरल्यान्डविरुद्धको खेलमा देखाएको खेल भावनाको कदर गर्दै आसिफलाई अवार्ड दिइएको एमसिसीले जनाएको छ। अल अमरेत क्रिकेट मैदानमा आयरल्यान्डका ब्याट्सम्यान एन्डी म्याकबर्नीलाई सहज रूपमा रनआउट पार्न सक्थे। तर, उनले खेल भावना देखाउँदै म्याकबर्नीलाई रनआउट गरेनन्।

■ आयरल्यान्डविरुद्धको १९औँ ओभर

यसै भावनाका कारण नै आसिफले सिएमजे स्पिरिट अवार्ड जित्न सफल भए। गत वर्ष युएईमा भएको खेलमा इनिङ्सको १९औँ ओभरमा कमलसिंह ऐरीले आयरल्यान्डविरुद्ध बलिङ गरेका थिए। त्यसवेला आयरल्यान्ड ११३-८ को अवस्थामा थियो। १९.३ ओभरमा मार्क आदिरले एक रन लिने प्रयास गरे। नन स्ट्राइक एन्डबाट कुदेका म्याकबर्नी कमलसँग अल्झिएर क्रिजमै लडे। मिडविकेटमा गएको बल समात्ने क्रममा कमल र म्याकबर्नी एकआपसमा ठोक्किए।

म्याकबर्नी उठेर क्रिजतर्फ दौडिए। म्याकबर्नीका पार्टनर आदिर भने आधा क्रिज नाघिसकेका थिए। कमलले मिडविकेटबाट विकेटकिपर आसिफलाई बल दिए। आसिफको ग्लोबमा बल आउँदासम्म म्याकबर्नी क्रिजभन्दा धेरै टाढा थिए। उनले चाहेको भए म्याकबर्नीलाई सहजै रनआउट गर्न सक्थे। तर, उनले रनआउट गरेनन्। आसिफको यो खेल भावना घटना विश्वभरि नै चर्चित भएको थियो। विश्वका प्रसिद्ध समाचार एजेन्सी तथा क्रिकेटरले आसिफको प्रशंसा गरेका थिए। विश्व क्रिकेटको आधिकारिक संस्था अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले समेत आफिसको प्रशंसा गरेको थियो। यसअघि नै आइसिसीले आसिफलाई स्पिरिट अफ दी क्रिकेट इयर २०२२ अवार्ड प्रदान गरेको थियो।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
विदुर, नुवाकोट

गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेसी रसुवागढी सडक योजनाको लागि घर टहरा क्षतिपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०७९।१२।०७

गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुवेशी रसुवागढी सडक योजना अन्तर्गत नुवाकोट जिल्ला साविक गेर्खु गाविस भित्र पर्ने Design बमोजिम Road Alignment भित्र रहेका तपसिलका घर/गोठ/टहराहरुको, जग्गा प्राप्ति ऐन २०३४ बमोजिम, क्षतिपुर्ति प्रदान गरिने प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ। सो सूचना प्रकाशित भएको १५ दिन भित्र आ-आफ्नो घर/गोठ/टहराहरु भत्काई तोकिएको क्षतिपुर्ति रकम लिन सुचित गरिन्छ। रकम बुझ्न आउदा हकदैया वा भोकचलन सम्बन्धि निस्सा प्रमाण सहित नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, जग्गा धनी पुर्जाको प्रतिलिपि सहित सम्बन्धित गाउँपालिका/नगरपालिकाको सिफारिस एवं साइट इन्जिनियरको घर भत्काई सकेको सिफारिस समेत संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ। यो सुचनामा उल्लेखित नाम, ठेगाना वा कित्ता नं. फरक परेमा सम्बन्धित घर/गोठ/टहरा धनीहरुबाट प्रमाण पत्याई निवेदन दिन सकिने छ। तोकिएको समय भित्र संरचनाहरु हटाई नलगेमा योजना कार्यालयबाट संरचनाहरु हटाईने र सो बापत लाग्ने रकम क्षतिपुर्तिबाट कट्टा गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

सि. नं.	जग्गाधनी (घरधनी) को नाम	घरधनीको बाबु/पतिको नाम	घरधनीको बाजे/ससुराको नाम	ठेगाना		कित्ता नं.	"घर टहराको जम्मा क्षेत्रफल (वर्ग फिट)"	मुल्याङ्कित रकम	कैफियत
				साविक गा.वि.स.	वडा नं				
१	साईला नगरकोटी	राम बहादुर	कृष्ण बहादुर	गेर्खु	४	११४२	३९९.४१०	६४८,७१४	
२	टेक बहादुर प्याकुरेल	चन्द्र बहादुर	कृष्ण बहादुर	गेर्खु	९	८८२	१७५५.४५०	१,०६७,१७७	
३	गजेन्द्रराज प्याकुरेल	डोलनाथ	मनोरथ	गेर्खु	९	१३१८	१३४७.३३०	१,६५१,२१५	
४	विरमान श्रेष्ठ	नेत्रमान	कृष्णमान	गेर्खु	९	७०८ र ७०९	२२७६.२१०	१,४३५,२६०	
५	मंगलदाश लवट	केशर दाश	कृष्ण बहादुर	गेर्खु	९	२९१	४२०.१९०	३६४,६३६	

नोटः उल्लेखित घर/गोठ/टहराको यस अघि कुनै सरकारी तथा गैह्र सरकारी कार्यालयहरुबाट क्षतिपूर्ति लिएको भए उक्त क्षतिपूर्ति कट्टी गरी बाँकी हुन आएमा क्षतिपूर्ति उपलब्ध गराइनेछ।

Krishnapur Municipality
Office of The Municipal Executive
Gulariya, Kanchanpur
Sudurpaschim Province Nepal

Invitation of Bids (Electronic bid only)

Date of First Publication: - 2079/12/07 (21st March 2023)

1. Krishnapur Municipality, Gulariya Kanchanpur Invite bids from eligible bidders for following works under National Competitive Bidding Procedure.

Contract Identification No.	*Description and Location of Works*	*Estimated Amount NRs. (With VAT)*	*Bid Security Amount (NRs.)*	*Bid Document fee Nrs*	*Bidding Opening date*
11-RBT-2079/080	Construction of Blacktop Road At ward no 1, 2, 3, 4 of Krishnapur Municipality	94,96,380/32	2,40,000/-	3000/-	2080/01/07 time 13:00 PM(20th April,2023)
12-RBT-2079/080	Construction of Blacktop Road At ward no 5, 6, 7, 8, 9 of Krishnapur Municipality	91,79,264/53	2,30,000/-		

2. **Bank Detail: Kumari Bank, Krishnapur Branch, Kanchanpur**
   Internal revenue Account (Aantarik aaya khata): 270024821600007 (For purchasing Bid Document)
   Security Deposit Account (Dharauti Khata): 270024821600004 (For Bid Security Deposit)
3. Municipality reserves all right to accept or reject, wholly or partially any or all the sealed Tender without assigning any reason, whatsoever.Last date of bid submission 2080/01/07,12 PM (20th April 2023)
4. Bidder may download the Complete Bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp.please download bid document for more Detail.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com